**नेपाल सरकार**

**विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय**

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम



# सामाजिक परिचालन निर्देशिका

## २०७०

## विषयवस्तुहरु

निर्देशिकामा प्रयोग भएका शब्दावली र परिभाषा ... 2

अध्याय–१

सामाजिक परिचालनको अवधारणा, आधार र तत्वहरु ... 8

१.१ सामाजिक परिचालनको अवधारणा (Concept of Social Mobilization) ... 8

१.२ सामाजिक परिचालनको ढाँचा (Approaches of Social Mobilization) ... 9

१.३ सामाजिक परिचालनका आधारहरु (Basics of Social Mobilization) ... 9

१.३.१ सहभागिता (Participation) ... 9

१.३.२ पारदर्शीता (Transparency) ... 10

१.३.३ जवाफदेहिता (Accountability) ... 10

१.३.४ उत्तरदायित्व (Responsiveness) ... 10

१.४ सामाजिक परिचालनका तत्वहरु (Elements of Social Mobilization) ... 11

१.४.१ उपभोक्ता संस्थाको विकास (Development of Users Organizations) ... 12

१.४.२ सिप तथा उद्यमशीलता विकास (Skill and Enterpreneurship Development) ... 12

१.४.३ स्रोत परिचालन (Resource Mobilization) ... 12

१.४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality & Social Inclusion) ... 13

१.४.५ प्रविधि प्रवर्द्धन (Technology Promotion) ... 13

१.४.६ जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन (Climate Change and Environment Management) ... 14

१.५ सामाजिक परिचाल निर्देशिकाको उद्देश्य (Objective of Social Mobilization Guideline) ... 14

१.६ सामाजिक परिचालन निर्देशिकाको संरचना (Structure of Social Mobilization Guideline) ... 14

अध्याय–२

सामीजक परिचालन प्रक्रिया र चरणहरु ... 15

२.१ सामाजिक परिचालन प्रक्रिया (Process of Social Mibilization) ... 15

२.२ सामाजिक परिचालनका चरणहरु (Steps of Social Mobilization) ... 16

२.२.१ सूचना प्रवाह तथा सचेतना अभिबृद्धि (Information Dissemination & Awareness Raising) ... 17

२.२.२ सामाजिक विश्लेषण (Social Assessment) ... 17

२.२.३ उपभोक्ता संस्थाको विकास (Development of Users Organizations) ... 18

२.२.४ उपभोक्ताको क्षमता अभिबृद्धि (Capacity Buildingof Beneficiaries) ... 19

२.२.५ सामुदायिक कार्य योजना निर्माण (Preparation of Community Action Plan) ... 22

२.२.६ व्यवसायिक योजना निर्माण (Development of Business Plan) ... 22

२.२.७ स्रोत संकलन, वितरण तथा परिचालन (Collection, Distribution and Mobilization of Resources) ... 22

२.२.८ आयोजना निर्माण तथा व्यवसाय संचालन (Implementation of Project and Enterprises) ... 23

२.२.९ सार्वजनिक समिक्षा (Public Review) ... 24

२.२.१० दिगोपना तथा आन्तरिकिकरण (Sustainability and Internalization) ... 25

अध्याय–३

नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा सामाजिक परिचालन ... 27

३.१ सामुदायिक विद्युतीकरण आयोजना (Community Electrification Project) ... 27

३.२ ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी आयोजना (Rural Community Solar Drinking Water Project) ... 40

३.३ सामुदायिक बायोग्यास प्लान्ट (Community Biogas Plant) ... 51

३.४ उत्पादनमुलक ऊर्जा प्रयोग (Productive Energy Uses) ... 57

# निर्देशिकामा प्रयोग भएका शब्दावली र परिभाषा

१. **समुदायिक संस्था** भन्नाले समुदायमा एक आपसमा नजिकै बस्ने तथा समान प्रकारका रुची र आवश्यकता भएका व्यक्तिहरु आफैंबाट गठित बहुउद्देश्यीय तथा स्वशासित संस्थालाई जनाउँदछ ।

२. **उपभोक्ता समिति** भन्नाले नवीकरणीय ऊर्जा प्रविधिबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको आम भेलाले उक्त आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समितिलाई जनाउँछ ।

३. **उप-समिति** भन्नाले उपभोक्ता समितिको आफ्नो कार्य प्रकृति र आवश्यकता अनुसार विभिन्न कार्य सम्पादन गर्न गठित उपभोक्ता समिति अन्तर्गतका सहायक समितिलाई जनाउँदछ ।

४. **सहकारी संस्था** भन्नाले सदस्यहरुको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमका माध्यमबाट आफ्ना साझा आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षाको अभिप्राप्तीका लागि स्वेच्छाले एकतावद्ध व्यक्तिहरुले सहकारी ऐन अनुसार गठन गरी दर्ता कायम भएको अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थालाई जनाउँछ । यस्ता सहकारी संस्थाहरुमा लघु जलविद्युत सहकारी, सामुदायिक विद्युतिकरण सहकारी, उद्यम विकास सहकारी, नवीकरणीय ऊर्जा सहकारी, बचत तथा ऋण सहकारी वा वहुउद्देश्यीय सहकारी संस्थाहरु पर्दछन् ।

५. **उद्योग** भन्नाले प्रचलित कानुन बामेजिम नेपाल सरकारको तोकिएको निकायमा दर्ता कायम भएको उद्योगलाई जनाउँदछ ।

६. **व्यवसाय** भन्नाले लघु जलविद्युत आयोजनाको विद्युत शक्ति वा अन्य नवीकरणीय ऊर्जा प्रविधिको उपयोग गरी संचालित उत्पादनमुलक साना तथा मझौला व्यवसायलाई जनाउँदछ ।

७. **आय आर्जन गतिविधि** भन्नाले समुदायिक संस्था, उपभोक्ता समिति, सहकारी, अन्य समुह वा उक्त संस्थाहरुमा आबद्ध सदस्यहरुद्वारा संचालित आर्थिक उपार्जनमा टेवा दिने स-साना आय-आर्जनका कृयाकलापलाई जनाउँदछ ।

८. **आम भेला** भन्नाले नवीकरणीय ऊर्जा प्रविधि/प्रणाली वा आयोजनाले समेट्ने घरधुरीहरुमध्ये सबै वा अधिकतम घरधुरीहरुबाट प्रतिनिधित्व गर्ने उपभोक्ताहरुको सामुहिक बैठकलाई बुझ्नुपर्दछ । यस्तो भेला साझेदारी पत्र बारे छलफल र सहमति गर्न, सार्वजानिक सुनुवाइ गर्न, उपभोक्ता समितिले विशेष निर्णय लिनुपर्ने भएमा वा आवश्यकता अनुसार अन्य प्रयोजनको लागि आयोजना गरिन्छ ।

९. **सामुदायिक कार्य योजना** भन्नाले उपभोक्ता समिति, व्यवस्थापन समिति, सहकारी वा अन्य संस्थाहरुले यस निर्देशिका तथा कार्यक्रमले तोकेबमोजिम सामुदायिक विद्युतीकरण, ग्रामीण सामुदायिक सौर्य खानेपानी आयोजना, सामुदायिक बायोग्याँस र अन्य समग्र विकासका लागि तयार गरेको आवधिक, मासिक, बार्षिक वा विषयगत वा यस्तै प्रकारका अन्य योजनालाई बुझाउँछ ।

१०. **व्यवसायिक योजना** भन्नाले स्थानीय स्रोतको उपलब्धता र बजार मागको आधारमा उपयुक्त उद्योग वा लघु उद्यम व्यवसायले स्थानीय अर्थतन्त्रमा दिने सहयोग, पूँजी र लागत सहित वित्तिय विश्लेषण तथा लागत र बिक्री मूल्यको आधारमा मुनाफाको लेखाजोखा गरी तयार पारिएको योजनालाई जनाउँदछ । व्यवसाय शुरु गर्नु अगावै यस्तो योजना बनाउँदा उद्यमीलाई आफ्नो व्यवसाय दिगो रुपमा संचालन गर्न सहयोग पुग्दछ ।

११. **क्षेत्रीय** सेवा **केन्द्र** भन्नाले विभिन्न जिल्लाहरु समेटन्ने गरी क्षेत्रीय स्तरमा ग्रामीण तथा नवीकरणीय ऊर्जा सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले छनौट गरेका गैह्र सरकारी संस्था, सहकारी संस्था वा निजी कम्पनीलाई सम्झनु पर्दछ ।

१२. **अनुदान** भन्नाले नेपाल सरकार, विकास साझेदार तथा अन्य निकायबाट नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तारको लागि विद्यमान नवीकरणीय ऊर्जा अनुदान व्यवस्था अन्तर्गत प्राप्त हुने नगद वा वस्तुगत वा प्राविधिक

सहयोग हो । यसले परिप्रयोग अनुदान तथा थप आर्थिक सहयोग र अन्य विशेष कार्यक्रमको लागि प्राप्त हुने अनुदान समेतलाई जनाउँदछ ।

१३. **सार्वजनिक सुनुवाइ** भन्नाले लघु जलविद्युत, ग्रामीण सामुदायिक सौर्य खानेपानी, बायोग्याँस तथा नवीकरणीय ऊर्जाका अन्य प्रविधिको विकास र विस्तारमा भएको/हुने लगानी र जिम्मेवारीको सरोकारवालाहरुले गर्ने लेखाजोखा हो । सार्वजानिक सुनुवाइ सामाजिक परिचालनका प्रत्येक चरणमा कम्तीमा एक एक पटक र आवश्यकता अनुसार जुनसुकै बेला गर्न सकिन्छ ।

१४. **आयोजना** भन्नाले राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमको प्राविधिक तथा अनुदान सहयोगमा निर्माण हुने वा निर्माण सम्पन्न लघु तथा साना जलविद्युत आयोजना र सौर्य विद्युत खानपानी आयोजनालाई बुझाउँदछ ।

१५. **लघु उद्यम विकास कोष** भन्नाले लघु उद्यम विकासको लागि स्थापना गरिएको कोषलाई सम्झनु पर्दछ ।

१६. **शाखा/इकाई** भन्नाले जिल्ला विकास समिति अर्न्तगत रहेको ऊर्जा तथा वातावरण शाखा/इकाईलाई सम्झनुपर्दछ ।

१७. **ऋण कोष** भन्नाले बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र यस अन्तर्गतका कार्यक्रमहरु वा अन्य साझेदारहरुको सहयोगमा लघु जलविद्युत आयोजनालाई कर्जा उपलब्ध गराउन तोकिएको बैंकमा स्थापना गरिएको लघु जलविद्युत ऋण कोषलाई बुझाउँछ ।

१८. **रिफ्लेक्ट** विधि भन्नाले पाउलो फ्रेरेले प्रतिपादन गरेको शिक्षा र वयस्क सिकाईको सिद्धान्त र रोवर्ट च्याम्वरले विकास गरेको सहभागितामूलक ग्रामीण लेखाजोखाका विधिहरुको समिश्रण हो । निर्देशिकामा यस विधिलाई बिपन्न, गरिव, महिला तथा उपेक्षित वर्गको सशक्तिकरण गर्ने एक विधिको रुपमा प्रयोग गरिएको छ ।

१९. **सामुदायिक उद्योग** भन्नाले सात वा सो भन्दा बढी व्यक्तिहरु मिलेर संचालन गरिएको व्यवसाय तथा उद्योगलाई जनाउँदछ । यसले विभिन्न सहकारी संस्थाहरु, साझा सुविधा केन्द्रहरु तथा विभिन्न स्थानीय समुहहरु आवद्ध भएर संचालन गरिएका उद्योग व्यवसायहरुलाई जनाउँदछ ।

२०. **व्यवसाय विकास सेवा प्रदायक** भन्नाले व्यवसाय तथा उद्योग संचालन तथा स्तरोन्नतिका लागि चाहिने विभिन्न सेवाहरु व्यवसायिक रुपमा प्रदान गर्ने सेवा प्रदायकलाई जनाउँछ ।

२१. **प्राविधिक सेवा प्रदायक** भन्नाले बायोग्याँस कार्यक्रमको कार्यान्वयनमा प्राविधिक सहयोग उपलब्ध गराउन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले छनौट गरेका गैर सरकारी, सहकारी वा निजी क्षेत्रको संस्थालाई जनाँउछ ।

**२२. लक्षित बर्ग भन्नाले नवीकरणीय ऊर्जा नीतिले पहिचान गरेका जातजातिहरु हुन् । ती यस प्रकारका छन्:**

**क. पिछडिएका वर्गहरु (DAG)**

**आदिवासी जनजाति :**

| | | | |
|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिया | ४. कुशुण्डा |
| ५. गनगाई | ६. गुरुङ | ७. चेपाङ | ८. छन्त्याल |
| ९. छैरोतन | १०. जिरेल | ११. झाँगड | १२. डोल्पो |
| १३. ताङवे | १४. ताजपुरीया | १५. तीन गाउले | १६. ताप्केगोला |
| १७. थकाली | १८. थामी | १९. थारु | २०. थुदाम |
| २१. दनुवार | २२. दराई | २३. दुरा | २४. धानुक |
| २५. धिमाल | २६. नेवार | २७. पहारी | २८. फ्री |
| २९. वनकरीया | ३०. बरामे | ३१. बाह्रगाउले | ३२. बोटे |

| | | | |
|---|---|---|---|
| ३३. भूजेल | ३४. भोटे | ३५. मगर | ३६. माझी |
| ३७. मार्फाली /थकाली | ३८.मुगाली | ३९. मेचे (वोडो) | ४०. याक्खा |
| ४१. राई | ४२. राउटे | ४३. राजवंशी (कोच) | ४४. राझी |
| ४५. लार्के | ४६. लिम्बु | ४७. लेप्चा | ४८. ल्होपा |
| ४९. ल्होमी (शिङशावा) | ५०. वालुङ | ५१. व्यासी | ५२. शेर्पा |
| ५३. सतार र(सन्थाल) | ५४. सियार | ५५. सुनुवार | ५६. सुरेल |
| ५७. हायु | ५८. ह्योलमो | ५९. तमाङ | |

**दलित :**

**पहाडे मूल**

१. गन्धर्व (गाइने)

२. परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के)

३. बादी

४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)

५. सार्की (मिजार, चर्मकार, भूल)

**मधेशी मूल**

| | | |
|---|---|---|
| १. कलर | २. ककैहिया | ३. कोरी |
| ४. खटिक | ५. खत्वे (मण्डल, खङ्ग) | ६ .चमार (राम, मोची, हरिजन, रविदास) |
| ७. चिडिमार | ८. डोम (मरिक) | ९. तत्मा (ताँती, दास) |
| १०. दुसाध (पासवान, हजरा) | ११. धोवी (रजक) हिन्दू | १२. पत्थरकट्टा |
| १३. पासी | १४. बाँतर | १५. मुसहर |
| १६. मेस्तर (हलखोर) | १७. सरभङ्ग (सरवरिया) | |

**अपाङ्गता भएका ब्यक्तिहरु :**

नेपाल सरकारको नीति अनु शारीरिक रुपमा असक्त व्यक्तिको कार्ड पाएका व्यक्तिहरु ।

**पिछडा वर्ग :**

कुशवाह, कुर्मी, कुम्हार, कहार, केवट, कानु, कमार, कलवार, तेली, नुनिया, बनिया, भेडिहर, माली, मल्लाह, मुशलमान, बरैई, यादव, राजभर, राजधोव, रौनियार, सैनी, हलुवाई, लोध, सुडी, हजाम, अमात, केवरत आदि ।

**ख) गरीव (सहकारी तथा गरिवी निवारण मन्त्रालयको परिभाषा)**

आफ्नो सगोल परिवारका सदस्यहरुको आम्दानीबाट

- ३ महिना सम्म खान पुग्ने - अति गरीव,
- ६ महिना सम्म खान पुग्ने - गरीव,
  नोटः गा.वि.स वा जि.वि.स ले प्रमाणित गरेको हुनुपर्ने ।

### ग) एकल महिला

नेपाल सरकारको नियम अनुसार एकल महिला प्रमाणित गरेका जस्तै विधुवा, पतिले छोडेको, ३५ वर्ष भन्दा माथिको अविवाहिता ।

### घ) विपत्ति पीडित

CDO कार्यालयले प्रमाणित गरेको, विपत्तिमा परेका सहयोगको अपेक्षा गरेका वर्गलाई जनाँउदछ ।

### ङ) द्वन्द प्रभावित

CDO कार्यालयले प्रमाणित गरेको द्वन्द्वबाट प्रभावित वर्गलाई जनाउँदछ ।

### च) लोपोन्मुख समुह

कुसुण्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया ।

### सामाजिक परिचालन निर्देशिकाको संरचना (Structure of Social Mobilization Guideline)

यस सामाजिक परिचालन निर्देशिकालाई दुई खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा सामाजिक परिचालनको अवधारणा र चरणहरुलाई क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ । यस खण्डको पहिलो अध्यायमा सामाजिक परिचालनको अवधारणा, आधार र तत्वहरुको विश्लेषण गरिएको छ भने दोस्रो अध्यायमा सामाजिक परिचालनका चरणहरु उल्लेख गरिएको

छ। त्यसैगरी तेस्रो अध्यायमा नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा सामाजिक परिचालन प्रक्रियालाई कसरी लागु गर्ने भन्ने बारे विश्लेषण गरिएको छ। तेश्रो अध्यायको पहिलो खण्डले समेटेका मुख्य प्रविधिहरुमा सामुदायिक विद्युतीकरण आयोजना, ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी आयोजना, सामुदायिक बायोग्याँस र नवीकरणीय ऊर्जाको उत्पादनमूलक प्रयोग छन् । त्यसैगरी दोस्रो खण्डमा नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनको लागि सामाजिक परिचालन प्रक्रिया अवलम्बन गर्दा प्रयोग हुने विभिन्न कागजातहरु तथा फर्म फरम्याटहरुलाई अनुसूचीको रुपमा समावेश गरिएको छ।

## अध्याय–१

# सामाजिक परिचालनको अवधारणा, आधार र तत्वहरु
# (Concept, Basics & Elements of Social Mobilization)

## १.१ सामाजिक परिचालनको अवधारणा (Concept of Social Mobilization)

सामाजिक परिचालनलाई सामान्य अर्थमा समाज वा समुदायलाई परिचालन गर्ने एक प्रक्रियाको रुपमा बुझ्न सकिन्छ। यसले शसक्तिकरण र समानतामा जोड दिन्छ र सामाजिक रुपान्तरणतर्फ परिचालित गतिबिधी संचालनमा महत्व राख्दछ। यो सचेतना अभिवृद्धि तथा शसक्तिकरण गर्ने एक वहुआयामिक सहभागितामूलक प्रक्रिया हो जसले समाजमा पछाडि पारिएका तथा विपन्न वर्गको अधिकार, आवाज र विकल्पहरु उजागर गर्न मद्धत गर्दछ। सामाजिक परिचालन जिवनस्तर सुधार तथा गरिबी न्यूनिकरण लक्ष्यलाई सम्बोधन गर्ने सहभागितामूलक प्रयासहरुको एक आधारभुत अंग हो। यसले स्वःस्फुर्त रुपमा समुदाय र उपभोक्तालाई कार्यक्रमको योजना निर्माण, कार्यान्वयन र लाभको न्यायोचित बाँडफाडमा संलग्न गराउँदछ। सामाजिक परिचालन योजनावद्ध कार्यहरुको एक समष्टिगत प्रक्रिया हो। यसले समाजका सवै तहहरुमा पहुँच वृद्धि गर्न, प्रभाव पार्न र सबैको समानतामूलक सहभागिता सुनिश्चित गर्न सहयोग गर्दछ। सामाजिक परिचालनले सकारात्मक व्यबहार र सामाजिक रुपान्तरणको लागि उपयुक्त वातावरण तयार गर्न समेत मार्ग प्रदान गर्दछ। नेपालमा सामाजिक परिचालन आधुनिक नेपालको निर्माण अघिदेखि नै हुँदै आएको पाईन्छ। नेपालको ऐतिहासिक पृष्ठभूमीलाई हेर्दा सामाजिक परिचालन केही निश्चित उद्देश्यलाई परिपुर्ति गर्न शुरुवात भएको देखिन्छ। उदाहरणको लागि किसानहरु आफ्नो खेतीपाती शुरु गर्नुपूर्व सामूहिक रुपमा कुलो सफा गर्ने गर्दछन्। सार्वजनिक चौतारो निर्माण गर्दछन्। चाडवाड पूर्व आफ्नो गाउँटोलको सरसफाई गर्दछन्।

समाजबाट गरिवी न्यूनिकरण गरी जनजिवनमा सुधार ल्याउने अवधारणा स्वरुप नेपालमा सामाजिक परिचालनको शुरुवात भएको हो। विक्रम सम्बत् २०३२ सालमा कृषि विकास बैंकले शुरु गरेको साना किसान विकास कार्यक्रम र २०३९ सालमा स्थानीय विकास मन्त्रालयले शुरु गरेको ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रमलाई नेपालमा सामाजिक परिचालनको औपचारिक शुरुवातको रुपमा लिन सकिन्छ। वि.सं. २०४६ को जनआन्दोलन पश्चात् समाजलाई सशक्तिकरण गर्ने प्रकृयाको रुपमा सामाजिक परिचालनका विभिन्न प्रयासहरुले सरकारी तथा गैर सरकारी दुवै तवरबाट गति लिएको देखिन्छ। आ-आफ्नो कार्यक्रमको प्रकृति र उद्देश्य अनुसार सामाजिक परिचालनका यी प्रयासहरु पनि भिन्न भिन्न रुपमा संचालित छन्। यद्यपी सामाजिक परिचालनका हालसम्मका पहलहरुलाई केलाउँदा विगतका आधारहरुलाई निम्नानुसार तीन किसिमले वर्गीकरण गर्न सकिन्छ।

(१) **लक्षित वर्गमुखी सामाजिक परिचालन (Targeted Social Mobilization)**
महिला, विपन्न, उपेक्षित वर्ग, वालवालिका, अल्पसंख्यक आदिलाई लक्षित गरिएको सामाजिक परिचालन अवधारणा।

(२) **विषयगत तथा समग्रतामुखी सामाजिक परिचालन (Sectoral and Broad Based Social Mobilization)**
तोकिएको निश्चित भौगोलिक क्षेत्रका सबै घरधुरी/परिवारलाई विना भेदभाव कार्यक्रममा समेट्ने र पिछडिएका वर्गलाई प्राथमिकता दिने गरी संचालित सामाजिक परिचालन अवधारणा।

(३) **रुपान्तरणमुखी सामाजिक परिचालन (Transformational Social Mobilization)**
नागरिक/उपभोक्ताको लागी उपलब्ध हुने श्रोत साधनका सम्वन्धा आफ्नो हक, अधिकार, काम, कर्तव्य, भूमिका र जिम्मेवारी बोध गर्न र उनीहरुका आवाज बुलन्द गराई निर्णय प्रकृया, कार्यविधि तथा नितिमा पहुँच पुऱ्याउन शसक्तिकरण गर्ने गरी संचालित सामाजिक परिचालन अवधारणा।

वर्तमान सन्दर्भमा सामाजिक परिचालन अधिकांश विकास कार्यक्रमको अभिन्न अंगको रुपमा स्थापित भैसकेको छ। यसलाई राष्ट्रिय गरिवी निवारण लक्ष्यका लागि योगदान गर्ने साधनको रुपमा दशौं पञ्चवर्षिय योजना तथा यसपछिका तीनवर्षिय अन्तरिम योजनाहरुमा मान्यता प्रदान गरिएको छ। राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रममा सामाजिक

परिचालन सामाजिक रुपान्तरणको प्रक्रिया मार्फत् नवीकरणीय ऊर्जा प्रविधिको पहुँचमा बृद्धि तथा उत्पादित ऊर्जाको उत्पादनमूलक प्रयोगबाट जनजिवनमा सुधार ल्याउनको लागि आत्मसात गरिएको छ ।

## १.२ सामाजिक परिचालनको ढाँचा (Approaches of Social Mobilization)

परम्परागत रुपमा सामाजिक परिचालन समुदायमा आधारित सामाजिक संगठन (Community Based Organization) को रुपमा समुदायलाई एकवद्ध गर्ने र ती संगठनलाई सहयोग गर्ने प्रकृयाको रुपमा प्रयोग हुँदै आएको छ । यस्ता समूहहरुले आर्थिक तथा मानव स्रोत परिचालन गरी आफ्ना सदस्यहरुको लागि आवश्यक सेवा प्रदान गर्दछन् भन्ने मान्यता छ । यस किसिमको सामाजिक परिचालनलाई मूलत कारोबारीय (Transactional) प्रणाली भनिन्छ । यो प्रणाली जीवनस्तर सुधारमा सामान्यतया सफल भए पनि आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले वञ्चितिकरणमा परेका समुदायलाई यसले सधैं लाभ दिन सक्दैन । किनभने सामूहिक क्रियाकलाप र लाभको वाँडफाँडमा उनीहरुको निर्दिष्ट संलग्नतालाई वाधा अवरोध पुऱ्याउने तत्वहरु कहिलेकाहीं सम्बोधन गरिएका हुँदैनन् ।


लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् हाल नेपाल सरकारले शक्ति संरचनालाई रुपान्तरण गर्ने र विपन्न, महिला, दलित, मधेशी, जनजाती तथा अन्य अल्पसंख्यक वन्चित समूहहरुलाई सवै विकास प्रकृयाको मूलप्रवाहीकरणमा ल्याउने निति अवलम्वन गरेबाट सामाजिक परिचालनको परिमार्जित प्रणालीको आवश्यकता देखिएको छ । यसका लागि समुदायका सदस्यहरुको प्राथमिकता अनुसार राज्यको नितिमा प्रभाव पार्न वा विचार राख्न र आफूप्रति सेवा प्रदायकलाई जवाफदेही तुल्याउन उनीहरुको शसक्तिकरण गर्ने सामाजिक परिचालन प्रणाली आवश्यक हुन्छ । यसलाई रुपान्तरणीय (Transformational) प्रणाली भनिन्छ । हाम्रो भू-वनोट र सामाजिक-आर्थिक-सांस्कृतिक वहुलताका हिसावले कारोबारीय तथा रुपान्तरणीय प्रणालीको संयोजन पनि सफलतापूर्वक विकास हुँदै गएको छ ।

## १.३ सामाजिक परिचालनका आधारहरु (Basics of Social Mobilization)

सामाजिक परिचालन समाज विज्ञानको एक महत्वपूर्ण पाटो हो । यसलाई आत्मसात गर्न समाजमा अर्न्तनिहित बिभिन्न पक्षहरुको गहिरो अध्ययन हुन जरुरी हुन्छ । समाजमा रहेका बिभिन्न व्यक्तिहरुको सचेतना अभिबृद्धि तथा क्षमता विकास गरी दिगो रुपमा कुनै पनि विकास निर्माणका कार्यहरु संचालन गर्न समाजिक परिचालनले विभिन्न आधारहरुको निर्माण गरेको पाईन्छ । यसै तथ्यको आधारमा नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा सामाजिक परिचालनका निम्न चार आधारहरुलाई मुख्य रुपमा जोड दिइएको छ ।

### १.३.१ सहभागिता (Participation)

कुनैपनि विकास निर्माण कार्यको लागि समुदायका व्यक्तिहरुको सहभागिता उल्लेखनीय हुन्छ । समुदायमा आयोजना निर्माण, त्यसको विकास र दिगोपना कायम राख्न कार्य क्षेत्रभित्र रहेका सम्पूर्ण उपभोक्ताहरुलाई अपनत्व बोध गराउन सहभागिता अनिवार्य हुन्छ । ग्रामीण समुदायमा वस्ने स्वच्छ ऊर्जा प्रविधिको प्रयोगबाट वञ्चित महिला तथा पुरुषहरु सबै समान अधिकार र हकका हिस्सेदार हुन् भन्ने कुरालाई हृदयंगम गरी कार्यक्रममा प्रत्येक घर परिवार, महिला तथा पुरुषको सहभागिता खोजिएको छ । सामुदायिक विकास प्रयासका हरेक निर्णय प्रक्रिया जस्तै परिकल्पना, योजना तर्जुमा, कार्यान्वयन, संचालन आदिमा उपभोक्ताको सक्रिय सहभागिता आवश्यक हुन्छ । उपभोक्ता समितिको नियमित बैठक, आम भेला, सार्वजनिक सुनुवाइ जस्ता नियमित प्रावधानहरुले प्रत्यक्ष लाभान्वित समुदायको सहभागिता बृद्धि गर्न सहयोग पुऱ्याउँछ । सहभागिता भन्ने



बित्तिकै भौतिक शरीर उपस्थितीलाई मात्रै मान्नु हुदैन । कुनै पनि क्रियाकलापमा अर्थपूर्ण सहभागिता हुनु आवश्यक मानिन्छ । निर्णय प्रकृया र लाभको वितरणमा स्वयं परिचालित अर्थपूर्ण सहभागिता कार्यक्रमले परिकल्पना गरेको हुन्छ । जुन सामाजिक परिचालन प्रकृया सुदृढ हुँदै जाँदा तहगत रुपमा विकास हुँदै जान्छ ।

### १.३.२ पारदर्शिता (Transparency)

विकास निर्माणका कार्यहरुमा सबै सरोकारवालाहरुको सहभागिता बृद्धि गर्न पारदर्शिताले ठूलो महत्व राख्दछ । सामाजिक कार्यमा सबैलाई समेटेर अगाडि नबढ्ने हो भने दिगो रुपमा कुनै पनि कार्य सफल हुन सक्दैन । यस सामाजिक परिचालन निर्देशिकाले आर्थिक कारोवारको मात्र नभई निर्णय प्रकृयाको पारदर्शितामा पनि जोड दिएको छ । उपभोक्ताको परिचालन देखि लिएर उपभोक्ता समितिको गठन, निर्णय प्रकृया र व्यवस्थापनमा पारदर्शिता हुनु पर्दछ । त्यस्तै क्षेत्रीय सेवा केन्द्र, संलग्न निजी कम्पनीहरु र शाखा/ईकाइको निर्णय प्रकृया, सहयोगको प्रकार र परिणाम आदि पनि समुदायले महसुस गर्न सकिने गरी पारदर्शि हुनु पर्दछ । समुदायले के, कति, कसरी र कस्का लागि काम गर्दैछौं भनेर आफ्नो दायित्व र अधिकार खोतल्दै जाने हो भने निम्न मुख्य सवालमा पारदर्शिता बृद्धि हुदै जानुपर्छः

- लगानीमा पारदर्शिता
- नेतृत्वमा पारदर्शिता
- समावेशिकरणको हक अधिकारमा पारदर्शिता
- सूचनाको पहुँच तथा संचार र संवादमा पारदर्शिता
- लाभको बाँडफाँडमा पारदर्शिता

### १.३.३ जवाफदेहिता (Accountability)

समुदायमा संचालन भएका कुनै पनि कार्य प्राविधिक, सामाजिक र आर्थिक रुपले गतिशिल हुनु पर्दछ । जवाफदेहिता सामाजिक परिचालन प्रकृयाको एउटा महत्वपूर्ण आधार हो । नवीकरणीय ऊर्जा प्रविधिको विस्तारमा उपभोक्ता समिति तथा उपभोक्ताहरु सामूहिक रुपमा एक अर्काप्रति जवाफदेहि हुनुपर्छ । आयोजनामा हरेक प्रकारका व्यक्ति र संस्थाको संलग्नता रहन्छ । भिन्न भिन्न आर्थिक, सामाजिक र भौगोलिक आधारमा बसोवास गरेका सबै प्रकारका हैसियत भएका उपभोक्तालाई बरावरी हिसावले त्यसको लाभको वाँडफाँडमा पहूँच पुर्‍याउनु पर्ने दायित्व नेतृत्वकर्ताको रहन आउँछ । सम्पादन गरिएका कार्यक्रमले उपलब्धिमूलक नतिजा दिए नदिएको बारेमा आफ्नो जिम्मेवारी बोधका साथ कहा, कहिले, र कसरी कार्यहरु संचालन भै रहेका छन् त्यसको बारेमा सम्पूर्ण रुपमा जानकारी दिने कार्य नेतृत्वकर्ताको हुनुपर्दछ । जवाफदेहिता निरपेक्ष रुपमा सिधै र सजिलै देखिदैन । समयमा नै सम्पन्न गरेका कार्यको प्रतिवेदन, प्रतिफलको न्यायोचित वितरण आदिले मात्र यसको सुनिश्चितता गर्दछ । जवाफदेहिता कायम गर्न कार्यक्रमले प्रदान गर्ने समुदायप्रतिको दायित्वलाई गहिरोसँग बोध गर्नुपर्दछ । त्यस्तै समिति वा उपभोक्ता संयन्त्रका पदाधिकारीले आफ्नो समुदाय र उपभोक्ताप्रतिको जिम्मेवारी गहन रुपमा लिनुपर्दछ । व्यक्ति तथा समुदाय वा उपभोक्ता संस्थालाई जवाफदेहि बनाउनु सामाजिक परिचालनको ध्येय हो ।

### १.३.४ उत्तरदायित्व (Responsiveness)

सेवा प्रदायक निकाय आफ्नो कर्तव्य र जिम्मेवारीको उच्चतम सफल कार्यान्वयन तर्फ लक्षित हुनु पर्दछ । आफूले सेवा पुर्‍याउनुपर्ने समुदायप्रति जिम्मेवार हुनु पर्दछ । यो नै उत्तरदायित्वको आधारभूत मान्यता हो । कार्यक्रममा संलग्न व्यक्तिका केही व्यक्तिगत जिम्मेवारी पनि हुन्छन् । सामूहिक रुपमा व्यक्ति तथा सेवा प्रदायक संस्था वा निकाय समुदायप्रतिको सामाजिक उत्तरदायित्व वहन गर्न प्रतिवद्ध हुनु पर्दछ । आफूले प्रवाह गर्ने सेवा वा कामप्रति सम्पूर्ण रुपले जिम्मेवार हुनुपर्दछ । नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा क्षेत्रीय सेवा केन्द्र तथा शाखा/इकाईले जनचेतना अभिबृद्धि, नीति नियमको प्रचार प्रसार र उपभोक्ताको क्षमता विकासका कार्यहरु गर्दछन् । यसो गर्दा समाजमा पछाडि परेका उत्पिडित र उपेक्षित वर्गसम्म जानकारी प्रवाह हुने कुराको प्रत्याभूती तर्फ सेवा प्रदायक सजग हुनु पर्दछ । सरोकारवाला

निकायहरु जबसम्म समुदायप्रति सामूहिक रुपले उत्तरदायी हुदैनन् तबसम्म स्वच्छ ऊर्जा प्रविधिलाई उपभोक्ताको अधिकारको रुपमा विस्तार गर्न सकिंदैन । समुदायको लागि कार्यक्रम तय गर्दा देखि त्यसको सामुदायिक कार्य योजना निर्माण, कार्यान्वयन र लाभको न्यायोचित बाँडफाँडमा उपभोक्ताको अधिकारप्रति जिम्मेवार हुनु पर्दछ । सामान्यतया तल उल्लेखित क्षेत्रहरुमा उत्तरदायित्व वहन गर्नुपर्दछः

- व्यक्तिगत उत्तरदायित्व
- सामूहिक उत्तरदायित्व
- कानूनी तथा नीतिगत उत्तरदायित्व
- नैतिक उत्तरदायित्व
- मूल्य मान्यतामा आधारित सांस्कृतिक उत्तरदायित्व

## १.४ सामाजिक परिचालनका तत्वहरु (Elements of Social Mobilization)

कुनै निश्चित समुदायमा रहने सबै सदस्यहरुको उस्तै खालको रहन सहन, आवश्यकता र समस्याहरु हुन्छन् । ती समस्याहरु समाधान गर्ने क्षमता पनि समुदाय भित्रै हुन्छ । सामाजिक परिचालन त्यही क्षमतालाई उजागर गर्न सहयोग पुर्‍याउने प्रक्रिया हो । राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमले समुदायको सर्वाङ्गिण विकासका लागि ६ मुख्य आयामहरुको आधारमा सामाजिक परिचालन निर्देशिका प्रतिपादन गरेको छ ।




*चार्ट १: सामाजिक परिचालनका तत्वहरु*

### १.४.१ उपभोक्ता संस्थाको विकास (Development of Users Organizations)

स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनलाई सदुपयोग गर्न त्यसका उपभोक्ताहरु संगठित हुन अपरिहार्य छ । सेवा दिने र लिने वीच स्थानीय ( स्तरमा नै संगठन भएमा समुदाय र सेवा प्रदायक बीच कुनै पनि कार्यक्रमलाई दिगो रुपमा संचालन गर्न सहज वातावरणको सिर्जना हुन्छ । नवीकरणीय ऊर्जा प्रविधिको विस्तार गर्न समुदायमा बसोवास गर्ने कुनै पनि व्यक्तिले स्थानीय स्तरमा भइरहेको विकास निर्माणका बारेमा जानकारी प्राप्त गरी उक्त कार्यमा अग्रसर हुने वातावरणको सिर्जना गर्न सामुदायिक संगठनको जरुरी पर्दछ । उपभोक्ता समिति यस्ता सामुदायिक संगठन मध्ये एक प्रमुख संयन्त्र हो । जसले समुदाय वा व्यक्तिहरुलाई सामूहिक हितका लागि एकजुट गराई सचेतना जगाउन र सचेत नागरिकको भूमिका निर्वाह गर्ने वातावरणको सिर्जना गर्न सहयोग गर्दछ । यस्ता उपभोक्ता संगठनहरु जति सुदृढ हुदै जान्छन त्यति नै सामाजिक शसक्तिकरण हुदै जान्छ । नवीकरणीय ऊर्जा प्रविधि उपभोग गर्ने उपभोक्ता समितिहरुको सुदृढ हुँदै जाँदा प्रविधिबाट प्राप्त लाभको न्यायोचित वितरण प्रणाली स्थापित हुने र संस्थागत सुदृढिकरण गर्न मद्दत पुग्दछ ।

### १.४.२ सिप तथा उद्यमशिलता विकास (Skill and Enterpreneurship Development)

नवीकरणीय ऊर्जा प्रणाली स्थापनाको मुख्य ध्येय ग्रामीण आर्थिक विकासमा टेवा पुऱ्याउनु हो । मानिसमा विभिन्न खालका सिपहरु हुने गर्दछन् । सिप कुनै पनि पेशा वा आर्थिक क्रियाकलापको आधारभुत अंग हो । नवीकरणीय ऊर्जा मार्फत जनजीवनमा सुधार ल्याउन ऊर्जा प्रविधिको व्यवस्थापन, संचालन, विकास, योजना तर्जुमा, कार्यान्वयन लगायत आयमुलक कार्यक्रमहरुको पहिचान र संचालन तथा उपभोक्ता संस्थाहरुको सुचारु रुपले संचालन गर्न उपभोक्ता भित्र नै "सिप" हुन आवश्यक छ । नवकिरणीय ऊर्जा प्रणालीबाट उत्पादन भएको ऊर्जा शक्तिको उपयोग गरी स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थलाई प्रशोधन गरी मूल्य अभिबृद्धि गर्न साना तथा लघु व्यवसाय प्रवर्द्धन गरी गाउँमै रोजगारीको सृजना गर्न सकिन्छ ।

सामान्यतया नेपालका लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादन भएको विद्युत शक्तिको उपयोग वेलुका बत्ती बाल्न मात्रै भईरहेको पाईन्छ । यसले गर्दा आयोजनाले लागत अनुसारको आय आर्जन गर्न सकिरहेको छैन । आयोजनाबाट उत्पादित विद्युत शक्तिको अधिकतम प्रयोग गर्न सके स-साना आय आर्जन देखि साना व्यवसायसम्म संचालन गर्न सकिने हुन्छ । यसबाट आयोजनाको दिगोपना मात्रै मजबुत नभई स्थानीय समुदायको आर्थिक अवस्था सुधार्न समेत नवीकरणीय ऊर्जा प्रणाली सहायक सिद्ध हुन सक्छ । स्थानीय उपभोक्तामा भएको सामान्य ज्ञानलाई आधुनिक तवरबाट विकास र सम्बर्द्धन गर्न समय सापेक्ष सिपमा परिणत गर्ने क्षमता विकास हुनु जरुरी हुन्छ । व्यक्तिलाई उद्यमी बनाई उद्यमशिलता विकास गर्दै जान सकिएमा स्थानीय अर्थतन्त्र चलायमान हुनुको साथै आर्थिक उपार्जनका आयामहरु थपिदै जान्छन् र ग्रामीण जिवनस्तर सुधारमा टेवा पुग्दछ ।

### १.४.३ स्रोत परिचालन (Resource Mobilization)

समुदाय भित्र विभिन्न प्रकारका स्रोतहरु रहेका हुन्छन् । स्थानीय स्तरमा उपलब्ध स्रोतलाई आर्थिक तथा भौतिक, मानवीय, सामाजिक संगठनात्मक पुँजी, साँस्कृतिक र राजनीतिक गरी पाँच भागमा वर्गिकरण गरेर विश्लेषण गर्नुपर्दछ । आर्थिक र मानवीय स्रोतलाई मात्रै केन्द्र विन्दुमा राखेर कार्यक्रम कार्यान्वयन गर्दा आयोजना छिटो सम्पन्न त हुन्छ तर दिर्घकालिन हुँदैन । उपभोक्तालाई सशक्तिकरण तथा रुपान्तरण गर्न सामाजिक संगठनात्मक स्रोतको विकासमा जोड दिनुपर्दछ । अधिकारमुखी तथा दायित्व वहन गर्न सक्ने सामुदायिक उपभोक्ता संस्थाहरु आफैमा महत्वपूर्ण सामाजिक पुँजी हुन् । त्यस्तै साँस्कृतिक स्रोतको लेखाजोखाबाट समुदायका महत्वपूर्ण सवालहरुलाई संवोधन गर्न सहज जानकारी प्राप्त गर्न सकिन्छ भने राजनैतिक स्रोतको आँकलनले भविश्यमा रुपान्तरण हुन सक्ने सामाजिक परिवेशको मार्गचित्र प्रदान गर्दछ । जुन दिगो सामाजिक परिचालनका अभिन्न अर्न्तवस्तु हुन् । यी स्रोतलाई एकिकृत रुपमा परिचालन गर्न सकिएको खण्डमा कुनै पनि विकास क्रियाकलापले गति लिन सक्दछ । स-साना आयमूलक कार्य अनि संचालित आयोजनाको व्यवस्थापन तथा सम्भार कार्यका लागि उपभोक्ता संस्थाको विकासका साथै पूँजी संकलन गर्नु आवश्यक छ । महङ्गो व्याजदरमा पिल्सिएका ग्रामीण जनतालाई आवश्यक लघु ऋण (Micro Credit) मार्फत समुदायको आवश्यकता पुर्ति गर्न र सरकारी तथा गैह्र सरकारी संस्थाहरुबाट संचालित कार्यक्रमहरु परिचालन गर्न समुदायलाई प्रोत्साहन गर्नुपर्दछ । नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनमा

नेपाल सरकारले निर्धारण गरेको अनुदानको प्रयास प्रयाप्त नभएकोले उपभोक्ताको स्वः पुँजी र उपलब्ध अन्य स्रोत तथा कर्जा लगानी समेत परिचालन गर्नुपर्दछ।

### १.४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality & Social Inclusion)

सामाजिक सम्बन्धहरु प्राय असमान, श्रेणीबद्ध र तहगत (hierarchical) हुने गर्दछन्। संस्थागत संरचना, विचारधारा, मूल्य मान्यता (values), र चलनले लैंङ्गिक व्यवहार निर्धारण गर्न भूमिका खेलिरहेको हुन्छ। लैंङ्गिक समानता भनेको महिला र पुरुषको अस्तित्वलाई समान महत्व दिनु हो। यसले सामाजिक भूमिका र सम्बन्धलाई समेट्दछ। यस्ता भूमिका र सम्वन्धहरु विभिन्न सन्दर्भ (context) मा आधारित हुन्छन् र बदलिंदो परिस्थिति अनुसार परिवर्तन हुँदै जान्छन्।

नवीकरणीय ऊर्जा प्रविधिको बिस्तारमा समुदायका सबै व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व र उक्त कार्यक्रमबाट प्राप्त उपलब्धिको समानतामूलक बाँडफाडलाई सामाजिक समावेशीकरणले जोड दिन्छ। यही लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुल मर्मलाई आत्मसाथ गर्दै नवीकरणीय ऊर्जा प्रणालीको दिगो संचालनका लागि लाभान्वित उपभोक्ताहरुले उपभोक्ता संस्था गठन गर्दा त्यस क्षेत्रमा रहेका महिला, पुरुष, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु, र अन्य विपन्न समुदायहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ। यस्तो संयन्त्रहरुमा ३३ प्रतिशत महिला साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष जस्ता मुख्य पदमध्ये कम्तीमा एकजना महिला पदाधिकारीको अनिवार्य सहभागिता हुनु पर्दछ। लाभान्वित समुहमा दलित, आदिवासी/जनजाती, अपाङ्गता भएका व्यक्तिहरु, अन्य जोखिममा रहेका समुदायहरुको ४० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्दछ। सामाजिक परिचालनका क्रियाकलापहरु संचालन गर्दा निम्न उल्लेखित बुँदाहरुद्वारा महिला, विपन्न तथा जोखिममा परेका समूदायहरुलाई विकासको मूलधारमा सहभागी गराउनु पर्दछः

- महिला, विपन्न तथा पिछडिएको वर्गलाई सकारात्मक विभेद, आरक्षणको व्यवस्था गरिनुपर्ने।
- लैङ्गिक सम्वेदनशील विषयमा लक्षित समुहहरुमा सचेतना जगाउनुपर्ने।
- योजना छनौट, कार्यान्वयन र लाभको वाँडफाँडमा महिला तथा पिछडिएको वर्गलाई समान सहभागी गराउनुपर्ने।
- पिछडिएको वर्गको उत्पादनमूलक भूमिकाहरुमा सहभागिता गराउनुपर्ने।
- आयमुलक, रोजगारमूलक कार्यमा वढि भन्दा वढि महिला तथा विपन्न वर्गको समुदायको ...........प्रतिशत सहभागितामा गराउनुपर्ने।

### १.४.५ प्रविधि प्रवर्द्धन (Technology Promotion)

ग्रामीण महिला तथा बालवालिकाहरुले ब्यहोर्नु परेको कठोर श्रम भारमा कमी ल्याउन नवीकरणीय ऊर्जा प्रविधिले सहयोग गर्दछ। यस्ता लघु तथा साना जलविद्युतको प्रवर्द्धनले एकातिर मट्टितेल र दियालोको धुवाँलाई प्रतिस्थापन गर्दछ भने अर्कोतिर कुटानी पिसानी जस्ता कामलाई सरल एवं सहज बनाउछ। दैनिक जंगलवाट ल्याउने दाउराको प्रयोगमा बायोग्याँस र सुधारिएको चुलो जस्ता प्रविधिवाट कमी ल्याउन सकिन्छ, जसले श्रमको वचत गर्नुको साथै प्राकृतिक श्रोतको संरक्षण गर्न समेत मद्दत गर्दछ।

निर्यात हुने कच्चा पदार्थलाई प्रशोधन गरी मुल्य अभिबृद्धि गर्न, साना घरेलु व्यवसाय प्रवर्द्धन गरी गाउँमै रोजगारीका अवसरहरु सृजना गर्न ऊर्जा प्रविधि प्रयोग गर्न सकिन्छ। नवीकरणीय ऊर्जा प्रविधिको पहुँच गाउँस्तर सम्म पुग्नसके गाउँमा अन्य सहायक प्रविधिहरु भित्रिन्छन्। यसले गर्दा आधुनिक सञ्चारका साधन लगायत अन्य प्रविधिहरुले समेत प्रवेश पाउने छन्। जसवाट आर्थिक रुपान्तरमा सहयोग पुग्ने छ। स्थानीय स्तरमा खेर गईरहेको स्रोतहरु प्रयोग गरी नवीकरणीय ऊर्जाको विस्तार गर्नका लागि समुदायमा नै उपभोक्ताहरुलाई यस सम्वन्धि ज्ञान, सिप र क्षमता अभिबृद्धि गर्दै जानु पर्दछ।

### १.४.६ जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन (Climate Change and Environment Management)

प्राकृतिक स्रोत आजको समाजको सम्पति मात्र होइन, भोलिका सन्ततिको नासो पनि हो । वातावरण तथा प्राकृतिक स्रोतको सहि व्यवस्थापन नभई गरिएको विकास दिगो हुदैन । पानीको मुहानको उपयुक्त व्यवस्थापन र संरक्षणमा लघु तथा साना जलविद्युत आयोजना र सौर्य विद्युत खानेपानी प्रणालीको दिगोपन भर पर्दछ । पानीको स्रोतलाई दिगो राख्न सामुदायिक बृक्षारोपण तथा संरक्षण गरी भू-क्षयको रोकथाम र लघु जलाधार व्यवस्थापन आवश्यक हुन्छ । दिगो विकासको यस वातावरणीय पक्षको सहि व्यवस्थापन अन्तर्गत आयोजना निर्माण क्षेत्रमा वातावरण संरक्षणका कृयाकलापहरुमा उत्तिनै महत्व दिनुपर्दछ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघु / साना जलविद्युत आयोजना, बायोग्यास प्लान्ट तथा सुधारिएको चुलो र सुधारिएको पानी घट्ट प्रविधिलाई संयोजन गरी स्वच्छ विकास संयन्त्रको विकास गरेको छ । नवीकरणीय ऊर्जा प्रविधिको प्रयोगले कार्वनडाइअक्साइड लगायत हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण हुनेहुँदा यस्ता प्रविधिबाट वर्षभरिमा कति उत्सर्जन न्यूनिकरण भयो भन्ने मापनबाट कार्बन व्यापार अन्तर्गत आर्थिक लाभ समेत लिन सकिन्छ ।

## १.५ सामाजिक परिचालन निर्देशिकाको उद्देश्य (Objective of Social Mobilization Guideline)


- सामाजिक परिचालनमा प्रयोग गरिने विधि र प्रकृयाबारे सबै तह र सबै सरोकारवालाहरुमा समान बुझाइको विकास गर्ने ।
- सामाजिक परिचालन प्रक्रियाको कार्यान्वयनमा प्रयोग गरिने प्रणाली (केन्द्र, जिल्ला र स्थानीय तह) मा एकरुपता सुनिश्चित गर्ने ।
- सामाजिक परिचालनमा संलग्न व्यक्तिहरुको क्षमता अभिवृद्धिका लागि विधि प्रदान गर्ने ।
- समिति वा समूहमा आवद्ध सदस्य र उपभोक्ताको हित प्रवर्द्धनका माध्यमले वैकल्पिक ऊर्जाको पहूँचमा स्थानीय जनताको समावेशि दृष्टिकोणले पहूँच बढाउने र कार्यक्रमले लिएको लक्ष्य पूरा गर्ने ।

# अध्याय–२

## सामाजिक परिचालनका प्रक्रिया र चरणहरु

## ( Social Mobilization Process and Steps)

### २.१ सामाजिक परिचालन प्रक्रिया (Process of Social Mobilization)





*चार्ट २: सामाजिक परिचालनको आधारभूत प्रक्रिया*

सामाजिक परिचालन प्रक्रियालाई सामान्यतया चार तहमा विभाजन गरी विश्लेषण गर्न सकिन्छ । पहिलो तहमा उपभोक्ताले आफ्नो आवश्यकतालाई आत्मसात गरी त्यसलाई समाधान गर्ने बाटो खोज्दछन् भने सेवा प्रदायकले स्रोत साधन र समुदायको माग सम्बोधन हुने नीति नियमको प्रत्याभुती दिन्छ । दोस्रो तहमा सामाजिक परिचालन प्रक्रिया आइपुग्दा उपभोक्ता संस्थाको विकास हुन्छ भने सेवा प्रदायक निकायबाट उपभोक्ताको क्षमता विकास र आर्थिक तथा प्राविधिक सहयोग प्रवाह हुन्छ । यो सामाजिक परिचालनको मुख्य कार्यान्वयन तह हो । सामाजिक परिचालनको प्रतिफलको रुपमा परिचालन प्रक्रिया तेस्रो

तहमा पुग्दा समुदायमा लाभको न्यायोचित बाँडफाँड र अर्थपूर्ण सहभागितामा बृद्धि हुन्छ भने सेवा प्रदायकको आशातित नतिजा विस्तार भइसकेको हुन्छ । सामाजिक परिचालनको अन्तिम तहमा यसको प्रभावको विश्लेषण गरिन्छ । जहाँसम्म पुग्दा सामाजिक परिचालन प्रक्रिया सफल भएमा उपभोक्ताको जिविकोपार्जनमा सुधार आउने तथा विकास प्रक्रियाका विकल्पहरुमा बृद्धि हुन जान्छ ।

## २.२ सामाजिक परिचालनका चरणहरु (Steps of Social Mobilization)

सामाजिक परिचालनको मुख्य अभिप्राय समाजलाई रुपान्तरणमुखी बनाउनु हो । समाजका सबै तह र संरचनाहरुमा नागरिकको अर्थपूर्ण सहभागितामा बृद्धि गर्नु हो । यसको लागि सामाजिक परिचालनले निश्चित चरणहरु पार गर्दै जानु पर्दछ । यहाँ सामाजिक परिचालनका चरणहरुलाई सचेतना अभिबृद्धिदेखि दिगोपना तथा आन्तरिकिकरणसम्म दश चरणमा विभाजन गरी विश्लेषण गरिएको छ । समुदायमा पछाडि पारिएका वर्गको सहभागिता सुनिश्चित गर्न तथा उनीहरुको सशक्तिकरण सवल बनाउन सामाजिक परिचालनका यी चरणहरुले औजार तथा विधि प्रदान गर्दछन् ।




***चार्ट ३: सामाजिक परिचालनका चरणहरु***

### २.२.१ सूचना प्रवाह तथा सचेतना अभिबृद्धि (Information Dissemination & Awareness Raising)


सूचना प्राप्त गर्नु उपभोक्ताको पहिलो हक हो । लक्षित समुदायका सबै व्यक्ति तथा उपभोक्तालाई सेवा प्रदायक वा सरोकारवाला निकायले विभिन्न माध्यमहरुको प्रयोग गरी सचेतना जगाउने खालका कार्यक्रम संचालन गर्नु पर्दछ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नवीकरणीय ऊर्जाको विस्तार तथा प्रवर्द्धनका लागि बिभिन्न प्रविधिहरुको जानकारी दिने कार्य गरिरहेको छ । केन्द्रले स्थानीय उपभोक्तासम्म नवीकरणीय ऊर्जा निति तथा कार्यक्रमको बारेमा जानकारी प्रवाह गर्नुपर्दछ । विभिन्न श्रव्य दृश्य तथा आम सूचना विधिहरुको प्रयोग गरी स्थानीय उपभोक्ताहरुमा नवीकरणीय ऊर्जा प्रविधिको बारेमा सचेतना अभिबृद्धि गराई सोको माग गर्न सक्ने गरी उपभोक्तालाई जागरुक बनाउनु सामाजिक परिचालनको पहिलो काम हो ।

| सुचना प्रवाहको माध्यम |
|---|
| सामुदायिक रेडियो, आमा समुह, सामुदायिक संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामुदायिक वन उपभोक्ता समुह आदि |

स्थानीय रुपमा समुदायमा गरिने संगठित छलफल तथा अन्तर्क्रिया सचेतना अभिबृद्धि गर्ने प्रभावकारी औजार हुन् । क्षेत्रीय सेवा केन्द्र तथा शाखा/ईकाइका सामाजिक परिचालकहरु यसको लागि बढी जिम्मेवार हुनुपर्दछ । सचेतना अभिबृद्धि गर्दा ऊर्जा प्रविधिको सेवा प्रदान गर्ने संस्था वा व्यक्ति, उक्त प्रविधिको जडान गर्दा लाग्ने समय, नीतिगत व्यवस्था, अनुदान परिचालन कार्यविधि, समुदाय वा व्यक्तिले गर्नुपर्ने अन्य दायित्व तथा भूमिका बारे प्रशारण तथा छलफल गरी जानकारी दिने कार्य गर्नुपर्दछ । यस्तो प्रकृया अपनाउँदा छिटो समुदायमा जानकारी प्रवाह हुन्छ । यसबाट समुदायले सदरमुकाम वा राजधानीसम्म धाएर ऊर्जाको बारेमा बिस्तृत जानकारी प्राप्त गर्नुपर्ने अवस्थाको अन्त्य हुन्छ । समुदायमा सूचना प्रवाह गर्दा बिद्यमान सामुदायिक संस्थाहरु, महिला समुहहरु, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र जस्ता स्थानीय संरचनाहरुको उपयोग गर्नु प्रभावकारी हुन्छ । समग्रमा पिछडिएको वर्गको सूचनामा पहुँच कमजोर हुन्छ । त्यसैले नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी जानकारी प्रवाह गर्दा समाजको तल्लो वर्गले थाहा पाउने र बुझ्ने भाषाको प्रयोग गर्नु पर्दछ । स्थानीय सामुदायिक रेडियोहरु तथा समुदायमा आधारित नागरिक संस्थाहरु सूचना प्रवाहका उपयुक्त माध्यम हुन सक्दछन् ।

### २.२.२ सामाजिक विश्लेषण (Social Assessment)

समुदायमा विविध वर्ग, जातजाति, भाषा, संस्कृति भएका व्यक्तिहरु हुन्छन् । वर्गको हिसावले यी व्यक्तिहरु कोही उच्च, कोही मध्यम र कोही ज्यादै न्यून वर्गका हुन्छन् । यस्तो अवस्थाबाट गुज्रिरहेको समुदायको सामाजिक अवस्था के कस्तो छ, विकासमा उनीहरुको अधिकारको सुनिश्चितता कस्तो छ ? भन्ने कुरालाई कार्यक्रममा संलग्न व्यक्ति तथा सरोकारवाला निकायले वस्तुगत लेखाजोखा गर्नुपर्दछ । लेखाजोखा गर्नु भनेको समुदायमा रहेका व्यक्तिहरुको सहभागितामूलक योजना प्रकृया, लाभको समानुपातिक बाँडफाँड, तथा निर्णय प्रकृयामा




*चार्ट ४: सेवा सुविधामा पहूँच र नियन्त्रण*

उनीहरुको सहभागिताको विश्लेषण गर्नु हो ।

प्राय जसो प्राकृतिक स्रोतको अधिकारमा पिछडिएको वर्ग सधैं उपेक्षित नै भएर बस्नुपर्ने र जानीफकार व्यक्तिले यसको निर्णय गर्ने अवस्था रहको हुन्छ । तल्लो वर्गलाई सशक्तिकरण गरी दिगो विकासमा सहभागी बनाउन सकारात्मक विभेदको सिद्धान्त अनुसार काम गर्नुपर्दछ । महिला, दलित, जनजाति, गरिव, अल्पसंख्यक, आदिवासि, सिमान्तकृत वर्गलाई समेटेर अगाडि बढ्न नसकेको अवस्थामा कुनै पनि कार्यक्रमले मुर्तरुप लिन सक्दैन । स्थानीय स्तरमा नवीकरणीय ऊर्जा प्रविधि वितरण उपभोक्ताको चाहना, क्रयशक्ति र उपलब्ध स्थानीय स्रोतको आधारमा उपभोक्ता स्वयंले निर्क्योल गर्नुपर्दछ । पछाडी परेको समुदायलाई आयोजनाको माध्यमबाट प्रविधि तथा पहुँचमा बृद्धि गराउनु पर्दछ । यसको लागि तल्लो वर्ग केन्द्रित विभिन्न नीति निर्माण गरी लागु गर्नुपर्दछ । ऊर्जा प्रविधिहरुलाई समुदाय तहसम्म विस्तार र विकास कसरी गर्न सकिन्छ भन्ने कुराको लेखाजोखा गर्नुपर्दछ । जसले गर्दा समुदायमा आवश्यकता अनुसारको ऊर्जाको प्रविधिको माग आशातित रुपमा आउने र योजना निर्माण गर्न समेत सजिलो हुन जान्छ । आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायको आर्थिक सामाजिक विश्लेषणबाट उपेक्षित तथा न्यून क्षमता भएका वर्गको लागि कार्यक्रमले प्रदान गर्न सक्ने बिशेष सुविधाहरु निर्क्यौल गर्न सहयोग गर्दछ । यस्ता सहुलियतहरु आर्थिक तथा क्षमता अभिबृद्धि दुवै खाले हुनु पर्दछ । जसले गर्दा समाजका तल्लो तहका उपभोक्ताको नियन्त्रण र पहुँचमा बृद्धि हुन जान्छ । त्यसैले यस्ता खालका प्रविधिहरु कुन समुदायलाई के आवश्यकता छ भनी हेर्नका लागि उक्त समुदायमा रहेको स्रोत, भौगोलिक अवस्था, सामाजिक अवस्था आदिका बारेमा विश्लेषण गर्ने काम गर्नु पर्दछ । ऊर्जा प्रविधि विस्तार गर्न समुदायले पनि लगानी गरेको हुन्छ । लगानी गरिसकेपछि उक्त लगानीको सुनिश्चित प्रतिफल र लाभको न्यायोचित बाँडफाँडमा सामाजिक लेखाजोखाले मद्दत गर्दछ ।

**सामाजिक लेखाजोखा गर्दा प्रयोग हुने विधिहरु**

१. गाविसको मौजुदा तथ्यांक विश्लेषण
२. घरधुरी सर्वेक्षण (Baseline survey)
३. सामाजिक नक्सा, स्रोत नक्सा सम्पन्नता स्तरीकरण आदि ।


### २.२.३ उपभोक्ता संस्थाको विकास (Development of Users Organizations)

आफ्नो लागि कुन कुन ऊर्जा प्रविधिको आवश्यकता छ , कुन प्रविधि वा प्रणाली निर्माण गर्ने, उपलब्ध ऊर्जाको प्रयोगबाट के कस्ता व्यवसायहरु संचालन गर्ने भन्ने जस्ता सम्पूर्ण अधिकार स्थानीय उपभोक्तामा निहित हुन्छ । उनीहरुको रोजाई र क्षमता अनुसार प्रविधिहरु माग भई आएपछि सोही प्रविधि र प्रणालीको सफल कार्यान्वयन गर्न सम्पूर्ण लाभग्राहीको समानुपातिक प्रतिनिधित्व हुनेगरी उपभोक्ता संस्थाहरु गठन गर्नुपर्दछ । यस्ता उपभोक्ता संस्थाहरु प्रायजसो उपभोक्ता समिति र कार्य समूहहरुको रुपमा ऊर्जा प्रविधिको विस्तार गर्न गठन हुन्छन् । ऊर्जा शक्तिको उत्पादनमूलक प्रयोग गरी व्यवसाय संचालन गर्न स्थानीय आर्थिक विकास समिति तथा अन्य उपसमितिहरु निर्माण गर्नुपर्दछ । यस्ता समिति वा संस्था गठन गर्दा महिला तथा पिछडिएको वर्गको आवाजलाई विशेष सम्बोधन गर्नुपर्दछ । समुदायमा आर्थिक तथा सामाजिक रुपले फरक फरक वर्गका व्यक्तिहरु हुन्छन् । समाजमा जहिले पनि पहुँच भएका व्यक्तिले यस्ता उपभोक्ता समितिमा नियन्त्रण राख्न खोज्दछन् । त्यसैले उपभोक्ता समिति गठन गर्दा समुदायमा रहेका उपेक्षित वर्गको आवाज, अधिकार र पहुँच बृद्धिमा ध्यान दिनुपर्दछ । उपभोक्ता समिति गठन गर्दा स्थानीय तहमा विद्यमान वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र जस्ता संयन्त्रहरुमा छलफल चलाई निर्णय लिंदा प्रभावकारी हुन सक्दछ । यस्ता उपभोक्ता संस्थाहरु गठन गर्दा महिलाको प्रतिनिधित्व कम्तीमा एक तिहाई अनिवार्य राख्नुपर्दछ । यसमा पनि अध्यक्ष, सचिव वा कोषाध्यक्ष जस्ता महत्वपूर्ण पद मध्ये एक पदमा अनिवार्य महिला प्रतिनिधिको चयन हुनु पर्दछ । त्यस्तै उपेक्षित तथा पिछडिएका वर्गको ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्दछ ।

| उपभोक्ता संस्था | मुख्य जिम्मेवारी |
|---|---|
| १. उपभोक्ता समिति वा व्यवस्थापन समिति | • आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन गर्ने |
| २. कार्य समूह वा उप समितिहरु | • उपभोक्ता समितिले तोकेका विशेष कार्यहरु गर्ने |

| | |
|---|---|
| | • अन्य नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा सामुदायिक कार्यहरु गर्ने |
| ३. स्थानीय आर्थिक विकास समिति | • ऊर्जाको उत्पादनमूलक प्रयोग गरी व्यवसाय संचालन गर्ने<br>• उपभोक्ता समिति र व्यवसायी बीच समन्वय गर्ने । |

### २.२.४ उपभोक्ताको क्षमता अभिबृद्धि (Capacity Building of Beneficiaries)





क्षमता अभिबृद्धि भनेको समुदायमा रहेका विभिन्न व्यक्तिहरुसँग भएको ज्ञान, सिप र धारणालाई उजागर गर्ने एक पहल हो । गठन भएका उपभोक्ता संस्थाहरुलाई ऊर्जा प्रविधि, लैङ्गिक समानता, नेतृत्व विकास र व्यवस्थापन पक्षबारे तालिम प्रदान गरी ज्ञान, सीप र धारणामा परिवर्तन ल्याउनु अपरिहार्य हुन्छ । स्थानीय समुदायमा काम गर्ने अपरेटर तथा मेनेजरलाई केन्द्रले यस्ता तालिमको आयोजना गर्ने गरेको भएपनि पिछडिएको वर्ग, दलित तथा वञ्चितिकरणमा परेको समुदायको आयोजनामा पहुँच र नियन्त्रण बढाउन स्थानीय स्तरमा विशेष पहल गर्नु जरुरी छ । यसको लागि पाउलो फ्रेरीले (Paulo Freire) प्रतिपादन गरेको शिक्षा र सचेतनाको सिद्धान्त र रोवर्ट च्याम्वरको सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) विधिको समिश्रण-रिफ्लेक्ट (REFLECT-Regenerated Freirean Literacy through Empowering Community Techniques) संचालन एक उपयोगी औजार हुन सक्दछ । यसले विशेष गरेर गरिव तथा वञ्चितिकरणमा रहेका वर्गहरुको सचेतीकरण, अवस्था विश्लेषण र सशक्तिकरणमा जोड दिन्छ । यो एक सहभागितात्मक सिकाई हो जुन सामाजिक परिवर्तनका लागि अत्यावश्यक छ । यसले व्यक्तिलाई आफ्नो वरिपरिको परिवेश तथा वातावरणको गहन विश्लेषणमा उत्प्रेरित गर्ने गर्दछ । रिफ्लेक्ट कक्षाको माध्यमबाट विशेष गरेर महिला, गरिब र वञ्चितिकरणमा परेका परिवारहरूलाई निम्न कुराहरूमा सहयोग पुऱ्याउँछ :-

- आफ्नो कर्तव्य र अधिकारबारे बोध गराई कर्तव्य पालना र आफ्ना अधिकार खुलेर दावी गर्न सक्ने आवश्यक क्षमताको विकास
- स्थानीय योजना तर्जुमा प्रकृयाका सवै चरणहरूमा अर्थपूर्ण सहभागिताको सुनिश्चितता,
- स्थानीय स्तरमा उपलब्ध हुने सेवा र सुविधाको पहुँचमा बृद्धि तथा नियन्त्रण

रिफ्लेक्ट कक्षा बिशेष गरेर बिपन्न तथा उपेक्षित समुदायहरुका लागि संचालन गर्नुपर्दछ । यसका लागि सहभागितामूलक ग्रामीण लेखाजोखाका बिभिन्न विधिहरु प्रयोग गरी स्थानीय स्तरमा सबै भन्दा बढी पिछडिएको वर्ग पहिचान गरी योजना तर्जुमाको चरणसम्म उनीहरुको पहुँच बढाउने र आफ्नो अधिकार, आवाज र छनौट (Right, Voice, Choice) का कुराहरुको बारेमा सचेतना जगाउने र सशक्तिकरण गर्ने काम हुन्छ । उपभोक्ता समिति वा समूहहरुको नियमित तथा मासिक बैठकमा सम्पर्क व्यक्ति, सामाजिक परिचालक र उपभोक्ता समितिको प्रतिनिधि समेतको उपस्थितिमा यस्ता कक्षा संचालन गर्नु पर्दछ । उक्त कक्षाबाट उनीहरुको क्षमता, आवाज उठान, योजना छनौटका साथै उनीहरुको लागि पहिचानका मुद्दाहरुको बारेमा जानकारी प्राप्त हुनेछ । यसले त्यस्ता बिपन्न र उपेक्षित वर्गको सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेल्दछ । विपन्न तथा उपेक्षित समुहहरुको स्थानीय स्तरकै मुद्धाहरु वा सवालहरुलाई नै आधार मानी कुन बिषयवस्तुहरु उपयुक्त हुन सक्छन् त्यहि बिषयलाई उक्त कक्षामा छलफल गराउने व्यवस्था गर्नुपर्दछ । कार्यक्रमले रिफ्लेक्ट कक्षा संचालन सम्वन्धी सामग्रीहरु र सम्पर्क व्यक्तिलाई उक्त कक्षा संचालन गर्न तालिम प्रदान गर्नु पर्दछ ।

रिफ्लेक्ट सिद्धान्त अनुसार बाहिरका जानिफकारहरुले उत्प्रेरकको भूमिका निभाउँछन्, सामाजिक परिवर्तनका लागी आफुले जानेका ज्ञान, सिप सहभागिहरुलाई बाडछन् र सहभागि आफैंले आफ्नो समस्या पत्तालगाई सो माथि आवश्यक बहस तथा समाधानको उपाय पनि पत्तालगाउँछन् । यस सिधान्तलाई बढि व्यवहारिक तथा सहभागिले ग्रहण गर्न सक्ने बनाउनको लागी समय तालिका, नक्सा, खोला नाला, रुख, विरुवा आदि प्रयोग गर्ने गरिन्छ, यसो गर्नाले गाउँघरमा रहेका पढेलेखेका वा अनपढले पनि सजिलै आफ्नो मनमा लागेका कुराहरु ब्यक्त गर्न सक्दछन् ।
रिफ्लेक्ट सिधान्तको मुख्य उधेश्य नै मानिस भित्र रहेको क्षमतालाई उपयुक्त माध्यम अपनाई शसक्त बनाउँदै सबै सामुन्ने आफ्नो भनाई राख्न सक्ने बनाउनु हो । रिफ्लेक्ट तटस्थ सिधान्त होईन, यसले सामाजिक परिवर्तन तथा सामाजिक न्यायको लागी कार्य गर्दछ । मानिसको हक, अधिकार र न्याय दिलाउन तथा सामाजिक अवस्था परिवर्तनका लागी यस सिधान्त निकै नै उपयोगि मानिन्छ । त्यसैले आफुले गरेका हरेक कृयाकलापलाई गरिव तथा विपन्न बर्ग सम्म सजिलै पुऱ्याउन मद्दत गर्दछ भने यसका लक्षित वर्ग भन्नुनै ग्रामिण भेगका विपन्न र गरिव हुन् । ग्रामिण भेगका सबै बर्गका जनताहरुलाई बराबरि स्थान दिनु, सामाजिक मर्यादा प्रदान गर्नुका साथसाथै सबैको चाहना र बोलीको समान मुल्य, मान्यता दिनु रिफ्लेक सिद्धान्तहरु हुन् । शक्ति बाँडफाँड, जातजाती, धर्म, संस्कारका कारण जति पनि असमानता समाजमा विधमान छन्, रिफ्लेक्ट सिधान्त सो परिवेशका लागी अति नै सान्दर्भिक मानिन्छ ।

राजनीतिक, सामाजिक एवम् आर्थिक रुपले पिछडिएका गाउँ/टोल/वस्तीका विपन्न, महिला, दलित, जनजाति आदिवासी, मुश्लिम, तराईका मधेशी, पिछडा वर्ग, अपाङ्गता भएका ब्यक्ति, भूमिहीन र अति सिमान्तकृत परिवारहरु एकजुट भै एकै ठाउँमा बसी गरिवी र बहिस्करणका अन्तरनिहित कारणहरु पहिचान र विश्लेषण गरी विद्यमान श्रोत, साधन तथा राज्यबाट प्रवाह हुने सेवा सुविधामा पहुँच, सहभागिता तथा स्वामित्व स्थापित गरी शसक्तिकरणको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन स्वयम् निर्भरता प्रयास गर्दछन् । सामाजिक परिचालक र सामुदायिक सहजकर्ताले सहजिकरणको कार्य मात्र गर्दछन् ।
यस कक्षामा सामाजिक परिचालक वा सामुदायिक सहजकर्ताको सहयोगमा विपन्न हुनुका कारणहरु के के हुन्, नागरिकका अधिकार र कर्तब्य के के हुन्, राज्यबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चितिमा पर्ने कारणहरु के के हुन्, राज्यबाट प्रदान गरिने सेवा सुविधाहरुमा पहुँच पुऱ्याउन के के कदमहरु चाल्नु पर्दछ, आदि जस्ता विषयहरुमा जानकारी प्रदान गरी वहस, पैरवी र आवश्यकतानुसार रणनीति तयार गर्न सहजिकरण गरिन्छ । यस प्रकृयाको माध्यमबाट विपन्न वर्गले आफुलाई प्राप्त अधिकारहरुलाई सम्वन्धित संस्थासंग दावी गर्न र प्राप्ति गर्न सहयोग पुऱ्याउँछ । समुदायमा रहेका हुने खाने सम्पन्न वर्ग तथा स्थानीय राजनीतिक दलका ब्यक्तिहरुलाई पनि आफ्ना पक्षमा वकालत गर्न र विपन्न समुदायले ब्यहोरिरहेका पीरमर्का तथा उपलब्ध भएका सेवा सुविधालाई प्रभावकारी ढंगबाट प्रवाह गराउन दवाव समेत दिन आवाज उठाउँदछन् ।




***चार्ट ५: पिछडिएको समुदायको क्षमता अभिबृद्धि तथा सशक्तिकरण ढाँचा***

### २.२.५ सामुदायिक कार्य योजना निर्माण (Preparation of Community Action Plan)

सामुदायिक कार्य योजना निर्माण गर्दा सम्पूर्ण उपभोक्ताहरुको आम भेला राखी विस्तृत रुपमा छलफल गर्नु पर्दछ । यस्तो छलफलले भेलाका सहभागीहरुले आफु लगायत समुदायका सबैलाई ज्ञान सीप र धारणामा परिवर्तन गर्न मद्दत पुऱ्याउँछ । उपभोक्ताले आफ्नो आवश्यकता तथा प्राथमकिताको निर्धारण गरी सबै वर्ग तथा समुदायको प्रतिनिधित्व हुने गरी यस्तो कार्य योजना बनाउनु पर्दछ । जसबाट समुदाय आफैले योजनाको तर्जुमा, कार्यान्वयन तथा मूल्यांकन गर्न उनीहरु सक्षम हुनेछन् भने सबै उपभोक्ताहरुले आयोजना आफ्नै हो भन्ने अपनत्व समेत लिन सक्नेछन् । सबैको उपस्थितीमा तयार गरिएको योजना आम भेलाबाट अनुमोदन गरिए पश्चात मात्र कार्यान्वयन गर्नुपर्दछ ।

सामुदायिक कार्ययोजना बनाउँदा निम्न बिषय तथा क्रियाकलापहरुलाई समेट्नु पर्दछः

| | |
|---|---|
| १ | DAG भित्र पर्ने उपभोक्ताहरुको सूची तयार गर्ने । |
| २ | रिफ्लेक्ट कक्षा संचालन गर्न कार्य योजना बनाउने । |
| ३ | साझेदारी पत्र अनुसार गतिविधि संचालन गर्न कार्य योजना बनाउने । |
| ४ | आयोजना निर्माणको लागि आवश्यक उप समिति निर्माण गर्ने । |
| ५ | स्थानीय सामग्री संकलन सम्वन्धि योजना बनाउने । |
| ६ | गैह्र स्थानीय सेवा तथा सामानहरुको खरिद सम्बन्धि योजना बनाउने । |
| ७ | आयोजनामा जनशक्ति परिचालन योजना बनाउने । |
| ८ | महशुल दर निर्धारण योजना बनाउने । |
| ९ | आयोजना तथा कार्य समूहको अनुगमन तथा मूल्यांकन योजना बनाउने । |

### २.२.६ व्यवसायिक योजना निर्माण ( Business Plan Development)


स्वच्छ ऊर्जा प्रविधिको प्रयोगले उपभोक्ताको दैनिक कार्यवोझ घटाउँछ । दैनिक कामलाई सहज बनाउँछ । लघु / साना जलविद्युत वा सौर्य विद्युतको प्रयोगले उज्यालोको लागि टुकी वाल्नु पर्दैन । ढिकी जाँतोको वोझबाट विशेषगरी महिलाहरुले उन्मुक्ति पाउँछन् । डिजेल मिलहरु विद्युतद्वारा विस्थापित हुन्छन् । तर यस्ता गतिविधिले मात्रै नवीकरणीय ऊर्जा आयोजना स्थापनाको उद्देश्य पुरा हुँदैन । समुदायको जिवनस्तरमा सुधार ल्याई गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउनु कार्यक्रमको मुख्य लक्ष्य हो । ऊर्जा प्रविधिको विस्तारले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनु पर्दछ । उपलब्ध ऊर्जाको उत्पादनमूलक प्रयोग गरी उपभोक्ताले आय आर्जन गतिविधि तथा व्यवसायहरु संचालनमा ल्याउनु पर्दछ । आयोजनाको सफल कार्यान्वयन पश्चात् उपलब्ध ऊर्जा (विद्युत शक्ति) मा आधारित उद्यम व्यवसायहरु पहिचान गर्ने काम आयोजना कार्यान्वयन संगसंगै शुरु गर्नु पर्दछ । त्यसको व्यवसायिक योजना बनाउनु पर्दछ । यस्ता व्यवसायिक योजना बनाउन क्षेत्रीय सेवा केन्द्र, शाखा/इकाई र व्यवसाय विकास सेवा प्रदायकले सहयोग गर्दछन् ।

### २.२.७ स्रोत संकलन, वितरण तथा परिचालन (Collection, Distribution and Mobilization of Resources)

नवीकरणीय ऊर्जा प्रविधि स्थापनामा स्रोत व्यवस्थापन एक कठिन कार्य हो । उपभोक्ता वा व्यवस्थापन समितिले सामाजिक संगठनहरुको व्यवस्थित परिचालनद्वारा जनश्रमदान जुटाउनु पर्दछ । आयोजना निर्माणमा आर्थिक स्रोत व्यवस्थापन गर्नु उपभोक्ताको लागि सवैभन्दा कठिन हुन्छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले प्रविधिको विस्तारको लागि उपलब्ध गराउने अनुदान आयोजना निर्माणको कुल लागत मध्ये ४०% को हाराहारीमा हुन आउँछ । यस्तो अनुदान पर्याप्त नहुने भएकोले बाँकी रकम उपभोक्ता समिति स्वयम्ले जुटाउनु पर्दछ । उपभोक्ता समितिले नपुग रकम वित्तिय संस्थाबाट कर्जा परिचालन, स्थानीय निकायबाट लगानी, उपभोक्ताबाट संकलन गरिएको नगद, विभिन्न दातृनिकाय तथा व्यक्तिबाट दिएको सहयोग लगायतबाट जुटाएको हुन्छ । सबै ठाउँबाट स्रोतको संकलन भए पश्चात् मात्रै आयोजनाको निर्माण कार्य प्रारम्भ गर्नुपर्दछ । अन्यथा स्रोतको अभावमा आयोजना निर्माणमा ढिलाई हुन जान्छ । उपभोक्ताबाट नगद संकलन गर्दा समुदायका तल्लो वर्गका व्यक्तिहरुको

क्षमतालाई विचार पुऱ्याउनु पर्दछ । उनीहरुले चर्को व्याजमा ऋण लिएर लगानी गर्नुपर्ने वाध्यात्मक अवस्था आउन दिनु हुँदैन । अति गरिव घर परिवारको लागि उपभोक्ता समितिले विशेष व्यवस्था गर्नुपर्दछ । समुदायमा सधैं नै टाठावाठाहरुले स्रोतको उपयोग र वितरणमा हालीमुहाली गरिरहेका हुन्छन् । तल्लो वर्ग यस्ता निर्णय प्रक्रियामा सधैं नै विमुख रहनु पर्ने अवस्थाको अन्त्य गर्न सामाजिक परिचालन प्रक्रियाले जोड दिन्छ । श्रमदान परिचालन गर्दा सवै उपभोक्ता घरधुरीलाई समान प्रकारले यसको वितरण गर्नुपर्दछ ।

ऊर्जा प्रविधिको निर्माण वा प्रणाली स्थापना भए पश्चात् उपलब्ध ऊर्जाको उत्पादनमूलक प्रयोग गरी आय आर्जन गतिविधि तथा व्यवसाय संचालन गर्न पनि स्रोतको आवश्यकता पर्दछ । उद्यमीको स्व:पूँजी मात्रै यस्तो व्यवसाय प्रवर्द्धनको लागि पर्याप्त हुँदैन । उपलब्ध अनुदान वाहेक कर्जा परिचालन गर्नु अपरिहार्य हुन्छ । आयोजना निर्माण र व्यवसाय प्रवर्द्धनमा कर्जा परिचालन ढाँचा तल प्रस्तुत गरिएको छ:




*चार्ट ६: आयोजना वा व्यवसायमा कर्जा परिचालन ढाँचा*

### २.२.८ आयोजना निर्माण तथा व्यवसाय संचालन (Project Implementation & Operation of Enterprises)

समुदाय स्तरमा संचालन हुने नवीकरणीय ऊर्जा प्रविधिहरुमा लघु तथा साना जलविद्युत, सामुदायिक सौर्य विद्युत खानेपानी, सुधारिएको चुलो, बायोग्याँस र सौर्य विद्युत प्रणाली मुख्य हुन् । स्थानीय स्तरमा सम्भाव्यताको विश्लेषण र उपभोक्ताको रोजाइ अनुसार कुन स्थानमा कुन प्रविधि कार्यान्वयन गर्ने भन्ने निर्क्यौल उपभोक्ता स्वयंले गर्नुपर्छ । यी नवीकरणीय ऊर्जा प्रविधि जडानको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले मान्यता प्रदान गरेका जडानकर्ता कम्पनीसंग उपभोक्ताले सम्झौता गर्दछन् । सरकारले व्यवस्था गरेको नियम र कार्यपद्धती अनुसार सम्झौता पश्चात् जडानकर्ता कम्पनीद्वारा उपकरणहरुको आपूर्ति गरी जडान कार्यको थालनी हुन्छ । जडानकर्ता कम्पनीले जडानको लागि आवश्यक

उपकरणहरुको हस्तान्तरण गर्ने बखतमा क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईका प्राविधिकहरुले उपकरणहरुको जाँच गर्नु पर्दछ। यसबाट कोटेशनमा उल्लेखित संख्या र गुणस्तरको उपकरणहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुने प्रत्याभूती गर्न सहयोग पुग्दछ।

आयोजना निर्माण वा नवीकरणीय ऊर्जा प्रणाली जडानको क्रममा उपभोक्ता समितिले नियमित अनुगमन गर्नु पर्दछ। उपभोक्ता समिति वा व्यवस्थापन समितिले निर्माण कार्यलाई व्यवस्थित र छिटो छरितो गराउन आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्य समूह बनाएर उपभोक्तालाई परिचालन गर्नुपर्दछ। निर्माण कार्य अवधिमा क्षेत्रीय सेवा केन्द्र तथा शाखा/इकाईले नियमित अनुगमन गरी तोकिएको समयमै आयोजना सम्पन्न गर्न तथा गुणस्तरको प्रत्याभूती वढाउन सहयोग गर्नु पर्दछ।

समुदायमा नवीकरणीय ऊर्जा प्रविधिको विस्तार गर्नुको ध्येय स्थानीय स्तरमा ऊर्जा शक्तिको प्रयोग गरी व्यवसामूलक कृयाकलापमा बृद्धि गर्नु र उपभोक्ताको आर्थिक स्तरमा सुधार ल्याउनु हो। आयोजना कार्यान्वयनमा संगसंगै विद्युत खपत जन्य व्यवसायहरुको पहिचान र योजना निर्माण गर्दै जानु पर्दछ। व्यवसाय विकास सेवा प्रदायकले पहिचान भएका उद्यम व्यवसायको व्यवसायिक योजना निर्माणमा सहयोग गर्दछन्। स्थानीय स्रोतको उपलब्धता र बजार मागको आधारमा उपयुक्त उद्योग छनौट गरि सो लघु उद्यम व्यवसायले स्थानीय अर्थतन्त्रमा दिने सहयोग, लागत र पूँजी सहित वित्तिय विश्लेषण तथा लागत र बिक्री मुल्यको आधारमा मुनाफाको लेखाजोखा गरी तयार पारिएको व्यवसायिक योजनालाई सम्बन्धित उद्यमीले दिगो संचालन गर्दै लैजानु पर्दछ।

### २.२.९ सार्वजनिक समिक्षा (Public Review)

सामुदायिक विकास गतिविधिहरुमा नागरिकको सहभागिता आवश्यक छ। विकासलाई अधिकारको रुपमा प्रयोग गर्न र गराउनका लागि सम्बन्धित सरोकारवाला पक्षहरुलाई खवरदारी गर्नुपर्ने आवश्यकता हुन्छ। सरोकारवाला निकायहरुले प्रदान गर्ने सेवा कस्तो छ र त्यसवाट उपभोक्ताहरु कत्तिको लाभान्वित भएका छन् भनेर अनुगमन गर्नु तथा निगरानीकर्ताका रुपमा काम गर्नु नितान्त आवश्यक हुन्छ। सरोकारवालाहरुले जनतालाई प्रदान गर्ने सेवा, सुविधाहरुको प्रभावकारिता र पारदर्शिताको अवस्था अनुगमन गर्नका लागि नितिहरु तर्जुमा भएका हुन्छन्। यसैगरी आयोजनामा के कस्तो कार्य भएको छ वा कुन कुन स्थानमा के सुधार गर्ने भन्ने बिषयमा समिक्षा गर्नु जरुरी हुन्छ। ऊर्जाका प्रविधिहरुको जडान तथा मर्मत कार्य सुचारु रुपले संचालन भए नभएको वा आयोजना कार्यान्वयनको मध्यतिर सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धताहरु पुरा भए वा भएनन् भन्ने कुराको विश्लेषण गर्न र भावी दिनहरुमा योजना निर्माण गर्न र नेतृत्व तहमा रही काम गर्ने समितिका पदाधिकारीहरुको दायित्व पुरा भयो कि भएन ? पारदर्शिता छ वा छैन भन्ने कुराको समेत लेखाजोखा गर्ने कार्य सार्वजनिक समिक्षाले गर्दछ। यसले कामको गुणस्तरमा बृद्धि हुने र आयोजना छिटो छरितो निर्माण हुन सहयोग पुग्दछ।

उपभोक्ता समितिले संकलन गरेको आर्थिक स्रोतको आय व्यय तथा कार्य प्रगतिको बारेमा सम्पूर्ण उपभोक्ताहरुलाई जानकारी हुनु पर्दछ। आयोजना निर्माण प्रक्रिया पारदर्शी भए समयमा नै आयोजना सम्पन्न गर्न सकिन्छ। सार्वजनिक समिक्षाको लागि उपभोक्ता समितिले सबैलाई पायक पर्ने स्थलमा बैठकको आयोजना गर्नु पर्दछ। सबैले थाहा पाउने गरी सूचनाहरु टाँस गर्नुपर्दछ। सार्वजनिक समिक्षामा मुख्यतया कामको प्रगतिको बारेमा र आम्दानी तथा खर्चको बारेमा छलफल हुने गर्दछ। यस्तो छलफलले निर्माणमा आईपरेका समस्याहरुको बारेमा थाहा हुने भएकोले उपभोक्ता समितिलाई उपभोक्ताहरुको तर्फबाट आवश्यक सुझाव, सल्लाह र सहयोग समेत प्राप्त हुन आउँछ। आयोजना निर्माण शुरु हुनु भन्दा अगाडि सार्वजनिक सुनुवाइ र आयोजना निर्माण सम्पन्न भएपछि सम्पूर्ण खर्चको विवरण तयार गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ।

### २.२.१० दिगोपना तथा आन्तरिकिकरण (Sustainability and Internalization)


सामाजिक परिचालन परिपक्व हुँदै जाँदा उपभोक्ता तथा उपभोक्ता समितिहरुको ज्ञान, सीप तथा धारणामा समेत परिवर्तन आउँदछ । यसरी विकास भएको क्षमतालाई टिकाइ राख्न तथा आयोजनालाई दिगो रुपमा संचालन गर्न उपभोक्ता समिति वा व्यवस्थापन समितिलाई संस्थागत रुपमा अगाडि बढाउन दिगो व्यवस्थापनको जरुरी हुन्छ । यसको लागि अनौपचारिक वा अर्ध औपचारिक रुपमा संचालित उपभोक्ता संस्थाहरु कानूनी रुपमा औपचारिक संस्थाको रुपमा परिणत हुनु पर्दछ ।

सामाजिक परिचालन प्रक्रियालई निरन्तरता दिई दिगो रुपमा संस्थागत विकास गर्दै स्थानीय समुदायद्वारा नै कार्यक्रम संचालन तथा जिम्मेवारी बहन गर्ने परिपाटीको विकास गर्नु नै आन्तरिकिकरण वा दिगोपना हो । उपभोक्ता समितिलाई संस्थागत दिगो विकास तर्फ अग्रसर गराउन सहकारी, गैह्र सकारी संस्था वा उद्योग मध्ये कुनै एक विकल्प छनौट गर्न लगाई सम्बन्धित निकायमा दर्ता गराउनु पर्दछ । विकल्पहरु माथि जिल्ला विकास समिति, गाउँ विकास समितिका पदाधिकारीहरु, बिभिन्न राजनैतिक दलका प्रतिनिधिहरु र समुदायका सदस्यहरुलाई आवश्यक छलफल गर्न लगाई कुन विकल्प उत्तम हो भनी समुदायका सदस्यहरुलाई नै छनौट गर्न लगाउनु पर्छ । उपभोक्ता समितिको दिगो रुपान्तरण निमित्त समुदायका सदस्यहरुलाई त्यसका सवल पक्ष तथा दुर्वल पक्षहरुमाथि पनि प्रष्ट पारिदिनु पर्छ । वर्तमानमा देखिएका विद्यमान विकल्पहरु मध्ये सहकारीमा रुपान्तरण गर्नु उपयुक्त मानिन्छ किनभने यसमा सम्मिलित हुने अधिकांश व्यक्तिहरुको आर्थिक स्थिति कमजोर हुने हुनाले यस्ता मानिसहरुको निम्ति सहकारी प्रणाली विशेष उपयोगी हुन्छ । यसमा सबै सदस्यहरुको उद्देश्य समान रहन्छ तथा सबै पूर्वनिर्धारित नियमहरु अन्तर्गत रही एक साथ मिलेर उद्देश्य पुर्तिका निम्ति संलग्न भएका हुन्छन् ।

**उपभोक्ता समिति सहकारीमा रुपान्तरण हुँदा हुन सक्ने फाइदाहरु**

- आयोजना/प्रणालीको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्न ।
- सहकारीको माध्यमबाट पूँजी परिचालन गरी समुदायको दिगो विकासमा टेवा पुऱ्याउन ।
- स्थानीय स्तरमा वित्तिय मध्यस्थकर्ताको रुपमा सहभागी भै नवीकरणीय ऊर्जाका अन्य प्रविधिहरुको विकास गर्न ।
- सञ्चालन र व्यवस्थापनमा सरलीकरण र पारदर्शिता बढाउन ।
- ऊर्जाको उत्पादनमूलक प्रयोगमा बृद्धि गर्ने अवस्था विकास गर्न ।
- विभिन्न समिति तथा उप समितिहरुको संस्थागत दिगो विकास गर्न ।
- व्यवसायिक उत्तरदायित्वको बोध गराउन ।
- बचत तथा ऋण परिचालन गर्ने अवसरको सृजना गर्न ।
- स्थानीय रुपमा संकलन भइरहेको अनौपचारिक बचतलाई व्यवस्थित गर्न ।
- व्यवस्थापन र लेखा प्रणालीलाई मजबुद बनाउन ।

कुनै पनि कार्यक्रम संचालन एउटा निश्चित अवधिको लागि मात्रै हुने गर्दछ तर समुदायको कुनै अवध हुँदैन, यो निरन्तर चलिरहको हुन्छ । त्यसैले कार्यक्रम संचालन गर्दा समुदायलाई शुरुमै कार्यक्रम अवधिको बारेमा जानकारी गराई समुदाय स्वयम्ले कार्यक्रम संचालन गर्ने क्षमताको विकास गर्दै लैजानु पर्दछ । सामाजिक परिचालन आफैमा एउटा प्रक्रिया भएकोले यसको अन्त्य हुँदैन, कुनै कार्यक्रम शुरुवात र सम्पन्न पश्चात् पनि सामाजिक परिचालन प्रक्रिया नियमित रुपमा चलिरहनु पर्दछ ।




***चार्ट ७: आन्तरिकिकरण प्रक्रियामा अधिकारमुखी उपभोक्ता संस्थाहरुको रुपान्तरण***

# अध्याय–३

## नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा सामाजिक परिचालन
## (Social Mobilization in Promoting Renewable Energy Technologies)

### ३.१ सामुदायिक विद्युतीकरण आयोजना (Community Electrification Project)




*चार्ट ८: लघु तथा साना जलविद्युत आयोजनामा सामाजिक परिचालनका चरणहरु*

# सामुदायिक विद्युतीकरण आयोजना (Community Electrification Project)

## आयोजनाको तयारी चरण (Preparatory Phase)

### ३.१.१ आयोजना माग

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले कम्तीमा ५ बर्ष सम्म राष्ट्रिय प्रशारण लाईनको विस्तार हुन नसक्ने स्थानका समुदायको लागि लघु तथा साना जलविद्युत प्रवर्द्धनमा जोड दिईरहेको छ । यस्ता स्थानहरुमा मिनिग्रिड, स्थानीय ग्रिड, वा क्षेत्रीय ग्रिडको माध्ययमबाट विद्युतीकरण गर्न स्थानीय उपभोक्ताले आयोजना माग गर्नुपर्दछ । आयोजना स्थानीय उपभोक्ता, सहकारी वा निजि क्षेत्र मध्ये जुनसुकैको स्वामित्वमा संचालन हुनेगरी माग गर्न सकिन्छ । तर आयोजना माग गर्नु भन्दा पहिले उपलब्ध पानीको स्रोत, बिद्युत जडान हुन सक्ने घरधुरी संख्या र अनुदान बाहेकको लगानी विश्लेषण गर्नुपर्दछ । आयोजना माग गर्दा निवेदनमा निम्न बिषयहरु खुलेका हुनुपर्दछ :

क. तोकिएको ढाँचाको निवेदन (अनुसूची-१ अनुसार)

ख. सम्बन्धित गाविसको सिफारिस

ग. ५ बर्ष सम्म राष्ट्रिय प्रशारण लाईन विस्तार नहुने भनी नेपाल बिद्युत प्राधिकरणको जानकारी पत्र (राष्ट्रिय प्रशारण प्रणालीमा तत्काल नजोडिने आयोजनाको हकमा )

### ३.१.२ पूर्व सम्भाव्यता अध्ययन

माग भई आएका लघु तथा साना जलविद्युत आयोजनाहरुको लागि शाखा/इकाई वा क्षेत्रीय सेवा केन्द्रले पूर्व सम्भाव्यता अध्ययन गर्नु पर्दछ । पूर्व सम्भाव्यता अध्ययन सम्भावित ईकाइ/शाखा, क्षेत्रीय सेवा केन्द्रले सामाजिक परिचालक र प्राविधि कर्मचारीको टोली बनाई गर्नुपर्दछ । टोलीले माग भई आएका निवेदनका आधारमा घरधुरी, पानीको स्रोत, उचाई तथा समुदायको प्रतिबद्धता आदिको सम्भावना हेर्ने कार्य गर्दछ । यसमा सामाजिक परिचालक अनिवार्य उपस्थित हुनुपर्ने छ । अध्ययनको क्रममा सम्बन्धित उपभोक्ताको भेला गराई निम्न बिषयहरुमा प्रारम्भिक जानकारी दिनुपर्दछ ।

- भेलामा सबै उपभोक्ता तथा सेवाग्राहीलाई सर्वेक्षणको बारेमा जानकारी दिने ।
- प्राविधिक रुपमा हुन सक्ने कुरामा मात्र जोड दिने ।
- समुदायलाई संलग्न सरोकारवालाको सीमाको बारेमा सुसूचित पार्ने ।
- सुख्खा समयमा मात्र सर्वेक्षण गर्ने ।
- निति भन्दा बाहिर गएर अन्य कार्य नगर्ने ।
- गाविस प्रतिनिधि, स्थानीय राजनैतिक दल तथा जन-प्रतिनिधि आदिको उपस्थितलाई ध्यान दिने ।
- पानीको स्रोत, मुहान, उचाई तथा घरधुरी र पावर हाउस राख्ने स्थानलाई बढी महत्वका साथ हेर्ने ।
- आयोजनाको सम्भावनाका लागि अध्ययन प्रतिवेदन तयार भए पश्चात कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दै समुदायबाट विदा हुने ।

### ३.१.३ उपभोक्ता समिति गठन

लघु तथा साना जलविद्युत आयोजना संचालन गर्नको लागि आयोजनाबाट लाभान्वित हुने सम्पूर्ण उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्दछ । समितिमा मुख्य तीन पदहरु अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक पद महिला सहित समितिमा कम्तिमा एक तिहाई महिला अनिवार्य रहनु पर्दछ । यसै गरि गरिव, पिछडिएको वर्ग, दलित, जनजातीको प्रतिनिधित्व कम्तिमा ४० प्रतिशत हुनुपर्दछ ।

उपभोक्ता समितिको बनावट निम्न अनुसार हुनुपर्दछ :

१. अध्यक्ष –१

२. उपाध्यक्ष–१

३. सचिव– १

४. कोषाध्यक्ष –१

५. आवश्यकता अनुसारका सदस्यहरु राख्नुपर्नेछ ।

यस्ता उपभोक्ता समिति धेरै ठूलो भएमा बैठक संचालन तथा व्यवस्थापनमा कठिनाई आउन सक्छ । धेरै ठूलो क्षेत्र भएमा सहायक समिति वा उप समितिहरु बनाउन सकिन्छ । उपभोक्ता समिति ९ देखि १५ जनासम्मको बनाउँदा उपयुक्त हुन्छ ।

**उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार**

लघु तथा साना जलविद्युत आयोजनामा उपभोक्ता समितिको व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहन्छ । उपभोक्ता समूहको सम्पुर्ण प्रशासकिय अधिकार उपभोक्ता समितिमा रहने छ । आयोजनाको उद्देश्य, अभिप्राय, निति र कार्यक्रमको निर्णय उपभोक्ता समितिले नै गर्नेछ । उपभोक्ता समितिमा आफ्नो आयोजना क्षेत्र भित्रका गरिव तथा पिछडिएको वर्गको सूचीमा रहेका वा गाविसको सूचीबाट अति गरिव, सिमान्तकृत, आदिवासि आदिको सुचिमा परेकालाई आयोजनाको लाभको बाँडफाँडमा समान रुपले समावेश गराउनुपर्दछ । उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार छ ।

- आयोजना संचालनको लागि गाविससंग सिफारिस लिने ।
- जिल्ला जलस्रोत समितिमा मुहान दर्ता गर्ने वा १०० किलोवाट भन्दा माथि १००० किलोवाट सम्मको आयोजनाको हकमा बिद्युत विकास बिभागलाई जानकारी दिने ।
- आयोजना संचालनको लागि आवश्यक स्रोत जुटाउने ।
- सरोकारवाला विभिन्न निकायहरुसंग सहकार्य तथा समन्वय गर्ने ।
- आयोजनाको उद्धेश्य पुर्तिका लागि आवश्यक पर्ने कार्यविधि तथा निति निर्धारण गरी लागु गर्ने ।
- उपभोक्ता समितिले आय व्ययको विवरण उपभोक्ता समूहको साधरण सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।
- समितिले आफुसंग रहेको आंशिक अधिकार प्रत्यायोजन गरी आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गर्ने ।
- समितिले तोकिएको अधिकारी र उपभोक्ता समक्ष तोकिए बमोजिम सार्वजनिक लेखापरिक्षण प्रतिवेदन तयार गरी पेश गर्ने ।
- आयोजनासंग सम्वन्धित सम्पूर्ण कागजातहरु सुरक्षित साथ राख्ने ।
- कुनै पनि विषयमाथि छलफल वा निर्णय गर्दा बढि भन्दा बढि सहभागिता जुटाई लोकतान्त्रिक माध्यमबाट हल गर्ने ।
- सम्वन्धित विषयका निति, नियम र लाभकारी जानकारीहरु हासिल गरी उपभोक्तालाई जानकारी दिने ।
- संचालन गरिएको कार्यहरुको प्रगती विवरण तथा हिसाव कितावको यर्थाथ विवरण उभोक्ताहरु, दातृ निकाय तथा अन्य सरोकारवाला निकायहरुलाई नियमित रुपमा उपलब्ध गराउने ।

### ३.१.४ विस्तृत सम्भाव्यता अध्ययन

पूर्व सम्भाव्यता अध्ययनबाट उचित देखिएको आयोजनाको बिस्तृत सम्भाव्यता अध्ययन कार्य हुनेछ । विस्तृत सम्भाव्यता अध्ययनको लागि क्षेत्रीय केन्द्र वा शाखा/ईकाइले स्थानीय उपभोक्ता समितिको नाममा निर्दिष्ट फारामहरु र विस्तृत सम्भाव्यता अध्ययन गर्न पाउने परामर्शदाताहरुको सूची सहित पत्राचार गर्दछ । पत्राचार पश्चात् स्थानीय उपभोक्ता समितिले

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले मान्यता प्रदान गरेका परामर्शदाताहरु (जुन योग्यता पुगेका वा कार्य गर्न सक्षम छन्) बाट विस्तृत सम्भाव्यता अध्ययनको लागि सूचीमा उपलब्ध मध्ये कुनै एक परामर्शदातालाई छनौट गरी उपभोक्ता समिति र सम्भाव्यता अध्ययन गर्ने परामर्शदाता बीच अध्ययनको लागि सम्झौता हुन्छ । सम्झौता पश्चात् पूर्व सम्भाव्यता अध्ययनको प्रतिवेदनलाई समेत विचार गरी परामर्शदाताद्वारा स्थलगत रुपमा विस्तृत सम्भाव्यता अध्ययन कार्य हुन्छ । सर्वेक्षणको समयमा क्षेत्रीय केन्द्र वा शाखा/ईकाइको प्रतिनिधि उपस्थिति हुनु जरुरी हुन जान्छ । सर्वेक्षणको क्रममा निम्न कार्यहरु गर्नु पर्दछ :

- उपभोक्ताहरुको भेला बोलाई बिस्तृत सम्भाव्यता अध्ययनमा सहयोग गर्न अनुरोध गर्ने ।
- घरधुरी, पावर हाउस तथा कुलो, मुहान आदिको स्थान यकिन गर्ने ।
- पानीको मात्रा वा क्षमता मापन गर्दा उच्च प्रविधिको प्रयोग गर्ने ।
- सर्वेक्षणका लागि आवश्यक गुणस्तरयूक्त मेशिन औजार प्रयोग गर्ने ।
- सम्भव भएसम्म जिविस तथा गाविसका प्रतिनिधिलाई सर्वेक्षणको समयमा उपस्थित हुन आमन्त्रण गर्ने ।
- सर्वेक्षणमा योग्य तथा अनुभवी व्यक्ति मात्र खटाउने ।
- ट्रान्समिसन लाईनका लागि टेप नै प्रयोग गरी नाप गर्ने र डोरीको प्रयोग नगर्ने र नाप जाँच गर्नका लागि आफै अग्रसर हुने । समुदायलाई नलगाउने ।
- आयोजनाको उत्पादन क्षमता बारे फिल्डमा अन्तिम निर्णय नदिने, जसले पछि समुदायमा अन्य प्राविधिकसँग विवाद आउन सक्ने हुन्छ ।
- विस्तृत सम्भाव्यता अध्ययन पश्चात् उपभोक्ता समितिले भर्नुपर्ने लघु तथा साना जलविद्युत आयोजनाको लागि अनुदान आवेदन (अनुसूची-२) बारे जानकारी गराउने ।

### ३.१.५ पानीको अग्राधिकारको लागि जलस्रोत समितिमा दर्ता तथा विद्युत विकास विभागको सहमति

पूर्व सम्भाव्यताको आधारमा उक्त स्थानमा लघु तथा साना जलविद्युत आयोजना निर्माण गर्न उचित ठहरिएमा उपभोक्ता समितिले जिल्ला जलस्रोत समितिमा दर्ता प्रकृया अगाडि बढाउनु पर्दछ । जिल्ला जलस्रोत समितिमा दर्ता गर्न आवश्यक पर्ने कागजातहरु निम्न छन् :

- निवेदन फाराम थान - १ (निर्दिष्ट अनुसूचि बमोजिम) ।
- बिधान ३ प्रति (सम्पूर्ण सदस्यहरुले सहि गरेको) दफा नं. ५ बमोजिम ।
- पदाधिकारीको नागरिकताको प्रतिलिपी (उपभोक्ता समितिको मात्र) ।
- गाविस/नपाको निर्णय सहितको सिफारिस पत्र (उपयोग गर्ने र गराउने) ।
- नेपाल विद्युत प्राधिकरणको सिफारिस ( उक्त क्षेत्रमा आगामी ५ बर्ष सम्म राष्ट्रिय प्रशारण लाईन विस्तार गर्ने कार्यक्रम नभएको भन्ने जानकारी पत्र राष्ट्रिय ग्रिडमा तत्काल नजोडिने आयोजनाको हकमा) ।
- साधारण सभाको निर्णय प्रतिलिपी (संस्था दर्ता सम्बन्धी मनसाय) ।
- मुहानको नक्सा (प्राविधिक नक्सा) वा सामुदायिक नक्सा ।
- मुहानको दुरी (उपभोक्ता देखि समुदाय ) ।
- मुहान व्यक्तिको भएमा मन्जुरीनामा ।
- जिल्ला विकास समितिको लेखा शाखामा तोकिएको शुल्क तिरेको नगदी रसिद ।
- सम्बन्धित स्थानमा सामुदायिक वन उपभोक्ता समिति गठन भएको भए उक्त वन समितिको सिफारिस ।

१०० देखि १००० किलोवाटसम्मका साना जलविद्युत आयोजनाको विकास गर्न चाहने व्यक्ति वा संस्थाले विद्युत उत्पादनको सर्वेक्षण वा उत्पादनको जानकारी स्वीकृतिको लागि देहाय बमोजिमको विवरण र कागजात संलग्न गरी विद्युत विकास विभाग समक्ष जानकारी दिनु पर्दछ ।

- विद्युत नियमावली २०५० को अनुसूची-१ बमोजिम ढाँचामा विद्युत उत्पादन गर्ने क्षमता, माग गरेको सर्वेक्षण क्षेत्रको अक्षांश र देशान्तर,
- Detail Study Reports (अध्ययन कार्यको Detailed Cost Breakdown र Work Schedule एवम् आयोजनाको Hydrological Analysis सहित),
- संस्थाको नामबाट जानकारी दिन चाहेमा सो को दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावली,
- आर्थिक क्षमता प्रमाणित हुने कागजात विवरण,
- प्राविधिक क्षमता प्रमाणित हुने कागजात विवरण,
- सम्पर्क गर्ने आधिकारीक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर (कार्यालय, निवास) मोबाइल नम्बर, फ्याक्स नम्बर, पोष्ट बक्स नम्बर तथा इमेल ठेगाना,
- १:२५,०००/१:५०,००० स्केलका नापी विभागद्वारा प्रकाशित स्थलरुपी सक्कल नक्शा (ORIGINAL TOPO MAP) मा रेखांकन गरिएको अक्षांश र देशान्तर खुलेको प्रोजेक्ट लेआउट,
- सम्बन्धित जिल्ला जलस्रोत समिति समेतलाई जानकारी दिएको सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाले आयोजना विकास गर्न सहमति दिएको सिफारिस पत्र,

जलस्रोत समितिमा दर्ता गर्नको लागि पेश गर्ने निवेदन (अनुसूची-३), लघु तथा साना जलविद्युत उपभोक्ता समितिको विधान (अनुसूची-४) र उपभोक्ता समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार (अनुसूची-५) तथा १०० देखि १००० किलोवाटसम्मको आयोजना विद्युत विकास विभागमा सहमति लिन पेश गरिने निवेदन ढाँचा अनुसूची ६ मा दिइएको छ ।

### ३.१.६ स्रोत संकलन र व्यवस्थापन

लघु तथा साना जलविद्युत आयोजना निर्माण गर्न बिभिन्न स्रोतको परिचालन गर्नुपर्ने हुन्छ । आर्थिक, भौतिक, मानवीय तथा सामाजिक संगठनात्मक स्रोतको उचित व्यवस्थापनबाट मात्रै आयोजना सफल हुन्छ । आयोजनाको लागि कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम कुल लागतको करिब ४० प्रतिशत हाराहारीमा हुने भएकोले सबैभन्दा बढी मात्रामा चाँजोपाजो मिलाउनु पर्ने काम भनेको आर्थिक स्रोत हो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत् आयोजनाको क्षमता अनुसार उपलब्ध हुने अनुदान, जिल्ला विकास समितिले उपलब्ध गराउने लगानी, गाविस मार्फत विनियोजित हुने रकम तथा स्थानीय स्तरमा संचालित बिभिन्न सहयोगी संस्था तथा कार्यक्रमबाट आउन सक्ने रकमलाई उपभोक्ता समितिमा छलफल गराई नपुग भएको रकम बैंक तथा बित्तीय संस्थाबाट कर्जाको रुपमा समेत व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

आयोजना निर्माण शुरु हुनु अगाडि नै स्रोतको व्यवस्थापन नगर्दा जडानकर्ता कम्पनि र उपभोक्ता बीच सम्झौता भई आयोजना निर्माण अगाडि बढ्दै जाँदा रकमको अभावले आयोजनाको काममा रोकावट आउन सक्छ । समुदायको आर्थिक स्तर अनुसार लाभान्वित घरधुरीबाट नगदै संकलन गरेर पनि केही रकम जोहो गर्न सकिन्छ । यसरी रकम संकलन गर्दा भने विपन्न वर्गको आर्थिक हैसियतलाई ध्यानमा राखी उनीहरुको लागि न्यून रकम मात्रै लगानी गरे हुने वातावरणको सृजना गर्नु पर्दछ । आयोजना निर्माण कार्यमा श्रमदान परिचालन गर्नु उत्तिकै आवश्यक हुन्छ । श्रमदान गर्दा समुदायका निम्न वर्गले बढी गर्नुपर्ने र मध्यम तथा उच्च वर्गले कम गरेपनि हुने अवस्थाको सृजना हुन दिनु हुँदैन । मध्यम तथा उच्च वर्गका घरधुरीले श्रमदान गर्न नसक्ने भएमा उनीहरुबाट नगदै उठाई अरुलाई ज्यालामा काम गराउनु पर्दछ । जसले गर्दा स्थानीय स्तरमा आंशिक रोजगारीको अवसर उपलब्ध हुन्छ ।

### ३.१.७ सार्वजनिक सुनुवाइ

आयोजना संचालन हुनु भन्दा पहिला उक्त आयोजनाको बारेमा त्यसको क्षमता, लाभान्वित घरधुरी, अनुमानित लागत, श्रमदान तथा बिभिन्न क्षेत्र तथा निकायबाट उपलब्ध हुने सक्ने अनुदान र नपुग रकमको बारेमा लाभान्वित घरधुरीका सबै उपभोक्तालाई भेला गराई आर्थिक तथा सामाजिक सबै पक्षको जानकारी गराउने काम सार्वजनिक सनुवाइ मार्फत गरिन्छ । यसबाट स्थानीयहरुले बन्दै गरेको वा निर्माण हुन लागेको आयोजनाको कूल लागत तथा त्यसबाट फाईदा पुग्ने अवस्था र सहयोग गर्ने निकायहरुको बारेमा बिस्तृत जानकारी प्राप्त गर्दछन् । सार्वजनिक सुनुवाइमा प्राय समुदायमा रहेका विपन्न तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको उपस्थिती कमै मात्रामा हुने भएकाले भेलामा यस्ता सूचीमा परेका आयोजना क्षेत्र भित्रका व्यक्तिहरुको अनिबार्य उपस्थिती गराउन बिशेष पहल गर्नुपर्दछ । जसले उपभोक्ता समितिमा उनीहरुको सामानुपातिक प्रतिनिधित्व हुने सुनिश्चित हुन्छ । सम्बन्धित क्षेत्रीय सेवा केन्द्र वा शाखा/ईकाइले उनीहरुको उपस्थितीका लागि आवश्यक सहजिकरण गर्नुपर्दछ । भेलामा उपभोक्ता समिति वा व्यवस्थापन समितिले कार्यक्रम वा आयोजनाबारे लिखित जानकारी प्रस्तुतीकरण गर्ने र उपभोक्ता बीच छलफल चलाउने काम गर्नु पर्दछ । सुनुवाइमा सम्बन्धित गाविसका प्रतिनिधि र सो क्षेत्रमा कार्यरत अन्य संघ संस्था निकायका प्रतिनिधिलाई निमन्त्रणा गर्नुपर्दछ । जसले गर्दा आयोजनाको पारदर्शिता सुदृढ हुनुका साथै आवश्यक सहयोग जुट्ने वातावरण निर्माण गर्न उपभोक्ता समितिलाई मद्दत पुग्दछ ।

## आयोजना निर्माण चरण (Construction Phase)

### ३.१.८ कम्पनी छनौट

आयोजनाको बिस्तृत प्रतिवेदन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक मूल्यांकन समितिबाट स्विकृत भएपछि केन्द्रबाट उपभोक्ता समितिलाई सो को जानकारी प्राप्त हुन्छ । प्रतिवेदन प्राप्त भएपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट निकासा हुने अनुदान बाहेकको नपुग रकम मध्ये ७५?????? प्रतिशत लागत उपभोक्ता समितिले अन्य स्रोतबाट उपलब्ध हुने कुराको प्रत्याभूती गराउनुपर्नेछ । रकमको प्रत्याभुती भएपछि उपभोक्ता समितिको बैठक बसी बैठकको निर्णय प्रतिलिपि र समितिको तर्फबाट बोलपत्र आह्वानको लागि निवेदन क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाई समक्ष सहजिकरणको लागि अनुरोध गर्नेछ । उक्त निवेदन पश्चात् क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईले उपभोक्ता समितिको तर्फबाट मान्यता प्राप्त जडानकर्ता कम्पनीहरुलाई आयोजना जडानको लागि आवश्यक सम्पूर्ण इलेक्ट्रो-मेकानिकल उपकरणहरुको आपूर्ति तथा जडान कार्य गर्न शिलबन्दि बोलपत्रको आह्वान गर्दछ । उक्त आह्वान वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा क्षेत्रीय केन्द्रको वेवसाइटमा राखिएको हुन्छ । बोलपत्र बुझाउने समयावधि र बोलपत्र सम्बन्धि अन्य प्रावधानहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सामुदायिक विद्युतीकरण खरिद निर्देशिका अनुसार हुनेछ ।

बोलपत्र आह्वान अनुरुप समयमा प्राप्त भएका शिलबन्दि बोलपत्रहरुलाई क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईले सम्वन्धित जिल्लामा रहेको जिल्ला विकास समितिका प्राविधिक, उपभोक्ता समितिका प्रतिनिधि, जडानकर्ता कम्पनी तथा क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईका प्राविधिक सहितको रोहबरमा उक्त शिलबन्दि बोलपत्रहरुलाई सार्वजनिक गर्दछ । सार्वजनिक भएको बोलपत्रहरुलाई विश्लेषण गरी सिफारिश गर्न बोलपत्र मूल्याङ्कन समिति गठन गर्नु पर्दछ । उक्त समितिमा क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईका प्राविधिक, जिविसका प्राविधिक तथा उपभोक्ता समितिका प्रतिनिधि हुनेछन् । रितपुर्वक (आर्थिक तथा प्राविधिक) आएका बोलपत्रलाई मूल्यांकन/बिश्लेषण गरी उपयुक्त बोलपत्रलाई मूल्यांकन समितिले छनौट गरी सम्झौताको लागि उपभोक्ता समितिलाई सिफारिस गर्नेछ । यसपछि उपभोक्ता समिति र सिफारिश भएको कम्पनी बीच आवश्यक प्रकृया पुरा क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईको रोहवरमा जडानकर्ता कम्पनी र उपभोक्ता बीच सम्झौता हुनेछ । लघु तथा साना जलविद्युत आयोजना जडान कार्यको ठेक्का सम्झौताको नमूना अनुसूची-७ मा दिइएको छ ।

### ३.१.९ अनुदान स्वीकृतको लागि कागजात तयारी

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र वा केन्द्रिय नवीकरणीय ऊर्जा कोषले उपलब्ध गराएको शर्तीय अनुदान स्वीकृतीको आधारमा उपभोक्ता समितिले आवश्यक कागजपत्रहरुको संकलन तथा तयारी गर्नुपर्दछ । अनुदान स्वीकृतीको लागि आवश्यक पर्ने सम्पूर्ण कागजपत्रहरु क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईमा प्राप्त भएपछि सोको आवश्यक विश्लेषण गरिन्छ । उपभोक्ता समितिले पेश गरेको आधारमा क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईबाट अनुदान स्वीकृतीको लागि केन्द्रिय नवीकरणीय ऊर्जा कोषमा सिफारिश साथ पेश हुन्छ। केन्द्रिय नवीकरणीय ऊर्जा कोषले शर्तीय अनुदान स्वीकृती अनुसार माग गरिएका कागजपत्रहरु प्राप्त भएपछि अनुदान स्वीकृत गर्दछ। अनुदानको स्वीकृती पश्चात् वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तर्फबाट उपलब्ध हुने अनुदानको निश्चित रकम जडानकर्ता कम्पनीले बैंक जमानी राखेपछि सिधै जडानकर्ता कम्पनीलाई भुक्तानी गरिन्छ। अनुदान स्वीकृतीका लागि निम्न अनुसारका कागजातहरुको आवश्यकता पर्दछ :

- बोलपत्र आह्वानको सूचना, बोलपत्र खोल्दाको निर्णय, बोलपत्र मूल्याङ्कन समितिले जडानकर्ता कम्पनी छनौटको लागि गरेको सिफारिशको निर्णय तथा जडानकर्ता कम्पनी छनौटको लागि उपभोक्ता समितिले गरेको निर्णय प्रतिलिपी ।
- साइट भेरिफिकेशन प्रतिवेदन ।
- पहिलो सम्झौतामा ठेक्का रकम परिवर्तन भएमा नयाँ सम्झौता तथा कोटेशन ।
- उपभोक्ता समिति गठनको निर्णयको प्रतिलिपी ।
- जन श्रमदान र घरेलु तथा परिप्रयोग महशुल निर्धारण गरेको निर्णयको प्रतिलिपि ।
- विद्युत बाल्ने सम्पूर्ण घरमुलीको नाम, ठेगाना र सहीछाप ।
- उपभोक्ता समिति गठनको बिधान ।
- १०० किलोवाटसम्मको हकमा जिल्ला जलस्रोत समितिको प्रमाण पत्रको प्रतिलिपी, १०० किलोवाट देखि १००० किलोवाट क्षमताको आयोजनाको हकमा भने विद्युत विकास विभागको सहमति पत्रको प्रतिलिपी ।
- बैंक व्यालेन्स सर्टिफिकेट वा तत्कालिन बैंक स्टेटमेन्ट ।
- गाविसले लगानी गर्ने भएमा गाविसको प्रतिवद्धता पत्र ।
- जिविसले लगानी गर्ने भएमा जिविसको प्रतिवद्धता पत्र ।
- कम्पनीलाई नगद भुक्तानी गरिएको भए कम्पनीको भरपाई ।
- ऋृण लगानी हुने भए बैंक वा वित्तीय संस्थाबाट ऋृण स्वीकृतीको पत्र तथा शर्तनामा ।
- सिभिल काममा खर्च भएको भए जडानकर्ता वा सेवा केन्द्रले प्रमाणित गरेको कागजपत्र ।
- अन्य संस्थाले लगानी गर्ने भए व्याज र भुक्तानी अवधी खुलाएको सम्झौता पत्र ।
- कम्तीमा ३ वटा आधिकारीक म्याद बाँकी रहेको कोटेशन ।
- कम्पनीसंगको सम्झौता पत्र र कार्य योजना ।
- आयोजनाको व्यवसायिक योजना ।
- उद्योग संचालन गर्ने उद्यमीहरुको लिखित प्रतिबद्धता ।
- मुख्य उपकरणहरुको पर्याप्त स्पेसीफिकेसन ।
- निजी जग्गा भएमा कुन स्थानको (कुलो देखि पावर हाउसको कुन भनी खुलाउने) र कित्ता नं. समेत खुलाई सम्बन्धित व्यक्तिहरुको मञ्जुरीनामा ।
- सार्वजनिक जग्गा भएमा सम्बन्धित गाविसबाट जग्गा भोगचलन गर्न दिएको स्वीकृती पत्र ।
- १०० कि.वा. भन्दा माथि १००० कि. वा. सम्मका साना जलविद्युत आयोजनाको हकमा भने राष्ट्रिय तथा अन्तराष्ट्रिय ठेकेदार कम्पनीहरुसंग ठेक्का प्रक्रिया अनुसार आयोजना निर्माणको करार सम्झौता गर्न सकिनेछ । एक देखि बढीमा चार वटा प्याकेज (सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रो–मेकानिकल, प्रसारण तथा वितरण) बनाई ठेकेदार कम्पनीहरु छनौट गर्न सकिनेछ। ठेकेदार कम्पनी छनौट गर्दा र आयोजना निर्माण गर्दा केन्द्रको सामुदायिक विद्युतीकरण खरीद निर्देशिका वमोजिम गर्नुपर्नेछ।

लघु तथा साना जलविद्युत आयोजनाको अनुदान स्वीकृतीको लागि आवश्यक पर्ने कागज पत्रहरु (अनुसूची-८) मा उल्लेख गरिएको छ।

### ३.१.१० अपरेटर र मेनेजर छनौट

लघु तथा साना जलविद्युत आयोजना संचालनमा अपरेटर र मेनेजरको महत्वपूर्ण भूमिका हुन्छ । अपरेटरले आयोजनाको संचालनको काम हेर्दछ भने मेनेजरले मुख्यतया व्यवस्थापन सम्बन्धी कार्यहरुको जिम्मेवारी लिन्छ । अपरेटर तथा मेनेजर छनौटको लागि तपशिलको प्रक्रिया अपनाउनु पर्दछ ।

- उपभोक्ता समितिले अपरेटर तथा मेनेजरको आवश्यकता सम्बन्धी जानकारी समुदायमा गराउने र इच्छुकहरुलाई आवेदन दिन सार्वजनिक रुपमा सूचित गर्ने ।
- प्राप्त भएका निवेदन संकलन गरी उपभोक्ता समितिको बैठक/भेलामा छलफल गर्ने ।
- विपन्न तथा जोखिममा रहेका जस्तैः दलित, जनजाती, महिला, आदिवासी आदि समुदायका सदस्यहरुलाई पहिलो प्राथमिकता दिने ।
- सम्भव भएसम्म सर्वसम्मतको आधारमा अपरेटर र मेनेजर छनौट गर्ने, आवश्यक परेमा सम्वन्धित उम्मेदवारहरुको लिखित तथा अर्न्तवार्ताबाट परिक्षण गर्ने ।
- छनौट भएका अपरेटर तथा मनेजरले तालिम पश्चात् ज्ञान सिपको सदुपयोग गर्ने कुराको प्रतिबद्धता लिने ।

***अपरेटर तथा मेनेजर छनौटका आधारहरु***

- अपरेटरको हकमा आठ कक्षा र मेनेजरको हकमा दशम् कक्षा उत्तिर्ण उम्मेदवार हुनुपर्ने । यस्तो जनशक्ति उपलब्ध हुन नसक्ने अवस्थामा मात्रै सामान्य लेखपढ गर्न सक्ने उम्मेदवारलाई समावेश गर्न सकिने ।
- अपरेटरको हकमा सामान्य प्राविधिक ज्ञान तथा मेनेजरको हकमा लेखा सम्बन्धी ज्ञान भएको उम्मेदवारलाई प्रथामिकता दिने ।
- स्थायी रुपमा गाउँमै बसोवास गर्ने । तालिम लिन गाउँ छोडेर बाहिर जान सक्ने व्यक्ति हुनुपर्ने ।
- समुदायले विश्वास गरेको तथा इमान्दार व्यक्तित्व भएको उम्मेदवार हुनुपर्ने ।
- नैतिक आचरण खराब नभएको व्यक्ति हुनुपर्ने ।
- अपरेटरको हकमा ४५ वर्ष उमेर नकटेको उम्मेदवारलाई प्राथमिकता दिने ।

### ३.१.११ क्षमता अभिबृद्धि

लघु तथा साना जलविद्युत निर्माणमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा स्थानीय उपभोक्ताहरुको आर्थिक तथा प्राविधिक लगानी परेको हुन्छ । आयोजनालाई दिगो रुपमा संचालन गर्नु अझै चुनौतीपूर्ण कार्य हो । यसका लागि स्थानीय उपभोक्ताहरुको क्षमता अभिबृद्धि गर्नु अपरिहार्य हुन्छ । लघु जलविद्युत आयोजना संचालन तथा व्यवस्थापनको लागि स्थानीय स्तरमै दक्ष जनशक्तिको आवश्यकता हुन्छ । उपभोक्ता समितिले छनौट गरेका अपरेटर तथा मेनेजरहरुका लागि वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रले निश्चित अवधिको तालिम प्रदान गर्दछ । अपरेटरको हकमा जडानकर्ता कम्पनीले जडान कार्यको बेलामा स्थलगत तालिम प्रदान गर्नुपर्ने हुन्छ । अपरेटर तथा मेनेजरको लागि उपभोक्ता समितिले सम्भव भएसम्म महिला तथा पिछडिएको वर्गबाट छनौट गर्नुपर्दछ । साथै समुदायमा आवश्यकता अनुसार उपभोक्ता समितिका पदाधिकारी, सदस्य र उपभोक्ताहरुलाई विभिन्न क्षमता अभिबृद्धि सम्बन्धी तालिम संचालन हुन्छ । यस्ता तालिमहरुले केहि हद सम्म उपभोक्ताको क्षमता अभिबृद्धिमा सहयोग पुग्दछ । अपेरेटरको भूमिका अनुसूची-९ र व्यवस्थापकको भूमिका अनुसूची-१० मा दिइएको छ ।

### ३.१.१२ आयोजना निर्माण

जडानकर्ता कम्पनिले नजिकको मोटर बाटो (रोडहेड) सम्म वा करार सम्झौतामा उल्लेख भए बमोजिमको स्थानमा उपलब्ध गराएको सम्पूर्ण इलेक्ट्रो-मेकानिकल उपकरणहरु उपभोक्ता समितिले निर्माण स्थलमा पु¥याएपछि जडानकर्ताका प्राविधिकहरु निर्माण स्थलमा पुगी निर्माण कार्यको शुरुवात गर्दछन् । आयोजना निर्माणको क्रममा क्षेत्रीय सेवा केन्द्र तथा इकाईका प्राविधिकहरुले समय समयमा अनुगमन गर्नु पर्दछ । अनुगमनको क्रममा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र स्वीकृत साइट भेरिफिकेशन प्रतिवेदन अनुरुप काम भएको छ छैन जाँच गर्नुपर्दछ । आयोजनाको निर्माण क्रममा उपभोक्ता समितिले जडानकर्ता प्राविधिकले माग गरे अनुरुपको निर्माण सामग्री तथा कामदारहरु उपलब्ध गराउनु पर्ने हुन्छ । साथै निर्माणको क्रममा सही तरिकाले जडानकर्ता प्राविधिकले निर्माण गरी रहेको छ वा छैन भनी गाउँ विकास समिति तथा जिल्ला विकास समितिका प्राविधिकहरुबाट समेत आवश्यक जाँच गराउनु पर्दछ । क्षेत्रीय केद्र, शाखा/इकाईको सहयोगमा उपभोक्ता समितिले निर्माणाधीन आयोजनामा गुणस्तरीय काम भई रहको छ छैन भन्ने कुरामा सधैं चनाखो भई रहनु पर्दछ । निर्माणको समयमा गुणस्तरको एकिन गर्न सकिएन भने एक त आयोजनाले आशातीत ऊर्जा शक्ति उत्पादन गर्न सक्दैन भने अर्को तर्फ भविष्यमा मर्मतमा अधिक लगानी गर्नुपर्ने हुन्छ । शक्ति उत्पादन परीक्षणको लागि भर्नुपर्ने घरधुरी जडान फाराम अनुसूची-११ मा उल्लेख गरिएको छ ।

### ३.१.१३ सार्वजनिक लेखापरीक्षण

विकास कार्यक्रममा भए गरेका कार्य र लगानीको लेखाजोखालाई “सार्वजनिक लेखापरीक्षण” (Public Audit) भनिन्छ । जसमा स्थानीय तहमा भए गरेका विकासका कृयाकलापहरु कसरी संचालन वा सम्पन्न भए ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रकृया तथा विवरण ठिक छ वा छैन ? भएका काम पारदर्शी छन्, छैनन् भन्ने विषयमा लेखाजोखा गरी सुझाव दिने अधिकार उपभोक्ता तथा सरोकारवालाहरुलाई हुन्छ ।
सार्वजनिक लेखापरीक्षण सामाजिक सशक्तिकरण, सामुदायिक सहभागिता तथा नागरिक निगरानीको निम्ति आवश्यक व्यवस्थापकीय औजार पनि हो । सार्वजनिक निकायहरुले आफनो क्षेत्रभित्र संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सुनिश्चित गरी सम्पादित कामको परिमाण, लागत, गुणस्तर समेतको लेखाजोखा गर्न सरोकारवालाहरुको सहभागितामा सार्वजनिक परीक्षण गर्दछ । सार्वजनिक परीक्षण योजना संचालनमा जनसहभागिता बृद्धि गर्न तथा उपभोक्तावाट सुझाव तथा प्रतिकृया लिने उद्देश्यले संचालन हुन्छ । त्यसैले सार्वजनिक परीक्षणमा सहभागीहरुवाट ब्यक्त भएका विचारहरु भविश्यको निति निर्माणको लागि आधार हुन सक्दछन् ।

**सार्वजनिक लेखापरिक्षण गर्दा ध्यान दिनु पर्ने बुँदाहरु**

- सार्वजनिक परिक्षणको उद्देश्यमा प्रष्ट हुने ।
- सम्वन्धित विकास क्रियाकलापसंग सम्वन्धित सरोकारवालाहरुको पहिचान गर्ने । सार्वजनिक परिक्षणका लागि सूचकहरु सरोकारवालाहरुको सहमतिमा तयार गर्ने ।
- सूचकहरुका आधारमा नियमित रुपमा तथ्यांक संकलन गर्ने र विश्लेषण गर्ने ।
- सम्वन्धित आयोजनामा प्रत्यक्ष संलग्न नभएको व्यक्तिलाई सहजकर्ताको रुपमा चयन गर्ने ।
- परिक्षणका लागि तयार गरिएको विवरणलाई सम्पूर्ण सरोकारवालाहरुको विचमा छलफल चलाउने ।
- सार्वजनिक परिक्षणवाट आएका नतिजाहरुलाई सम्पूर्ण सरोकारवालाहरुको जानकारीमा ल्याउने ।

## ३.१.१४ विद्युत महशुल दर निर्धारण

विद्युत उत्पादन पश्चात् उपभोक्ता/व्यवसायिसम्म पुऱ्याउन लाग्ने लागत र आयोजनाले लिने निश्चित मुनाफाको लेखाजोखाको आधारमा विद्युत सेवाको महशुल दर निर्धारण गर्नु पर्दछ । यसरी विद्युत महशुल दर निर्धारण गर्दा माग र आपूर्तिको सन्तुलनको आधारमा नाफा रकम कहिले घटी त कहिले बढी हुन सक्छ । विद्युत उपभोग गरेबापत उपभोक्ता/व्यवसायीले जुन मूल्य तिर्दछन्, त्यसलाई व्यवहारिक रुपमा बिक्री मूल्य भनिन्छ । विद्युत सेवाको बिक्री मूल्य निर्धारण गर्नु नै विद्युत महशुल दर निर्धारण गर्नु हो । लघु तथा साना जलविद्युत आयोजनाहरुमा विद्युत महशुल दर निर्धारण गर्दा आयोजनाको कुल लागत अनुसार निश्चित समयावधि भित्र आयोजना मुनाफामा जाने विश्लेषण सहित महशुल निर्धारण गर्ने गरिन्छ ।

स्थानीय स्तरमा सञ्चालित लघु तथा साना जलविद्युत आयोजनाहरुमा महशुल दर निर्धारण गर्दा निम्न कुरालाई ध्यान दिनुपर्दछ :

१. प्रति इकाई (वाट) विद्युत उत्पादन लागतको हिसाब किताब गरी उपभोक्ता समितिको बैठक वा आम भेलामा खुला छलफल गर्ने/गराउने ।

२. वार्षिक सञ्चालन लागत घटाउन सक्ने ठाउँमा सामूहिक छलफलद्वारा प्रयत्न गर्ने ।

३. समुदाय/उपभोक्ताले विद्युत महशुल वापत के कति रकम तिर्न सक्छन् ? उनीहरुको क्षमता के कस्तो छ ? छलफल गरी एकिन गर्ने ।

४. उपभोक्ताहरुले विद्युतिकरण नहुँदा प्रयोग गर्ने इन्धनको तुलनात्मक मूल्य कति छ ? दाउरा, मट्टितेल, डिजेल खपत र त्यसको मूल्य, तिनको प्रयोग गर्दा हुने कठिनाइ/बाधाहरु र बेफाइदाहरको मूल्याङ्कन गरी तुलना गर्ने । जस्तै : कुनै घरलाई मासिक ३ लिटर मट्टितेल लाग्छ भने प्रति लिटर रु. १००।- का दरले उसले मासिक लगभग रु. ३००।- बत्ति बाल्न खर्च गरेको हुन्छ ।

५. विद्युत प्राप्त हुँदा हुने फाइदाहरुको तुलनात्मक अध्ययन ।

६. उपभोक्ताहरुको आर्थिक स्तर कस्तो छ ? उपभोक्ताहरुको आम्दानीका स्रोतहरु के के हुन् ? उपभोक्ताहरुको अन्य सम्पत्ति र साधनहरु के कस्ता छन् ? उपभोक्ताहरुसंग कस्तो सिप र क्षमताहरु छन् ? भन्ने बारे भेलामा छलफल गर्ने ।

७. उपभोक्ताहरुको आर्थिक स्तर विश्लेषण पश्चात् उपभोक्ता समितिको बैठक/भेलामा बृहत् छलफल गरी अति जोखिममा रहेका परिवारको लागि विद्युत महशुलमा आवश्यकता अनुसारको विशेष छुट दिने ।

८. आयोजना निर्माणको लागि तयार पारिएको व्यवसायिक योजना अनुसार विद्युत बिक्रीबाट प्राप्त हुन सक्ने आम्दानी र खर्चको बारेमा छलफल गर्ने ।

यसरी विभिन्न पक्षहरुमा छलफल पश्चात् आयोजनाको लागि मर्मत सम्भार समेत गर्न पुग्ने गरी एउटा निश्चित दरको निर्धारण गर्नुपर्दछ । सामाजिक परिचालक तथा मेनेजरले विद्युत महशुल दर निर्धारणमा उपभोक्ता समितिलाई सहजिकरण गर्नुपर्दछ । महशुल दर निर्धारण गर्दा समुदायका सदस्यहरुको आम क्रयशक्तिलाई विचार गर्नु पर्दछ । अति विपन्न तथा पिछडिएको वर्गको लागि उपभोक्ता समितिले महशुलमा आवश्यकता अनुसार विषेश सहुलियत दिनु पर्दछ ।

# संस्थागत सुदृढिकरण चरण (Institutional Strengthening Phase)

लघु तथा साना जलविद्युत आयोजना निर्माण सम्पन्न भइसकेपछि कसरी यसको दिगो व्यवस्थापन गर्ने भन्ने पक्ष चुनौतीपूर्ण हुन्छ । यसैले आयोजनाको दिगोपनाका लागि समुदायका पदाधिकारी, उपभोक्ता, सहजिकरण गर्ने संस्था तथा गाविस, जिविस आदिको सहयोगमा आयोजनाको दिर्घकालिन विकास योजना तयार गर्नुपर्ने हुन्छ ।

### ३.१.१५ आयोजना व्यवस्थापन तथा मर्मत सम्भार

उपभोक्ता समितिले उपभोक्ताहरुको भेलाबाट समाजसेवी, बुद्धिजिवि, क्षेत्रीय केन्द्र वा शाखा/इकाईका प्रतिनिधि आदिसंग मिलेर आयोजनालाई दीर्घकालिन रुपमा अगाडि बढाउनका लागि संचालन तथा व्यवस्थापनको बिभिन्न नितिहरु बनाउनु जरुरी हुन्छ । जसमा घरधुरीहरुमा बत्ती वितरण प्रणाली, बिद्युत महशुल निर्धारण, बिभिन्न व्यवसाय संचालनका निति, कर्मचारी व्यवस्थापन, बिभिन्न सामग्रीहरुको व्यवस्थापन, कार्यालय व्यवस्थापन, सामान तथा उपभोक्ताको लागि सुरक्षा निति तथा समितिले गर्नुपर्ने अन्य कार्यहरु यसै भित्र पर्दछन् । यस्ता नितिहरु निर्माण गरी कार्यान्वयन समेत गर्दै जानु पर्दछ ।

लघु तथा साना जलविद्युत आयोजनाको निर्माण पश्चात् विद्युत संचालन तथा व्यवस्थापन सम्वन्धि नितिको कार्यान्वयन पक्षमा वढी केन्द्रित हुनुपर्दछ । लघु तथा साना जलविद्युत आयोजनाको व्यवस्थापन र मर्मत सम्भारमा उचित ध्यान दिनु पर्दछ । आयोजनाको मर्मत सम्भारको लागि एउटा छुट्टै कोषको व्यवस्था गर्नुपर्दछ । मर्मत सम्भार कोषमा विद्युत महशुल संकललनबाट प्राप्त आम्दानीको ३ प्रतिशत र केन्द्रिय नवीकरणीय ऊर्जा कोषबाट प्रत्याभूति जाँचपछि आयोजनालाई प्राप्त हुने ३ प्रतिशत रकम जम्मा गर्नुपर्दछ । मर्मत सम्भार कोषमा जम्मा भएको रकम अन्य प्रयोजनको लागि खर्च गर्नु हुदैन ।

### ३.१.१६ आर्थिक व्यवस्थापन

विद्युत उत्पादन पश्चात् उपभोक्ताहरुले विद्युतको उपभोग वापत् विद्युत महशुल तिर्दछन् । विद्युत महशुल संकलनको लागि निश्चित स्थान र समय तोक्नुपर्दछ, जसले उपभोक्ताहरुलाई विद्युत महशुल बुझाउन सहज हुनेछ । समयमा विद्युत महशुल संकलन नभएमा दण्ड जरीवानाको व्यवस्था उपभोक्ता समितिले पहिले नै निर्धारण गर्नु पर्दछ । नियमित रुपमा विद्युत महशुल संकलन पश्चात् उपभोक्ता समितिले नियुक्त गरेका अपरेटर तथा मेनेजर (आवश्यक परेमा अन्य थप कर्मचारीहरु) लाई मासिक रुपमा तलब भुक्तानी गर्नु पर्ने हुन्छ । साथै आयोजना संचालन तथा व्यवस्थापनका क्रममा अन्य खर्चहरु पनि हुने भएकोले मेनेजरले आयोजनाको हिसाब चुस्त र दुरुस्त राख्नु पर्दछ । आयोजनाको लेखा व्यवस्थापनको लागि मेनेजरले विभिन्न खाताहरु संचालन गर्नुपर्दछ । आयोजनाको विद्युत महशुल तथ्याङ्क खाता अनुसूची-१२, आम्दानी तथा खर्च राख्ने खाता अनुसूची-१३ र नगदी रसिद अनुसूची-१४ मा दिइएको छ ।

### ३.१.१७ उपभोक्ता समितिको रुपान्तरण

लघु तथा साना जलविद्युत आयोजना निर्माण गर्दा निर्माणमा भन्दा व्यवस्थापनमा ठूलो चुनौती आउन सक्छ । सुरुवातमा लघु जलविद्युत आयोजना पानीको अग्राधिकारको लागि जिल्ला जलस्रोतमा मात्रै दर्ता भएको हुन्छ । यस अवस्थामा आयोजनालाई अझ संस्थागत रुपमा सवलीकरण गराउनको निमित्त कुनै आधिकारीक सरकारी निकायमा दर्ता हुन आवश्यक हुन्छ । लघु जलविद्युत आयोजनालाई सरकारी निकायमा दर्ता गर्न उद्योगको रुपमा जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालय, गैह्र सरकारी संस्थाको रुपमा जिल्ला प्रशासन कार्यालय र सहकारीको रुपमा सहकारी कार्यालयमा दर्ता गर्न सकिन्छ । यी विभिन्न निकायमा दर्ता गर्नको लागि उपभोक्ता समितिलाई विकल्प भने खुल्ला राखी दिनुपर्दछ । लघु तथा साना जलविद्युत एक सेवामूलक तथा नाफामूलक व्यवसायको रुपमा हेरिने भएकोले यसको दर्ता सहकारीमा गर्दा उपयुक्त मानिन्छ । हालसम्म यस्ता आयोजनाहरुलाई एकल वा बहु उद्देश्यीय सहकारी संस्था अन्तर्गत डिभिजन सहकारी कार्यालयमा दर्ता गराउनु अनुभवको आधारमा राम्रो मानिदै आएको छ । सहकारीमा आयोजनालाई लैजाँदा बिद्युत महसुल (घरधुरीको) संकलन गरी जम्मा गर्ने, उद्योग तथा साना व्यवसायहरुमा विद्युत बिक्रि गरी बिद्युत महसुल संकलन गर्ने, तथा अन्य स्थानमा बिक्रि तथा सेवा दिएको आधारमा

आएको रकमको सहि सदुपयोग गर्ने कार्य दिगो रुपमा सहकारी संस्थाद्वारा गर्नु राम्रो हुन्छ । साथै स्थानीय समुदायलाई सहकारीमा बचत संकलन तथा उक्त आयोजनाको शेयर हस्तान्तरण गरी उनीहरुमा आयोजनाको अपनत्व समेत विकसीत गराउन सकिन्छ । यस कारण पनि आयोजनालाई सहकारीमा रुपान्तरण गर्नु बढी दिगो हुन जान्छ ।

### ३.१.१८ स्वच्छ विकास संयन्त्रमा आयोजना समायोजन

स्वच्छ विकास संयन्त्र भन्नाले हरित गृह ग्याँसको उत्सर्जनमा खासै योगदान नरहेका विकासोन्मुख देशहरुमा हरितगृह ग्याँस उत्सर्जनमा नाप्न सकिने गरी कमी ल्याउने क्रियाकलापको निश्चित प्रकृया पुरा गरी उक्त परिणाम विश्व बजारमा बिक्री गर्ने प्रकृयालाई जनाउँछ । लघु तथा साना जलविद्युत आयोजना निर्माण नहुँदा ग्रिडबाट विद्युत नपुगेका ग्रामीण वस्तीको घरधुरीहरुमा बत्ती बाल्न तथा स-साना औद्योगिक व्यवसायहरु संचालन गर्न डिजेल र मट्टितेल प्रयोग गर्दा कार्वनडाइअक्साड लगायत हरित गृह ग्याँसको उत्सर्जन हुन्छ । ग्रामीण क्षेत्रमा यस्ता हरित गृह ग्याँसको उत्सर्जनमा कमी ल्याउन लघु तथा साना जलविद्युत आयोजनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । स्वच्छ विकास संयन्त्रको स्थापनाले लघु तथा साना जलविद्युत आयोजनाहरु संचालन गरे वापत् केही रकम देशलाई प्राप्त हुन्छ, जसबाट नयाँ बन्ने लघु तथा साना जलविद्युत आयोजनाहरु निर्माणमा सहजता आउनुका साथै भएका लघु तथा साना जलविद्युत आयोजनाहरुको मर्मत सम्भार गर्न समेत मद्दत पुग्दछ । स्वच्छ विकास संयन्त्रको प्रावधानको लागि बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तयार पारेको फाराममा उपभोक्ता समितिको तर्फबाट हस्ताक्षर गरी सोको अधिकार बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । साथै बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले उपलब्ध गराएको लग बुकमा अपरेटरले आयोजना संचालनको दैनिक ऊर्जा खपत सम्बन्धि तथ्याङ्क सही तरिकाले भर्नुपर्ने हुन्छ । अपरेटरले ईनर्जी मिटर रिडिङ्ग गर्दा प्रत्येक दिन सम्भव भएसम्म एउटै समयमा गर्नुपर्ने हुन्छ । अपरेटरले भरेको लग बुक उपभोक्ता समिति मार्फत् क्षेत्रीय केन्द्र/शाखा/इकाईमा पेश हुन्छ र उक्त प्रतिवेदन डाटाबेसमा एकिकृत गरी केन्द्रमा पठाइन्छ । यसैको आधारमा निश्चित प्रकृया पुरा गरी स्वच्छ विकास संयन्त्र अन्तर्गतको रकम प्राप्त हुने भएकोले उपभोक्ता समितिलाई सामाजिक परिचालन मार्फत् सचेतना अभिबृद्धि गर्नु महत्वपूर्ण हुन्छ । लगबुकको नमूना अनुसूची-१५ मा दिइएको छ ।

### ३.१.१९ वीमा

लघु तथा साना जलविद्युत आयोजना निर्माण चरण र निर्माण पछिको दुवै अवधिमा जोखिम रहित हुँदैनन् । यसमा प्राकृतिक विपत्ति वा अन्य कुनै कारणवश क्षति पुग्ने सम्भावना रहिरहन्छ । बीमा गरिएको अवस्थामा क्षति न्यूनिकरण मात्रै नभई कर्जा सुरक्षणमा समेत टेवा पुग्ने हुँदा बैंक तथा वित्तिय संस्था सहज रुपमा लगानी गर्न आकर्षित पनि हुन सक्दछन् । लघु तथा साना जलविद्युत कार्यक्रममा आयोजनाको बीमा, निर्माण अवधिमा श्रमिकहरुको सामूहिक दुर्घटना बीमा र आयोजनाका कर्मचारीहरुको दुर्घटना वीमा मुख्य क्षेत्रहरु हुन् । बीमा गराउँदा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तोकेको मापदण्ड पुरा गरी मान्यता प्राप्त बीमा कम्पनीहरुबाट गराएमा सहज हुन सक्दछ ।

### लघु जलविद्युत आयोजनाको बीमा

लघु तथा साना जलविद्युत आयोजनाको बीमा गर्दा दैवी प्रकोप तथा अन्य कारणले हुनसक्ने सम्भावित क्षतिको क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ । यसले कार्यक्रमको अनुदान रकम तथा उपभोक्ताहरुले विभिन्न स्रोतबाट संकलन गरेको नगद तथा श्रमदानको समेत सुरक्षा हुन जान्छ । उपभोक्ताहरुको वर्षौको मेहेनतलाई बीमाले आर्थिक रुपमा केही हदसम्म सुरक्षाको प्रत्याभुती दिन्छ । आयोजनाको जोखिम न्युनिकरण उपभोक्ता समिति र कार्यक्रम दुबैको दायित्व हो । जोखिम न्युनिकरण भएको अवस्थामा मात्रै बैंक तथा वित्तिय संस्थाहरुले पनि सहज रुपमा कर्जा परिचालन गर्ने वातावरणको सृजना हुन्छ । जबसम्म सुरक्षाको प्रत्याभूतिमा बैंक तथा वित्तिय संस्था विश्वस्त हुन सक्दैनन्, तबसम्म आयोजनामा लगानी गर्न बैंक तत्पर हुँदैनन् । बैंक तथा वित्तिय संस्थाबाट ऋण परिचालन हुने आयोजनाहरुको लागि ऋण अवधिभर

आयोजनाको बीमा कार्यक्रमको तर्फबाट गर्ने गरिएको छ । तर जोखिम न्यूनिकरणको हिसाबले कार्यक्रम र उपभोक्ता दुवैको तर्फबाट बीमालाई निरन्तरता दिइरहनु पर्दछ ।

**श्रमिकहरुको सामूहिक दुर्घटना बीमा**

लघु तथा साना जलविद्युत आयोजना निर्माणको क्रममा स्थानीय तथा बाह्य श्रमिकहरुले काम गरिरहेका हुन्छन् । विशेष गरी कुलो निर्माण, प्रसारण लाइन विस्तार, इलेक्ट्रो-मेकानिकल उपकरण ढुवानी तथा जडान कार्य जोखिमपूर्ण काम हुन् र यस्ता काममा कुनैपनि बेला दुर्घटना हुन सक्छ । कार्यक्रम तथा उपभोक्ता समितिले श्रमिकको जीवनलाई सदैव उच्च प्राथमिकतामा राखी काम गर्नुपर्छ । दुर्घटना भई श्रमिकको अङ्गभङ्ग वा मृत्यु भएमा उपभोक्ता समितिलाई थप व्ययभार पर्न सक्छ, जसले गर्दा आयोजना निर्माणमा ढिलाई हुन जान्छ । श्रमिकको सामूहिक दुर्घटना बीमा गराएको अवस्थामा श्रमिकहरु ढुक्क भई काम गर्ने वातावरणको सृजना हुन्छ । साथै केही गरी दुर्घटना भई हालेमा बीमा कम्पनीबाट क्षतिपूर्ति प्राप्त हुने भएकोले उपभोक्ता समितिलाई पनि थप व्ययभार पर्दैन । आयोजना निर्माणको क्रममा एकैदिन सबै श्रमिकहरुले काम गरी राखेका हुँदैनन् । कामको प्रकृति अनुसार समूहगत रुपमा आलोपालो निश्चित श्रमिकहरुले मात्रै काम गर्ने भएकोले श्रमिकहरुको सामूहिक दुर्घटना बीमा कामदारको संख्या तोकी गराउनु पर्दछ ।

**आयोजनाका कर्मचारीहरुको बीमा**

लघु तथा साना जलविद्युत अपरेटर, व्यवस्थापक, लाइन्स-म्यान (कुलोमा काम गर्ने हेरालु) आयोजनामा संलग्न हुने मुख्य कर्मचारीहरु हुन् । विशेषगरी विद्युतगृह तथा प्रसारण लाईन भएको स्थानमा कर्मचारीहरुले काम गर्नु पर्ने भएकोले यस्तो स्थानमा जोखिम बढी हुन्छ । उपभोक्ता समितिले कर्मचारीको सर्वोपरी हितलाई ध्यानमा राखी कर्मचारीहरुको दुर्घटना बीमा गराउनु पर्दछ र यसको खर्च उपभोक्ता समितिकै तर्फबाट गरिदिनु पर्ने हुन्छ । कर्मचारीहरुको दुर्घटना बीमाले कर्मचारीहरुमा सुरक्षाको प्रत्याभूति हुनुका साथै दुर्घटना भई हालेमा उपभोक्ता समितिलाई थप व्ययभार पर्दैन ।

## ३.२ ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी आयोजना (Rural Community Solar Drinking Water Project)




***चार्ट ९: ग्रामीण सौर्य विद्युत खानेपानी आयोजनामा सामाजिक परिचालनका चरणहरु***

# तयारी चरण (Preparatory Phase)

## ३.२.१ आयोजना माग

ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी आयोजना आवश्यकता भएका लक्षित उपभोक्तालाई आयोजना सहयोग बारे जानकारी गराउन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले क्षेत्रीय सेवा केद्र, शाखा/इकाई, स्थानीय रुपमा कार्यरत साझेदार संस्थाका कर्मचारी, स्थानीय संचार माध्यम (सामुदायिक एफ.एम) सौर्य खानेपानीमा संलग्न कम्पनीहरु मार्फत प्रचार प्रसार तथा सुचना प्रवाह गरिरहेको छ । स्थानीय उपभोक्ताले यस सम्वन्धि जानकारी प्राप्त गरेपछि  उपभोक्ताहरुले आफुले जानेको वा चलन चल्तिको ब्यहोरामा वा उपलब्ध भएको खण्डमा केन्द्रद्धारा निर्धारित निवेदन फारम भरी क्षेत्रीय सेवा केन्द्र तथा सम्वन्धित ठाउँमा निवेदन दिन सक्नेछन् । निवेदनमा सम्वन्धित गाविसको सिफारिस समेत संलग्न गरी बुझाउनु पर्नेछ । निवेदन फारमको नमुना अनुसूचि १६ मा दिइएको छ । यसरी माग भई आएका निवेदनहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तोकको मापदण्ड अनुसार उपयुक्त ठहरिएमा प्रकृया अगाडि बढ्ने र अनुपयुक्त भए उक्त आयोजनाको सम्भावना नरहेको जानकारी दिइनेछ। प्राविधिक, आर्थिक तथा सामाजिक रुपले सम्भावित भइ आएको आयोजना निर्माण गर्न सम्भव भएमा प्रतिवेदन तयार गरी अगाडि बढाइनेछ । स्थानीय उपभोक्ताले आयोजना माग गर्दा सकेसम्म अधिकतम जानकारी निवेदन फारममा समेट्न सकेको खण्डमा सम्वन्धित निकायलाई छिटो छरितो निर्णय लिन सहज हुन जान्छ। निवेदनमा पानकिो स्रोतको विवरण, स्रोतमा उपलब्ध न्यूनतम पानीको मात्रा, आयोजनाबाट समेटिने घरधुरी संख्या, मुहानदेखि प्रस्तावित खानेपानी वितरण ट्याङ्कि सम्मको अनुमानित उचाइ तथा आयोजनास्थलमा बिद्युतको राष्ट्रिय प्रशारण लाइन पुगे नपुगेको बारे निवेदनमा स्पष्ट उल्लेख हुनु पर्दछ ।

## ३.२.२ पूर्व सम्भाब्यता अध्ययन

उपभोक्ता वा समुदायले पेश गरेको निवेदन उपर क्षेत्रीय सेवा केन्द्र मार्फत उपर्युक्त हो वा होइन भनी बिश्लेषण गर्ने प्रकृया पूर्व सम्भाव्यता अध्ययन हो । यसको निक्यौंल गर्न क्षेत्रीय सेवा केन्द्रका प्राविधिकले माग भई आएका निवेदनहरुको क्रमैसँग स्थलगत सर्वेक्षण गर्दछन् । यस चरणमा आयोजनाको निवेदनमा उल्लेख भए अनुसारको बस्तुस्थितीको लेखाजोखा गरी प्राविधिक तथा आर्थिक रुपले उक्त आयोजना उपयुक्त भए नभएको हेर्नु पर्दछ । यो स्थलगत अध्ययनमा  सम्भव भएसम्म समुदायका एक घर एक जना व्यक्तिको उपस्थिति हुनुपर्दछ । गाविसको हकमा जन निर्वाचित पदाधिकारी भएको खण्डमा प्रतिनिधि तथा गाविस सचिव वा गाविस सहायक मध्ये कुनै एक जनालाई समेत आमन्त्रण गर्नुपर्दछ। पूर्व सम्भाब्यता अध्ययन गर्ने क्रममै उक्त आयोजना योग्य नहुने निश्चित भएमा क्षेत्रीय केन्द्रबाट खटिएको कर्मचारीले उपभोक्तालई सो को जानकारी स्थलगत रुपमा तत्कालै दिन सक्नेछन् । आयोजना उपयुक्त ठहरिने आधारहरु भएको खण्डमा भने पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनको बिश्लेषण पश्चात निर्णय लिइने जानकारी दिनु पर्दछ।

## ३.२.३ उपभोक्ता समिति गठन

आयोजनाको कार्य संचालन वैज्ञानिक र प्रभावकारी बनाउन उपभोक्ताहरुको आम भेला बसी सबैको सहमतिमा एउटा उपभोक्ता समिति निर्माण गर्नुपर्दछ। उपभोक्ता समिति निर्माणमा सहजिकरण गर्न गाविसले सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ । सूचना प्रवाह सार्वजनिक पत्र पत्रिका तथा एफ. एम मार्फत पनि गर्न सकिनेछ । सूचना सम्प्रेषण गर्दा उपभोक्ता समिति गठन गर्नुपर्ने कारण, भेला आयोजना गरिएको स्थान र समय स्पष्ट किटान भएको हुनु पर्दछ। उक्त भेलामा बिभिन्न सरोकारवाला निकाय जस्तै स्थानीय बिद्यालय, स्वास्थ्य चौकी, गाविस, स्थानीय समाजेवी, बुद्धिजिवी राजनैतिक व्यक्तित्व आदि र स्थानीय रुपमा कार्य गर्ने संघ संस्थाका प्रतिनिधि समेतलाई आमन्त्रण गर्नुपर्दछ। यसरी बहु सरोकारवाला निकाय र व्यक्तिको उपस्थितीमा समिति गठन गर्दा समितिलाई उपभोक्ताप्रति जवाफदेही बनाउन सहयोग गर्दछ। उपभोक्ता समिति गठनका लागि

उक्त समितिको संरचना कस्तो रहने भन्ने बिषयमा पहिले नै स्पष्ट हुनु जरुरी हुन्छ । उपभोक्ता समितिमा निम्न अनुसारको पदहरु रहनेछ :

१. अध्यक्ष : १ जना

२. उपाध्यक्ष : १ जना

३. सचिव : १ जना

४. कोषाध्यक्ष : १ जना र

५. आवश्यकता अनुसारका सदस्य रहनेछन् ।

साथै उक्त समुदायमा रहेका सबै वर्ग, महिला, जातजातीका हिसावले सबैको सुनिश्चितता हुने गरी उपभोक्ता समिति गठन हुनु पर्दछ । समितिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै मुख्य पदहरु अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये १ जना अनिवार्य रुपले महिला हुनुपर्नेछ । साथै सामाजिक समावेशिकरण सुनिश्चित गर्न बिभिन्न जातजाती, वर्ग र पछाडि पारिएका क्षेत्रको प्रतिनिधित्व उपभोक्ता समितिमा ४० प्रतिशत अनिबार्य रहनु पर्दछ ।

**उपभोक्ता समितिको काम कर्तब्य र अधिकार**

- गाविसको सिफरिस लिने ।
- आयोजनाको बिधान तयार गर्ने ।
- जिल्ला जलस्रोत समितिमा दर्ता गर्नका लागि आवश्यक निर्णय गर्ने ।
- श्रमदान गर्नका लागि उपभोक्ताहरुलाई उत्प्रेरणा गराउने ।
- अनुदान बाहेक आयोजना निर्माण गर्न नपुग रकम कहाँबाट कसरी संकलन गर्ने भन्ने बिषयमा राय सुझाव संकलन गर्ने र स्रोत जुटाउने ।
- आवश्यक स्थानीय सामग्री संकलन गर्नका लागि जिम्मेवारी प्रदान गर्ने ।
- उपभोक्ता समूहको सम्पूर्ण प्रशासकीय अधिकार कार्य समतिमा रहने छ । सम्पूर्ण कामको उद्देश्य, अभिप्राय, निति र कार्यक्रमको निर्णय मूल उपभोक्ता समितिले नै गर्नेछ ।
- समितिले नै आवश्यक कार्यविधि र नियम तर्जुमा गरी बैठक बस्ने प्रक्रिया निर्धारण गर्नेछ ।
- योजनाको उद्देश्य पुर्तिका लागि आवश्यक पर्ने कार्यविधि समितिले निर्धारण गरी लागू गर्नेछ ।
- मूल उपभोक्ता समितिले आय-ब्ययको बिवरण उपभोक्ता समूहको साधारण सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्नेछ ।
- समितिले सदस्यहरुको र ब्यवस्थापकीय अधिकारीहरुको चुनाव र छनौट प्रक्रिया निर्धारण गर्नेछ ।
- समितिले आफूमा निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्ने गरी उप-समिति गठन गर्न सक्नेछ । विधान, नियम उल्लंघन गर्ने माथि कारवाही समेत गर्न सक्नेछ ।
- समितिले तोकिएको अधिकारी र उपभोक्ता समूह समक्ष तोकिए अनुसार आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नेछ ।
- उपभोक्ता समूह तथा समितिका कागजपत्र हिसाब किताबलाई ब्यवस्थित राख्नेछ ।
- समूहको हरेक छलफललाई बढी सहभागिता जुटाई लोकतान्त्रिक माध्यमको रुपमा हल गर्नेछ ।
- सम्बन्धित बिषयका निति, नियम र लाभकारी जानकारीहरु संकलन गरी उपभोक्तालाई जानकारी दिनेछ ।

- संचालित कार्यहरुको प्रगती र हिसाब किताबको बिवरण उपभोक्ता र सरोकारवाला निकायलाई नियमित रुपमा दिनेछ ।

**अध्यक्षको काम कर्तब्य र अधिकार**

- उपभोक्ता समितिको नेतृत्व गर्ने,
- कोषाध्यक्ष वा अन्य पदाधिकारीको संलग्नतामा बैंक खाता संचालन गर्ने,
- जिल्ला जलस्रोत समितिमा पानीको मुहान दर्ता गराउने,
- कम्पनीसँग कोटेशन माग गरी सम्झौता गर्न नेतृत्व लिने,
- बैठकककका निर्णयहरु अभिलेख गरी राख्ने,
- बिभिन्न सामग्रीको सुरक्षा गर्ने,
- बिभिन्न दातृ निकायसँग सम्पर्क र समन्वय गर्ने,
- गाविस, जिविस तथा अन्य निकायसँग समन्वय गर्ने,
- गाविसको योजना तर्जुमा बैठक तथा परिषदमा उपस्थित रहने,
- बजेट विनियोजनका लागि प्रयासरत रहने,

**उपाध्यक्षको काम कर्तब्य र अधिकार**

- अध्यक्ष नभएको समयमा बैठकको अध्यक्षता गर्ने,
- अध्यक्षलाई सहयोग गर्ने,
- बैठकमा नियमित उपस्थित रहने,
- कामको निरीक्षण गर्ने,
- आर्थिक संकलनका लागि सहयोग गर्ने वा पहल गर्ने,

**सचिवको काम कर्तब्य र अधिकार**

- बैठकको पत्राचार गर्ने,
- बैठकको सुरुवात गर्ने,
- बैठकको निर्णय लेख्ने,
- सबैलाई मान्य हुने खालको भाषा वा सम्बोधन हुने गरी लेखाईलाई ध्यान दिने,
- प्रस्तावहरु समितिका सबै पदाधिकारी तथा सदस्यलाई जानकारी गराउने,
- सबै सदस्यहरुलाई सुझाव वा प्रस्ताव राख्न अभिप्रेरित गर्ने,
- बैठक सम्पन्न पश्चात निर्णय सबैलाई पढेर सुनाउने,
- निर्णयमा सबैलाई हस्ताक्षर गराउने,
- खातापाता वा निर्णय पुस्तिका आफुसँगै राख्ने,
- बैठक वा अन्य बिषयमा पत्र तयार गर्ने,
- सरोकारवाला निकायहरुसँग सम्पर्क र समन्वय कायम गर्ने ।

**कोषाध्यक्षको काम कर्तब्य र अधिकार**

- आयोजनाको कोष संकलन गर्ने र आय-ब्ययको हिसाब राख्न लगाउने ।
- कोष वृद्धिको योजना गर्ने ।
- संस्थाको बार्षिक बजेट तयार गर्ने र उपभोक्ता समूहको सभामा मूल समिति मार्फत पेश गरी पारित गराउने ।
- लेखापरीक्षण गराउने ।
- आयोजनाको आर्थिक कारोबारको रेखदेख र नियन्त्रण गर्ने ।
- समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने र भुक्तानी लिनुदिनु पर्ने हिसाब मिलाउने ।
- आयोजनाका लागि दातृ संस्था, जनसहभागिताबाट प्राप्त भएको पूँजी, स्रोत साधन, सामग्री तथा श्रम, सीपको श्रेस्ता ठिक-ठिक तरिकाले राख्ने ।
- प्राप्त भएको श्रम, सीप, पूँजी र सामाग्री कुन कामका लागि कति प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाब राख्ने ।
- आयोजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामाग्रीको जिम्मा लिने र यसको प्रयोगको फरफारक लिने ।
- आफ्नो आयोजना क्षेत्रका उपभोक्ताको आयोजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।
- समितिले तोकेको अन्य कार्य गर्ने ।

**सदस्यको काम कर्तब्य र अधिकार**

- बैठकमा नियमित उपस्थित हुने ।
- आफ्ना प्रस्तावहरु ढुक्क भएर बैठकमा राख्ने ।
- स्थानीय रुपमा भएका कार्यहरुको अनुगमन गर्ने ।
- स्थानीय सामग्री संकलन, उपभोक्ताहरुको उत्प्रेरणा जगाउने कार्यमा लागि पर्ने ।
- आयोजनाको सम्पूर्ण जिम्मेवारी हाम्रो हो भन्ने भावना अनुसार काम गर्ने ।

### ३.२.४ बिस्तृत सम्भाब्यता अध्ययन

पूर्व सम्भाब्यता अध्ययनको प्रतिवेदन बिश्लेषण पछि उक्त आयोजना निर्माण योग्य भएको अवस्थामा बिस्तृत सम्भाब्यता अध्ययन कार्य अगाडि बढाइन्छ । उक्त बिस्तृत सर्वेक्षण कार्य क्षेत्रीय सेवा केन्द्रको प्राविधिकले गर्दछ । यसमा सम्भव भएसम्म शाखा/ईकाइको प्रतिनिधिको संलग्नता रहन्छ । सर्वेक्षणमा बिस्तृत सम्भाव्यता अध्ययनको सूचना फारम अनुसार आवश्यक पर्ने सुचना संकलन गर्ने र नाप जाँचको कार्य हुन्छ । बिस्तृत सम्भाव्यता अध्ययनको क्रममा उपभोक्ता लगायत स्थानीय स्तरमा कार्यरत संघ संस्थाका प्रतिनिधिको उपस्थिती भएमा भविष्यमा आयोजनाबारे योजना बनाउन उपभोक्ता समितिलाई सजिलो हुन जान्छ । साथै आर्थिक, प्रशासनिक तथा अन्य व्यवस्थापकीय कार्य गर्नका लागि आवश्यक वातावरणको सिर्जना हुनेछ । यसबाट काम छिटो सम्पादन हुनुका साथै सरल र सहज वातावरणको निर्माण भइ जवाफदेहिता बृद्धि हुन जान्छ ।

विस्तृत सम्भाब्यता अध्ययन सम्पन्न भए पश्चात क्षेत्रीय सेवा केन्द्रले आयोजनाहरुको विस्तृत प्रतिवेदन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पेश गर्दछ । यसरी पेश भएको प्रतिवेदनको लेखाजोखा गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक मूल्याङ्कन समितिले उपयुक्त भएमा आयोजना स्विकृत गर्दछ । आयोजना स्विकृत भए नभएको जानकारी क्षेत्रीय सेवा केन्द्र मार्फत उपभोक्ताले प्राप्त गर्दछन् ।

### ३.२.५ पानीको अग्राधिकारको लागि जलस्रोत समितिमा दर्ता

ग्रामीण सौर्य खानेपानी आयोजनाका लागि पानी माथिको उपभोक्ताको अधिकार सुनिश्चित वा जुन मुहानबाट खानेपानी आयोजना संचालन गर्ने हो उक्त स्थानको मुहानमा उपभोक्ता समितिको अधिकार सुनिश्चित गर्न जिल्ला जलस्रोत समिति वा गाउँ विकास समितिमा खानेपानीको मुहान दर्ता गराई अधिकारको निश्चितता गर्नुपर्ने हुन्छ । दिर्घकालिन रुपमा आयोजना संचालन गर्न र भविष्यमा कुनै पनि प्रकारले पानीको उपभोग सम्वन्धि समस्या नआओस भन्ने सुनिश्चित गर्न मुहान दर्ता गर्नुपर्दछ । यसको लागि जिल्ला विकास समितिमा उपलब्ध हुने खानेपानी मुहान तथा जलस्रोत दर्ता सम्वन्धि विधानको अधिनमा रही उपभोक्ता समितिले निवेदन दिनुपर्छ। विधान अनुसूची-१७ मा दिएको छ। यसरी निवेदन दिए पछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला जलस्रोत समितिको बैठक बसी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी मुहान माथिको अधिकार सम्वन्धित समुदायलाई दिने प्रावधान रहेको छ । जिल्ला जलस्रोत समितिमा दर्ताका लागि चाहिने आवश्यक कागजातहरु निम्न अनुसार संलग्न गराई निवेदन दिनुपर्छ।

- उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपि ।
- सम्वन्धित गाविसको सिफारिस ।
- सामुदायिक बन क्षेत्र परेमा उक्त बन उपभोक्ता समितिको सिफारिस ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको ) र फोटो ।
- बिधानमा तलमाथि पर्ने गरी उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरुको सहिछाप ।
- सम्वन्धित जिल्ला जलस्रोत समितिले मागे बामेजिम अन्य कागजातहरु ।

### ३.२.६ सामुदायिक कार्य योजना निर्माण

कुनै पनि काम निश्चित योजना बनाई गरेमा सो योजना अधुरो र अपुरो रहने सम्भावना कम हुन्छ । खानेपानी योजनालाई गतिशिलता प्रदान गर्न सामुदायिक कार्य योजना आवश्यक हुन्छ । नेतृत्व तहमा रहेका व्यक्तिहरुले जहिले पनि स्थानीय समुदायको अन्य काममा असर नपर्ने गरी स्थानीय चाडपर्व, जात्रा तथा कामकाज (खेतीपातीको) आदिलाई ध्यानमा राख्दै कार्य योजना निर्माण गर्नुपर्ने हुन्छ। नेतृत्वले आफु अनुकुल हुने गरी योजना निर्माण भन्दा पनि सामुदायिक रुपले सबैलाई भलो हुने गरी योजना निर्माण गर्नुपर्ने हुन्छ। सबैलाई कार्य बिभाजन गरी योजना बनाउँदा जहिले पनि सफलता प्राप्त गर्न र अरुको विश्वास जित्न सकिन्छ। सामुदायिक कार्य योजना बनाउन तल उल्लेखित खाका प्रयोग गर्न सकिन्छ।

**सामुदायिक कार्ययोजनाको नमुना खाका**

| के काम गर्ने ? | कहिले गर्ने ? | कसले गर्ने ? | कहाँ गर्ने ? | कहाँबाट सहयोग प्राप्त गर्ने ? |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### ३.२.७ आयोजना निर्माणको लागि बैंक खाता संचालन

ग्रामीण सौर्य खानेपानी आयोजना संचालन गर्नका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दले निश्चित रकम अनुदानको व्यवस्था गरेको छ । तर उक्त अनुदान रकम मात्रैले आयोजना सम्पन्न हुन सक्दैन । उपभोक्ताले नपुग रकम अन्य स्रोत परिचालन गरी जुटाउनु पर्ने हुन्छ । यसरी प्राप्त रकमको आर्थिक कारोवार बैंक खाता मार्फत संचालन गर्दा पारदर्शिताको सुनिश्चितता हुन्छ। खाता संचालन गर्नका लागि आयोजनाको नाममा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये २ जनाको अनिबार्य रुपमा हस्ताक्षरको व्यवस्था गर्नुपर्दछ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान बाहेक थप रकम सहयोग गर्ने अन्य निकायले उपभोक्ता समितिलाई पारदर्शि र कारोवार प्रभावकारी बनाउन उक्त संस्था वा निकायले आयोजनाको बैंक खातामा आफ्नो

समेत हस्ताक्षर रहने प्रावधान राख्न सक्दछन् । आयेजनाको कारोवार बैंक खाता मार्फत गर्दा चाहिएको बेला सरोकारवालालाई विवरण पेश गर्न सजिलो हुनुको साथै पारदर्शिता कायम रहने र उपभोक्ताको बिश्वास आर्जन गर्न नेतृत्वलाई सहज हुन्छ ।

### ३.२.८ साझेदारी पत्रमा हस्ताक्षर

ग्रामीण सौर्य विद्युत खानेपानी आयोजना निर्माण गर्न बिभिन्न सरोकारवाला निकायहरुको फरक फरक तथा महत्वपूर्ण भूमिका रहेको हुन्छ । सबै सम्वन्धित निकायको सहयोगमा आयोजना निर्माण सम्पन्न गरी त्यसलाई दिगो रुपमा संचालन गर्नु स्थानीय उपभोक्ताहरुको मुख्य जिम्मेवारी हो । आयोजना निर्माण कार्य सुरु हुनु भन्दा अगावै सबै उपभोक्ताहरुले उक्त आयोजना निर्माण तथा संचालन गर्दा आ-आफ्नो भूमिका र जिम्मेवारी के के हो भनी स्पष्ट हुनु जरुरी हुन्छ । उपभोक्ता समिति गठन वा सार्वजनिक सुनुवाइको लागि बोलाइएको आम भेलामा उपभोक्ताले निभाउनुपर्ने भूमिका बारे जानकारी दिने र उनीहरु सबैको लिखित प्रतिबद्धता लिनुपर्दछ । सो सम्वन्धि साझेदारी पत्रको नमूना अनुसूची १८ दिइएको छ ।

### ३.२.९ सार्वजनिक सुनुवाइ

आयोजनामा सवैको सरोकार रहने विषयमा सरोकारवालाहरु र कार्यान्वयनमा संलग्न हुने निकायका प्रतिनिधिहरु वीच हुने खुल्ला सवाल जवाफको रुपमा सार्वजनिक सुनुवाइ गर्नुपर्दछ । यसमा सरोकारवालाहरुले जिम्मेवार पदाधिकारीवाट सम्वन्धित विषयमा जानकारी प्राप्त गर्न सहयोग गर्दछ । साथै यसले पारदर्शी कार्यशैलीलाई प्रवर्द्धन गरी आपसी विश्वासको वातावरण वनाउन सघाउँदछ र कार्यान्वयनलाई सहज पार्दछ । यसको उद्धेश्य संचालित कार्यक्रमबाट उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयमा सार्वजनिक थलोमा उपभोक्ताहरुले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र उनीहरुवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार निर्माणमा सहयोग पुऱ्याउने हो । त्यसैले कार्यक्रमले कार्यान्वयन पक्षलाई अगाडि वढाउनु पहिले सार्वजनिक सुनुवाइ गर्ने कामलाई विशेष महत्व दिएको छ ।

सार्बजनिक सुनुवाइ कार्यक्रममा उपस्थित हुनुपर्नेहरुमा उपभोक्ता समितिका पदाधिकारी, स्थानीय निकायवाट खटाईएका कर्मचारी तथा सो कार्यक्रमका सम्पुर्ण प्रत्यक्ष लाभान्वित सवै वर्गका उपभोक्ताहरु हुनेछन् । तसर्थ उपभोक्ता समितिको वैठक गरी सार्वजनिक सुनुवाइ गर्ने मिति, समय, स्थानको निर्णय गरी सम्वन्धित सवैलाई उक्त कार्यक्रममा उपस्थिति गराउनु पर्दछ । सो को उपस्थिति पुस्तिका खडा गरी भेलामा सहभागी सबैको रेकर्ड राख्नुपर्दछ । उपभोक्ताहरुले आफूलाई लागेका जिज्ञासाहरु राख्ने र कार्यान्वयनमा संलग्न संघ संस्था तथा उपभोक्ता समितिका पदाधिकारीले जवाफ दिने गर्नुपर्दछ । सार्वजनिक सुनुवाईका लागि उपभोक्ता समितिले आयोजनाको विवरण र कामको अवस्थाको जानकारी अद्यावधिक गरी राख्नुपर्ने, आयोजना खातालाई अद्यावधिक र व्यवस्थित गरी राख्ने, सार्वजनिक सुनुवाइका लागि सरोकारवालाहरु भेला गराई प्राप्त सुझावहरु लिखित रुपमा अभिलेखिकरण गर्नुपर्दछ । सार्वजनिक सुनुवाइमा प्रयोग हुने विवरण फारम अनुसुचि ४ मा दिइएको छ ।

# निर्माण चरण (Construction Phase)

### ३.२.१० जडानकर्ता कम्पनी छनौट

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक मूल्याङ्कन समितिबाट आयोजना स्विकृति र केन्द्रिय नवीकरणीय ऊर्जा कोषबाट शर्तीय अनुदान स्वीकृत भएपछि उपभोक्ता समितिको निर्णय अनुसार मान्यता प्राप्त कम्पनिबाट सिलबन्दि दरभाउ पत्र माग गर्नुपर्दछ । यसका लागि आवश्यक सहजिकरण क्षेत्रीय सेवा केन्द्रले गर्दछ । बिभिन्न जडानकर्ता कम्पनीहरुबाट प्राप्त कोटेशनहरु क्षेत्रीय सेवा केन्द्र, शाखा/ईकाइ र उपभोक्ता समितिबाट छनौट भई आएका प्रतिनिधिको रोहवरमा खोलिनेछ । खोलिएको प्रस्तावलाई उल्लेखित ३ वटै निकायका प्रतिनिधि सम्मिलित मूल्याङ्कन समितिले बिश्लेषण गर्ने कार्य गर्दछ । सबै कोटेशनको लेखाजोखा पछि क्षेत्रीय सेवा केन्द्रले स्विकृतिको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पेश गर्दछ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट स्विकृती प्राप्त भएपछि छनौट भएको जडानकर्ता कम्पनिसँग उपभोक्ता समितिले निर्माण कार्यको लागि सम्झौता गर्दछ । सम्झौता पत्रमा हस्ताक्षर गर्न उपभोक्ता समितिले गरेको निर्यायको प्रतिलिपि क्षेत्रीय केन्द्रलाई उपलब्ध गराउनु पर्दछ । उपभोक्ता समिति र जडानकर्ता कम्पनी बीच हुने सम्झौताको नमुना अनुसूची १९ मा दिइएको छ ।

आयोजना निर्माणको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दले गुणस्तरीय रुपमा काम गर्नसक्ने प्राईभेट कम्पनीहरुको बर्गिकरण गरी पूर्व योग्यता निर्धारण गरेको हुन्छ । यस्ता मान्यता प्राप्त कम्पनीले मात्र ग्रामीण सौर्य खानेपानी आयोजनाको निर्माणमा भाग लिन पाउनेछन् ।

### ३.२.११ अनुदान स्विकृतीको लागि आवश्यक कागजातहरुको तयारी

मान्यता प्राप्त कम्पनी छनौट प्रकृयाको कार्य सम्पन्न भइसकेपछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उपलब्ध हुने अनुदान रकम प्राप्त गर्नका लागि उपभोक्ता समितिले निर्दिष्ट अनुदान फाराम (अनुसूची-२०) भरी आवश्यक कागजातहरु पुरा गर्नु पर्दछ । मूख्य मूख्य कागजातहरु यस प्रकार छन् :

- अनुदान माग फारममा उपभोक्ता समितिको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र एउटा पासपोर्ट साइजको फोटो ।
- बिस्तृत सम्भाव्यता अध्ययनको प्रतिवेदन ।
- उपभोक्ता समिति गठनको निर्णय, जिल्ला जलस्रोत समितिमा दर्ता भएको बिधान ।
- सम्पूर्ण घरधुरीले आयोजना निर्माण गर्ने सहमतिको निर्णय, प्रतिबद्धता एवं खानेपानी महशुल भूक्तानी गर्ने निर्णय एक प्रति ।
- आयोजनाबाट लाभान्वित घरधुरीको नामावली र ठेगाना सहिछाप सहित भएको फारम ।
- जिल्ला जलस्रोत समितिले प्रदान गरेको मुहान दर्ताको प्रमाण पत्र ।
- उपभोक्ता समितिले ब्यहोर्नु पर्ने नपुग रकमको प्रत्याभूति हुने प्रमाण ।
- अन्य संघ संस्था तथा गाविस, जिविसबाट प्राप्त सहयोग रकमको समझौता तथा प्रमाण ।
- उपभोक्ता तथा ठेकेदार कम्पनीसँग भएको समझौताको प्रतिलिपि ।
- कम्तीमा ३ वटा आधिकारिक म्याद बाँकी रहेको कोटेशन ।
- ठेकेदार कम्पनीले जडान पश्चात सेवा दिने सम्बन्धि जमानत पत्र (बिस्तृत जानकारी) ।
- आयोजना निर्माण गर्ने स्थानमा राखिने संरचनाहरुको राखिने स्थानको जग्गा परेमा उक्त जग्गावालाको मञ्जुरीनामा

- खानेपानी आयोजनाको लागि महशुल संकलन तथा आयोजनाको मर्मत सम्भारको योजना र उपभोक्ता समितिसँग भएको सहमति पत्र ।

### ३.२.१२ आयोजना निर्माण

छनौट भएको कम्पनिले आयोजनाको स्थलगत अध्ययन गरिसकेपछि वा गर्नुभन्दा अगाडी सम्झौता गर्न सक्नेछ । स्थलगत अध्ययनको समयमा आयोजनाको बिस्तृत प्रतिवेदनमा उल्लेख भएका विवरणहरु फरक पर्न गएको पाइएमा कम्पनि र उपभोक्ता समिति बसी त्यसको निक्र्यौल र सहमति गर्नुपर्दछ । र सो कुरा सम्पूर्ण उपभोक्ताहरुलाई आम भेला मार्फत यथासक्य चाँडो जानकारी दिनुपर्दछ । अन्यथा पारदर्शिताको अभावमा समिति र उपभोक्ता बीच द्वन्द बढ्न जान्छ । उक्त कार्यका लागि क्षेत्रीय सेवा केन्द्रले आवश्यक सहजिकरण गर्दछ । कार्यान्वयन चरणको मुख्य काम नै आयोजनाको निर्माण सम्पन्न गर्नु हो । उपभोक्ता समितिले स्विकृत डिजाइन अनुसार निर्माण कार्य छिटो छरितो सम्पन्न गर्न उपभोक्ताको श्रमदान परिचालन गर्ने, आवश्यकता अनुसार बिभिन्न उप समितिहरु गठन गर्ने तथा अन्य संघ संस्थाबाट समेत सहयोग लिइ श्रोत परिचालन गर्नु पर्दछ ।

### ३.२.१३ खानेपानी अपरेटर छनौट

ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी आयोजना निर्माण भइ सकेपछि यसलाई दिर्घकालिन रुपमा संचालन गर्न नियमित रेखदेख गर्नुपर्दछ । खानेपानीको महशुल संकलन र आयोजनाको नियमित रेखदेख गर्न उपभोक्ता समितिले गाउँमै बसोवास गर्ने एक जना स्वयंसेवी भावना भएको अपरेटर नियुक्त गर्नु पर्दछ । निर्माण सम्पन्न आयोजनामा बेला बेलामा रेखदेख गर्ने, पानीको मुहान संरक्षण गर्ने, सोलार पम्प र पाताहरुको सरसफाइ गर्ने तथा नियमित रुपमा महशुल संकलन गर्ने मुख्य जिम्मेवारी अपरेटरको हुन्छ । उपभोक्ता समितिले छनौट गरेको अपरेटरलाई कार्यक्रमको आवश्यकता अनुसार प्राविधिक तथा व्यवस्थापकीय सिप बृद्धि गर्न तालिम प्रदान गर्दछ । मासिक संकलन हुने महशुलबाट उपभोक्ता समितिले निर्णय गरी पारिश्रमिक स्वरुप निश्चित रकम अपरेटरलाई दिन सक्नेछ । अपरेटरको जिम्मेवारी अनुसूची २१ मा उल्लेख गरिएको छ ।

### ३.२.१४ क्षमता अभिबृद्धि

आयोजनालाई दिगो रुपमा संचालन गर्न उक्त आयोजनामा संलग्न रहेका पदाधिकारी तथा अपरेटर (जसले अपरेटर तथा व्यवस्थापनको तालिमको माग गर्दछ) को क्षमता बृद्धि हुनु आवश्यक छ । क्षमता अभिबृद्धिमा मुख्य गरी व्यवस्थापन र प्राविधिक तालिमहरु पर्दछन् । व्यवस्थापन सम्वन्धि तालिममा आयोजना निर्माणका लागि सुरुमा के कसरी आयोजनाको सुरुवात गर्ने, आवश्यक पर्ने कागजातहरु करी तयार गर्ने ? तथा निर्माण भई सकेपछि त्यसको उचित संरक्षण तथा संबर्धन कसरी गर्नुपर्दछ भन्ने कुराहरु नै प्रमुख हुन् । त्यस्तै प्राविधिक तालिम अन्तर्गत स्थानीय स्तरमा सोलार पाता, पम्प, तथा अन्य प्राविधिक कुरामा समस्या कसरी आउँछन् र यसको रेखदेख हेरचाह कसरी गर्न सकिन्छ ? मर्मत सम्भार गर्नका लागि कहाँ जाने कसले गरी दिन्छ ? भन्ने तालिमहरु नै पर्दछन् । तालिम बाहेक उपभोक्ता समितिका पदाधिकारीलाई अध्ययन तथा अवलोकन भ्रमण पनि आयोजना गर्न सकिन्छ ।

### ३.२.१५ सार्वजनिक लेखापरिक्षण

विकास कार्यक्रममा भएको लगानीको लेखाजोखालाई “सार्वजनिक परीक्षण” (Public Audit) भनिन्छ । यसमा स्थानीय तहमा भए गरेका विकासका कृयाकलापहरु कसरी संचालन वा सम्पन्न भए ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रकृया तथा विवरण ठिक छ वा छैन ? भएका काम पारदर्शि छन्, छैनन् भन्ने विषयमा लेखाजोखा गरिन्छ । खानेपानी आयोजनाको सवालमा सुझाव दिने अधिकार उपभोक्ता तथा सरोकारवालाहरुलाई हुन्छ । सार्वजनिक निकायहरुले आफनो क्षेत्र

भित्र संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सुनिश्चित गरी सम्पादित कामको परिमाण, लागत, गुणस्तर समेतको लेखाजोखा गर्न सरोकारवालाहरुको सहभागितामा सार्वजनिक परिक्षण गर्नु पर्दछ ।

- सार्वजनिक परिक्षण योजना संचालनमा जनसहभागिता बृद्धि गर्न तथा जुन समुदायवाट सुझाव तथा प्रतिकृया लिने उद्देश्यले संचालन हन्छ । त्यसैले सार्वजनिक परीक्षणमा सहभागीहरुवाट ब्यक्त भएका विचारहरु भविष्यको निति निर्माणको लागि आधार हुन सक्दछन् । सार्वजनिक लेखा परिक्षण सामाजिक सशक्तिकरण, सामुदायिक सहभागिता तथा नागरिक निगरानीको निम्ति आवश्यक व्यवस्थापकीय औजार पनि हो । सार्वजनिक लेखा परिक्षणमा प्रयोग हुने विवरण फारामको नमुना अनुसूची-२२ मा दिइएको छ ।

**सार्वजनिक लेखापरिक्षण गर्दा ध्यान दिनुपर्ने बुँदाहरु**

- सार्वजनिक लेखा परिक्षणको उद्देश्यमा प्रष्ट हुने ।
- आयोजनासंग सम्वन्धित सरोकारवालाहरुको पहिचान गर्ने ।
- सार्वजनिक लेखा परिक्षणका लागि सूचकहरु सरोकारवालाहरुको सहमतिमा तयार गर्ने ।
- सूचकहरुका आधारमा नियमित रुपमा तथ्यांक संकलन गर्ने र विश्लेषण गर्ने ।
- सम्वन्धित आयोजनामा प्रत्यक्ष संलग्न नभएको व्यक्तिलाई सहजकर्ताको रुपमा चयन गर्ने ।
- परिक्षणका लागि तयार गरिएका विवरणलाई सम्पूर्ण सरोकारवालाहरुको विचमा छलफल चलाउने ।
- सार्वजनिक लेखा परिक्षणवाट आएका नतिजाहरुलाई सम्पूर्ण सरोकारवालाहरुको जानकारीमा ल्याउने

## संस्थागत सुदृढिकरण चरण (Insitutional Strengthening Phase)

### ३.२.१६ महशुल संकलन

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा अन्य निकायको सहयोगमा उपभोक्ता समितिले आयोजना निर्माण सम्पन्न गर्दछ । तर आयोजनामा निश्चित अवधि मात्र ग्यारेन्टि भएका बिद्युतीय उपकरणहरु (पम्प आदि) प्रयोग हुने हुँदा समय समयमा मर्मत गर्नुपर्ने वा नयाँ खरिद गरी फेर्नुपर्ने हुन जान्छ । यस्तो नियमित मर्मत सम्भारलाई आन्तरिक श्रोत जुटाउन आयोजनाले मासिक रुपमा महल उठाउनु पर्दछ । मर्मत सम्भारको अलावा यो महशुलबाट अपरेटरलाई परिश्रमिक समेत दिन सकिन्छ । खानेपानीको महशुल दर निर्धारण गर्दा आयोजनाको अवधि, लागत तथा समुदायको आर्थिक अवस्थालाई ध्यान दिनुपर्दछ ।

आयोजनाको दिगोपनाको लागि निर्धारण गरे बमोजिम महशुल संकलन नियमित गर्नु पर्दछ । आर्थिक अवस्था मजबुत हुन आयोजना दिगो रुपमा अगाडि बढ्नु महत्वपूर्ण हुनेछ । यसैले समुदायमा उपभोक्ता समितिले बैठक बसी निर्धारण गरेको वा अनुदान स्विकृतिको लागि पेश गरेको शर्त अनुसार खानेपानी महशुल संकलन गरेका छन् वा छैनन भन्ने कुरालाई महत्व दिनु पर्दछ । निर्धारण गरेको महशुल दर अनुसार रकम संकलन नभएको खण्डमा आयोजना अलपत्र अवस्थामा पुग्न सक्दछ । समय समयमा आयोजनामा केहि सामग्रीहरु खरिद गर्नुपर्ने वा फेर्नु पर्ने भएमा तुरुन्तै रकम अभाव हुने हुनाले यसलाई समय निर्धारण गरेर मासिक रुपमा तोकिएको रकम उठाउन सबैले प्रोत्साहन गर्नुपर्ने हुन्छ । यसका लागि उपभोक्ता समितिले बिभिन्न खालका

आन्तरिक निति नियम निर्माण गरी लागु गर्न सक्दछन् । समितिले नियुक्त गरेको अपरेटरलाई महशुल संकलन गर्ने जिम्मेवारी दिनुपर्दछ । संकलन भएको महशुलको पारदर्शि हिसाव राख्नु पर्दछ । महशुल बुझीसकेपछि उपभोक्तालाई रसिद दिनुपर्दछ । रसिदको नमुना अनुसूची-२३ तथा खानेपानी महशुल संकलन तथ्याङ्क खाताको नमूना अनुसूची-२४ मा दिइएको छ ।

### ३.२.१७ आयोजना मर्मत संभार र संचालन


निर्माण सम्पन्न आयोजनालाई व्यवस्थित रुपले दिगो संचालन गर्न मर्मत सम्भारको जरुरी पर्दछ । खासगरी यस्तो मर्मत सम्भार २ किसिमको हुन्छ । पहिलो नियमत मर्मत सम्भार हो जसमा मुहान, पाइप लाईन, सोलार पाता तथा पम्पको रेखदेख र सरसफाइ र सामान्य मर्मत कार्य पर्दछन् । दोस्रो बृहत मर्मत हो । जसमा ठूलै सामान जस्तै पम्प फेर्न पर्ने वा अन्य संरचनाको पुन निर्माण गर्नुपर्ने हुन्छ । आयोजनाको निर्माण अवधिमै निर्माण लागतको कम्तीमा ३ प्रतिशत रकम मर्मत सम्भार कोषमा राख्नु पर्दछ । साथै महशुल संकलनबाट आउने रकमको ५० प्रतिशत पनि मर्मत सम्भार कोषमै राख्नु पर्दछ । आकस्मिक रुपमा कुनै दैवी प्रकोप परि आयोजना बृहत मर्मत सम्भार गर्नुपर्ने भएमा स्थानीय निकाय वा अन्य संघ संस्थाको सहयोग लिन सकिन्छ ।

आयोजना निर्माण पछि यसको दिगो र निरन्तर संचालनको लागि कोषको आवश्यकता पर्दछ । यसको लागि निर्माण अवधिमै मर्मत सम्भार (संचालन) खाता खोल्नु उपयुक्त हुन्छ । यसरी संचालन खाता खालिएको छैन भने निर्माण खातालाई नै मर्मत सम्भार खातामा परिणत गर्नुपर्दछ । महशुल संकलनबाट उठ्ने रकमलाई यसै बैंक खाता मार्फत परिचालन गर्नुपर्दछ । निर्माण सम्पन्न पछि कोषलाई निरन्तर संचालन गर्नका लागि उपभोक्ता समितिले बिभिन्न प्रकारका सहायक तथा अन्य खाताहरुको प्रयोग गरी हिसावलाई पूर्णता दिने र पारदर्शि रुपमा राख्नुपर्दछ । आम्दानी तथा खर्च राख्ने खाताको नमुना अनुसूची-२५ मा दिइएको छ ।

### ३.२.१८ व्यवसायिक योजना निर्माण, कार्यान्वयन र दिगोपना

ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी आयोजना दिगो रुपमा संचालन गर्नको लागि आयोजनाको व्यवसायिक योजना निर्माण गरी सोको कार्यान्वयन गर्नु पर्दछ । व्यवसायिक योजना निर्माणमा मुलतः महशुल संकलन, आयोजनाको व्यवस्थापन खर्च तथा मर्मत सम्भार खर्चको बारेमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्दछ । विद्युत महशुल संकलनको लागि आयोजनाको कुल लागतमा केही समयसम्म निश्चित मुनाफा राखी महशुल दर निर्धारण गर्नु पर्दछ । निर्माण गरिएको व्यवसायिक योजनाको कार्यान्वनमा उपभोक्ता समिति लगायतका पदाधिकारीहरु लाग्नु पर्दछ । आयोजनालाई दिगो रुपमा संचालनको लागि महशुलको निश्चित रकम मर्मत सम्भार कोषको रुपमा राख्नु पर्दछ ।

## ३.३ सामुदायिक बायोग्यास प्लान्ट (Community Biogas Plant)




*चार्ट १०: सामुदायिक बायोग्यास प्लान्ट निर्माणमा सामाजिक परिचालका चरणहरु*

# तयारी चरण (Preparatory Phase)

नेपालमा घरायसी बायोग्यास प्रणालीको विस्तार आशातित रुपमा भईरहेको भएपनि सामुदायिक बायोग्यास प्रविधिको बिस्तार भने उल्लेख्य रुपमा हुन सकेको छैन । नेपालमा अर्ध शहरी क्षेत्रको जैविक फोहर, हाट बजार स्थल, वृद्धाश्रम, धार्मिक तथा सार्वजनिक स्थानबाट निस्कने जैविक वस्तु र मानव मलमुत्र व्यवस्थापन राज्यको चुनौतीको रुपमा रहेको छ । यस्ता स्रोतहरुलाई व्यवस्थापन गरी सामुदायिक बायोग्यास प्लान्ट निर्माण गर्न सके जैविक फोहर व्यवस्थापन साथै यसले समुदायको दिगो विकासमा समेत टेवा दिन्छ । गाई, भैंसीको गोवर तथा अन्य कुहिने जैविक पदार्थको प्रयोग गरी उपभोक्ताहरुले ठूलो क्षमताको सामुदायिक प्लाण्ट निर्माण गर्न सक्दछन् ।

### ३.३.१ उपभोक्ता/व्यवस्थापन समिति गठन

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले विभिन्न माध्ययमबाट सामुदायिक बायोग्यास सम्वन्धी जानकारीहरु प्रवाह गरिरहेको हुन्छ । स्थानीय स्तरमा काम गर्ने क्षेत्रीय सेवा केन्द्र, शाखा/ईकाइ वा प्राविधिक सेवा प्रदायक वा बायोग्यास निर्माण गर्ने कम्पनिहरुले पनि सूचना प्रवाह गरिरहेका हुन्छन् । जिल्ला विकास समिति, गाविस वा नगरपालिका, सामुदायिक संस्थाहरु, सामुदायिक वन उपभोक्ता समिति, महिला समूहहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रको बैठक वा भेलाबाट बायोग्यास सचेतना सम्वन्धि कार्यक्रमको सूचना प्रवाह गर्नु प्रभावकारी हुन्छ । जानकारी प्राप्त भएपछि स्थानीय स्तरमा सामुदायिक बायोग्यास निर्माण गर्न चाहने उपभोक्ताहरुले व्यवस्थित रुपले प्लान्ट निर्माण तथा संचालन गर्नका लागि उपभोक्ता समिति गठन गर्नुपर्दछ । समुदायमा आवश्यक सामग्री संकलन गर्ने, आर्थिक पक्षको व्यवस्थापन गर्ने, उपभोक्तालाई श्रमदानमा लगाउने आदि मुख्य कार्य उपभोक्ता समितिको हुन्छ । उपभोक्ता समिति निर्माण गर्दा उक्त बायोग्यास उपयोग गर्ने सबै घरहरुबाट प्रतिनिधित्व हुनुपर्दछ । उपभोक्ता समितिमा एक तिहाई महिला प्रतिनिधित्व अनिबार्य हुन्छ । साथै अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये एक पदमा महिला हुनु अनिबार्य छ । यस्तो समितिमा स्थानीय परिवेश अनुसार मिश्रित वस्ती भएमा ४० प्रतिशत दलित, जनजाती, गरिव र पिछडिएका वर्गको प्रतिनिधित्व समेत हुनुपर्दछ । उपभोक्ता समितिको भूमिका अनुसूची- २६ मा दिइएको छ ।

### ३.३.२ सामुदायिक वायोग्याँस माग

बायोग्याँस खाना पकाउने स्वच्छ इन्धन प्रदान गर्ने एक महत्वपूर्ण प्रविधि हो । यसलाई विद्युतीय आवश्यकता पुरा गर्ने प्रविधिको रुपमा पनि प्रयोग गरिन्छ । खाना पकाउन प्रयोग गरिने काठ दाउराको खपतमा उल्लेखनिय रुपमा कमी ल्याई जलवायू परिवर्तनबाट हुने नकारात्मक प्रभावमा कमी ल्याउन यो प्रविधिले मद्धत गर्दछ । गाई भैंसीको गोवर तथा अन्य कुहिने जैविक बस्तुहरु प्रयोग गरी समुदायको प्रयोगको लागि सामुदायिक वायोग्यास निर्माण गर्न सकिन्छ । सहकारी, शैक्षिक संस्थान, सामुदायिक संस्था वा उपभोक्ता समितिले स्थानीय स्तरमा आवश्यकता अनुसार सामुदायिक बायोग्याँस प्लान्ट निर्माणको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा आवेदन दिनुपर्छ । माग गर्नु भन्दा पहिले सामुदायिक बायोग्याँस स्थापना गर्न उपयुक्त छ छैन भन्ने बिषयमा यकिन हुनुपर्दछ । यसको लागि केन्द्रद्धारा मान्यता प्राप्त परामर्शदाताको सहयोगमा पूर्व सम्भाव्यता अध्ययन गराउनुपर्दछ । सामुदायिक वायोग्याँसको माग गर्दा निम्न विवरणहरु खुलाउनु पर्दछ :

१. आवेदन फारम ।

२. प्लान्ट निर्माण गर्न आवश्यक जग्गा उपलब्धताको प्रत्याभूती (जग्गा निजि भए मञ्जुरीनामा र सार्वजनिक भए सम्वन्धित निकायको सहमती) ।

३. प्लान्ट माग गर्ने उपभोक्ता/व्यवस्थापन समितिको सदस्यहरुको हस्ताक्षर सहितको निर्णय प्रतिलिपि ।

४. पूर्व सम्भाव्यता अध्ययनको प्रतिवेदन ।

५. प्लान्टबाट लाभान्वित हुने घरधुरी वा प्रत्यक्ष लाभ लिने समुदायको छोटकरी विवरण ।

### ३.३.३ सम्भाव्यता अध्ययन

सामुदायिक बायोग्याँस प्लान्ट निर्माणको लागि माग भई आएका निवेदनका आधारमा क्षमता, कच्चा पदार्थ, समुदायको रुची, घरधुरी, भौगोलिक अवस्था प्राविधिक पक्ष तथा समुदायको प्रतिबद्धता आदिको सम्भावनालाई हेरी केन्द्रले उपयुक्त देखिएमा बिस्तृत सम्भाव्यता अध्ययन गराई प्रतिवेदन पेश गर्न जानकारी गराउँछ । आवेदकले केन्द्रले स्विकृत गरेको मापदण्ड अनुसार मान्यता प्राप्त परामर्शदाताबाट सम्भाब्यता अध्ययन गराई निर्माण अनुमतिको लागि केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

सम्भाव्यता अध्ययनमा ध्यान दिनुपर्ने कुराहरु :

- सबै उपभोक्तालाई बायोग्याँस प्लान्ट सर्वेक्षणको बारेमा जानकारी दिने र भेलामा उपस्थित गराउने ।
- गाविस प्रतिनिधि, स्थानीय राजनैतिक दल तथा जन प्रतिनिधिलाई भेलामा उपस्थिति हुन आमन्त्रण गर्ने ।
- १२ घ.मि. वा सो भन्दा माथिको सामुदायिक बायोग्यास प्लान्टको मात्रै सम्भाव्यता अध्ययन गर्ने ।

### ३.३.४ साझेदारी पत्रमा हस्ताक्षर

सामुदायिक बायोग्याँस निर्माणका लागि सरोकारवाला तथा समुदायको तर्फबाट लिखित प्रतिबद्धता जनाउनु पर्दछ । यस्तो सम्झौताले उपभोक्ता समितिलाइ बढी जिम्मेवार बनाई अगाडि बढ्न मद्धत गर्दछ । सामुदायिक बायोग्याँस निर्माणका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले अनुदानको व्यवस्था गरेको हुन्छ । उपलब्ध गराइएको अनुदान रकम तथा तोकिएको समय भित्र कार्य सम्पन्न गर्नका लागि जवाफदेहि बनाई राख्न यसले मद्दत गर्दछ । जडान गर्ने कम्पनी, अनुदान सिफरिस गर्ने संस्था वा समुदायको छलफलको निचोडबाट हस्ताक्षर गरिएको साझेदारी पत्र अनुसार कार्य संचालन हुनुपर्दछ । यसरी कार्य गर्दा प्लान्टको दिगोपना तथा गुणस्तरमा बृद्धि हुन जान्छ । प्लान्ट निर्माण क्रममा वा निर्माण पश्चात समुदायले गर्नुपर्ने सामाजिक, आर्थिक र आयमूलक क्रियाकलापहरु साझेदारी पत्रमा समेटिएको हुन्छ । सामुदायिक वायोग्याँसको निर्माण तथा संचालन स्थानीय उपभोक्ता समिति बाहेक सहकारी, शैक्षिक संस्था, सामुदायिक संस्था, अन्य टोल सुधार वा हाट बजार व्यवस्थापन समितिले समेत गर्न सक्दछन् । यस्तो अवस्थामा यी निकायहरुले प्लान्ट निर्माणको लागि छुट्टै व्यवस्थापन समिति वा निर्माण समिति/उप समिति गठन गर्नुपर्दछ । साझोदारी पत्रको नमूना अनुसूची २७ मा दिइएको छ ।

### ३.३.५ सार्वजनिक सुनुवाइ

सामुदायिक बायोग्याँस प्लान्ट संचालन हुनु भन्दा पहिले उक्त प्रविधिको क्षमता, लाभान्वित घरधुरी, अनुमानित लागत, जन श्रमदान तथा विभिन्न क्षेत्र तथा निकायबाट पाउन सकिने अनुदान र नपुग रकमको बारेमा लाभान्वित घरधुरीका सबैलाई भेला गराई आर्थिक तथा सामाजिक सबै पक्षको जानकारी गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्दछ । यो कार्यक्रमबाट स्थानीय उपभोक्ताले बन्दै गरेको वा निर्माण हुन लागेको संरचनाको कूल लागत तथा त्यसबाट फाईदा पुग्ने अवस्था र सहयोग गर्ने निकायहरुको बारेमा बिस्तृत जानकारी प्राप्त गर्दछन् । यसको लागि क्षेत्रीय सेवा केन्द्र वा शाखा/ईकाइले आवश्यक सहजिकरण गर्नुपर्दछ । भेलामा उपभोक्ता वा व्यवस्थापन समितिले लिखित जानकारी प्रस्तुतीकरण गर्ने र उपभोक्ता बीच छलफल चलाउनु पर्दछ । सुनुवाइमा सम्वन्धित गाविसका प्रतिनिधि र सो क्षेत्रमा कार्यरत अन्य संघ संस्था वा निकायका प्रतिनिधिलाई निमन्त्रणा गर्नुपर्दछ । जसले गर्दा आयोजनाको पारदर्शिता सुदृढ हुनुका साथै आवश्यक सहयोग जुट्ने वातावरण बन्न समेत मद्धत गर्दछ ।

# निर्माण चरण (Construction Phase)

### ३.३.६ जडानकर्ता कम्पनी छनौट

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले बायोग्याँस निर्माण र विस्तारका लागि प्राविधिक रुपमा सक्षम कम्पनीहरु छनौट गरी बर्गिकरण सहित पूर्व योग्यताको सूचीमा राखेको हुन्छ । केन्द्रले सम्भाव्यता अध्ययनको प्रतिवेदन प्राप्त भएपछि सो उपर मूल्यांकन एवं जाँचगरी प्लान्ट निर्माणको लागि आवेदकलाई अनुमति दिन्छ। अनुमति पाएपछि उपभोक्ता/व्यवस्थापन समितिले मान्यता प्राप्त जडानकर्ता कम्पनीहरुसँग कोटेशन लिई उपर्युक्त प्रस्ताव पेश गरी कम्पनि छनौट गर्नुपर्दछ । आवश्यकता अनुसार छनौट भएका कम्पनीले निर्माण स्थलमा गई स्थलगत प्रमाणिकरण समेत गर्नुपर्दछ। कम्पनी छनौट गर्दा बिशेष गरी गुणस्तर र लागतलाई मुख्य सूचकको रुपमा हेर्नुपर्दछ । कम्पनी छनौट पारदर्शी र सर्वसम्मत ढंगले गर्नुपर्दछ । अन्यथा समुदायमा विवाद उत्पन्न हुन जान्छ। उपभोक्ता/व्यवस्थापन समितिले कम्पनी छनौट गरेको अभिलेख माइन्यूटको रुपमा राख्नु पर्दछ । सम्वन्धित क्षेत्रीय सेवा केन्द्र वा शाखा/इकाईले छनौट प्रकृयामा प्राविधिक सहयोग उपलबध गराउनुपर्दछ । जडानकर्ताको भूमिका अनुसूची- २८ मा दिइएको छ।

### ३.३.७ प्लान्ट निर्माण

उपभोक्ता/व्यवस्थापन समिति र जडान कर्ता कम्पनी बीच सम्झौता भएपछि प्लान्ट निर्माण कार्य सुरु हुन्छ । कम्पनीले सम्भाव्यता अध्ययनमा उल्लेख भए अनुसार वा सम्झौता अनुसार कार्य गरिरहेको छ छैन भनी उपभोक्ता समितिले अनुगमन गर्नुपर्दछ। यस कार्यका लागि स्थानीय उपभोक्ता समिति, शाखा/इकाई, क्षेत्रीय सेवा केन्द्र आदिले प्राविधिक सहयोग गर्नुपर्दछ। यसरी जाँच गर्दा गुणस्तर तथा क्षमता र सम्झौता अनुसार कार्य नभएमा जडान कर्ता कम्पनीलाई क्षतीपूर्ती गराउने व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्दछ । निर्माण सम्पन्न भएपछि मात्र जडानकर्ता कम्पनीले उपभोक्ता समितिमा सिफारिशको आधारमा अनुदानको पहिलो किस्ता ९० प्रतिशत रकम निकासाको लागि केन्द्रमा प्रकृया अगाडि बढाउँछ। उपभोक्ता समितिले निर्माणको समयमा स्थानीय सामग्री संकलन र कम्पनीलाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्दछ।

### ३.३.८ सार्वजनिक लेखापरिक्षण

सामुदायिक बायोग्याँस प्लान्ट निर्माण सम्पन्न भइ सकेपछि यसमा खर्च तथा आम्दानीको बारेमा लाभान्वित क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरुलाई जानकारी गराउनु उपभोक्ता समितिको दायित्व हो । निर्माण गर्दा के, कति, कहाँ खर्च भएको हो त्यसको विवरण समितिको निर्णयबाट अनुमोदन गरी सबै उपभोक्तालाई सुनाउने काम सार्वजनिक लेखापरिक्षण हो।

सार्वजनिक लेखापरिक्षणमा सम्वन्धित सरोकारवाला संस्था वा निकायलाई अनिवार्य रुपमा भेला गराउनु पर्दछ । सम्वन्धित क्षेत्रीय सेवा केन्द्र, शाखा/इकाई, गाविस, जिविस तथा अन्य सहयोग गर्ने निकायहरुका प्रतिनिधिहरुलाई उपस्थितीको लागि आमन्त्रण गर्नुपर्दछ । सार्वजनिक लेखापरिक्षण गराउँदा सामान्यतया तलका विवरणहरु नछुटाई भेलामा उपभोक्ता समितिले लिखित प्रतिवेदन पेश गर्ने र उपभोक्ता तथा सरोकारवाला निकायको सल्लाह सुझाव लिई अनुमोदन गराउनुपर्दछ।

**सार्वजनिक लेखापरिक्षण गर्दा निम्न अनुसारको विवरण प्रस्तुत गर्नुपर्दछ।**

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| क.सं | विवरण | रकम रु. | क.स. | विवरण | रकम रु. |
| १ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान | | १ | बालुवा खरिद | |
| २ | गाविसको सहयोग | | २ | ढुंगा खरिद | |
| ३ | जिविसको सहयोग | | ३ | सिमेन्ट खरिद | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | उपभोक्ताबाट नगद संकलन | | ४ | अदक्ष कामदार खर्च | |
| ५ | उपभोक्ताबाट श्रमदान | | ५ | दक्ष कामदार खर्च | |
| ६ | अन्य दातृ निकायबाट सहयोग | | ६ | चुलो खरिद | |
| ७ | अन्य | | ७ | अन्य | |
| कुल आम्दानी : | | | खर्च जम्मा : | | |

## संस्थागत सुदृढिकरण चरण (Institutional Strengthening Phase)

### ३.३.९ व्यवसायिक योजना निर्माण

बायोग्याँस प्लान्टमा आधारित अन्य आय आर्जन गतिविधिहरु संचालन गर्नु निर्माण पछिको महत्वपूर्ण कार्य हो । यस अन्तर्गत लेदोमलको उचित प्रयोग र व्यवस्थापन प्रमुख हो । लेदोमललाई तरकारी खेतीमा प्रयोग गर्ने, बिक्री वितरण गर्ने वा लेदोमलमा आधारित माछापालन व्यवसाय वा अन्य पशुपालन सम्वन्धि कार्य गर्ने योजना बनाई कार्यान्वयन गरिँदा प्लान्टले आशातित आर्थिक प्रतिफल दिन सक्दछ र प्लान्ट दिगो रुपमा संचालन हुन जान्छ । प्लान्टको लागि आवश्यक पर्ने गोवर वा अन्य जैविक पदार्थको व्यवस्थापन, ग्याँस वितरण प्रणालीको व्यवस्थापन, लेखा प्रणालीको विकास र संचालन आदि बिषयहरुलाई समेत व्यवसायिक योजनामा समेट्नु पर्दछ ।

बायोग्याँसको सह-उत्पादनको रुपमा प्राप्त हुने लेदोमल, रासायनिक मल प्रयोग गरिरहेको जग्गा जमिनका लागि अति उपयोगी मानिन्छ । जसले माटोमा अम्लियपन घटाई माटो खुकुलो बनाउँछ र उब्जनीमा बृद्धि समेत गर्दछ । त्यसैले बायोग्याँसको निर्माणसँगै उपभोक्ताले लेदोमल व्यवस्थापन तथा यसको उपयोग सम्वन्धि अभिमुखिकरण समेत लिनुपर्दछ । यस्तो तालिम जडान गर्ने मान्यता प्राप्त कम्पनीले सम्वन्धित समुदायमा नै गई संचालन गर्ने ब्यवस्था रहेको छ । समुदायमा एकातिर लेदोमल प्रयोग गरी तरकारी उत्पादन तथा कृषि उत्पादनलाई बढावा दिन र बिषादी मुक्त जैविक उत्पादन बढाउन सकिन्छ भने अर्कोतिर यस्तो मल खास गरी सहर बजारमा फूल तथा तरकारी उत्पादनको लागि समेत बिक्रि हुन्छ ।

### ३.३.१० व्यवस्थापन तथा मर्मत सम्भार

प्लान्ट सामुदायिक रुपमा निर्माण हुने हुँदा यसको दिर्घकालिन संचालन तर्फ सचेत रहनु पर्दछ । उत्पादित ग्याँसको बिक्री वितरणबाट संकलन हुने महशुल दर के कति निर्धारण गर्ने र त्यसको उपयोग कहाँ, कसरी गर्ने भन्ने बिषय निर्क्यौल गर्नुपर्दछ । निर्माण भएको प्लान्टलाई नियमित संचालन गरी उपयोग गर्नु उपभोक्ता/व्यवस्थापन समितिको मुख्य जिम्मेवारी हो । निर्माण गर्ने जडानकर्ता कम्पनीले बिक्री पछिको सेवा प्रत्याभूति अनुसार ३ बर्ष सम्म कुनै बृहत्तर मर्मत सम्भार गर्नुपर्ने भएमा दायित्व बहन गर्दछ । साथै बर्षमा कम्तिमा २ पटक स्थलगत अवलोकन गरी उपभोक्तालाई सेवा प्रदान गर्दछ । तर प्लान्टको नियमित मर्मत सम्भार गर्ने र संचालन गर्ने काममा उपभोक्ताले हेलचेक्र्याइ गरेमा प्लान्ट दिगो रुपमा चल्न सक्दैन र यसले सोचे अनुसारको ऊर्जा उत्पादन गर्न सक्दैन । त्यसैले गोवर तथा कुहिने जैविक फोहोर नियमित भर्ने, प्लान्ट संचालनको लागि एक जना व्यक्ति समुदाय भित्रैबाट व्यवस्थापन गर्ने तथा नियमित सरसफाई गर्ने काम गर्नुपर्दछ । त्यस्तै ग्याँस वितरण गरिएका घरधुरीबाट नियमित महशुल संकलन गर्न, र पाइप तथा अन्य उपकरणको नियमित चेकजाँच गर्ने गर्नुपर्दछ । उपभोक्ता वा व्यवस्थापन समितिले यी सबै काम नियमित र व्यवस्थित रुपले कार्यान्वयन गर्न संचालन नियमावली समेत बनाई लागु गर्नु पर्दछ ।

## ३.४ उत्पादनमुलक ऊर्जा प्रयोग (Productive Energy Uses)

उत्पादनमूलक ऊर्जा प्रयोगमा सामाजिक परिचालनलाई ३ वटा चरणमा बिभाजन गरिएको छ । तयारी चरणमा  उद्यम तथा व्यवसाय संचालनको लागि माग संकलन देखि उद्योग दर्ता तथा स्थानीय आर्थिक विकास समितिसंग सम्झौताको कार्य हुन्छ । कार्यान्वयन चरणमा अनुदानको स्वीकृती देखि उद्योग स्थापनासम्मका प्रक्रियाहरु हुन्छ । साथै स्तरोन्नति चरणमा स्थापना भएका उद्योगको स्तरोन्नती तथा संस्थागत विकासका प्रक्रियाहरु अपनाइन्छन् ।




*चार्ट ११: उत्पादनमूलक ऊर्जा प्रयोगमा सामाजिक परिचालनका चरणहरु*

# तयारी चरण (Preparatory Phase)

नवीकरणीय ऊर्जा प्रविधिहरुको निर्माण पश्चात् उपलब्ध ऊर्जाको बढी भन्दा बढी उत्पादनमूलक उपभोग गर्न लघु जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा लगायतका प्रविधिहरुको प्रवर्द्धनबाट दुर्गम वस्तीमा उपभोक्ताहरुले उज्यालो र प्रयोगको लागि विद्युत उपभोग गर्नुका साथै विभिन्न आयमूलक गतिविधीहरु पनि संचालन गर्न सक्दछन् । स्थानीय तहमा उपलब्ध स्रोत, माग र बजारलाई समेत विचार गरी विभिन्न उद्योग व्यवसायहरु समेत संचालन गर्न सकिन्छ । विद्युतीकरण पश्चात् उपभोक्ताहरुले स्थानीय स्तरमा हुन सक्ने विभिन्न मध्यम, साना तथा लघु उद्यमको स्थापना गरी आयआर्जन बृद्धि तथा रोजगारीको अवसर सृजनामा बृद्धि गर्न र नवीकरणीय ऊर्जा प्रणाली समेत दिगो रुपमा संचालनमा ल्याउन कार्यक्रमले सहयोग गर्दछ ।

### ३.४.१ सम्भाव्यता अध्ययन

नवीकणीय ऊर्जा प्रविधिहरुको निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्ने क्रममा त्यस क्षेत्रको प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय अवस्थाको बारेमा तथ्याङ्क संकलनको कार्य हुन्छ । विस्तृत सम्भाव्यता अध्ययनमा तथ्याङ्क संकलन एक महत्वपूर्ण क्रियाकलाप हो । तथ्याङ्क संकलन गर्ने क्रममा आयोजना निर्माण हुने क्षेत्रमा के कस्ता वालीहरुको उत्पादन हुन्छ, विद्युतीकरण पश्चात् विद्युतको प्रयोग गरी के कस्ता आर्थिक क्रियाकलापहरु संचालन गर्न सकिन्छ भन्ने बारेमा जानकारी संकलन गर्नुपर्दछ । साथै नवीकरणीय ऊर्जा प्रविधि निर्माण भईसकेका र निर्माणाधिन अवस्थामा रहेका प्रविधिबाट संचालनमा रहेका के कस्तो उद्योग व्यवसायहरु छन् र सम्भावित उद्योगहरु के हुन सक्छन् सो को तथ्याङ्क समय अनुसार परिमार्जन गरिराख्न जरुरी हुन्छ । उत्पादनमूलक ऊर्जा प्रयोगको लागि सम्भाव्यता अध्ययन सबै प्रविधिहरुमा हुने भएता पनि लघु तथा साना जलविद्युत आयोजनाबाट प्रत्यक्ष रुपमा विद्युत उत्पादन हुने भएकोले बढीभन्दा बढी लघु जलविद्युत आयोजनामा यस्तो सम्भाव्यता अध्ययन गर्न सकिन्छ । सम्भावित उद्योग तथा व्यबसायहरुको विवरण संकलन गरिने फाराम अनुसूची २९ मा दिइएको छ ।

### ३.४.२ स्थानीय आर्थिक विकास समिति/उद्यम विकास उप समिति गठन

राष्ट्रिय प्रसारण प्रणाली नजोडिएका समुदायमा आधारित जलविद्युत आयोजना निर्माणको क्रममा विभिन्न उप समितिहरुको गठन गरिएको हुन्छ, जस्तैः आर्थिक उप समिति, कुलो निर्माण उप समिति, सामग्री संकलन उप समिति इत्यादि । त्यस्तै नवीकरणीय ऊर्जा प्रविधिको निर्माण पश्चात् उक्त प्रणाली वा आयोजनालाई सफलतापूर्वक संचालनको लागि स्थानीय आर्थिक विकास समिति वा उपभोक्ता समितिकै एक अभिन्न अंगको रुपमा रहने गरी उद्यम विकास उप समिति पनि शुरुमै गठन गर्नु पर्दछ । अन्य संस्थागत तथा सामुदायिक नवीकरणीय ऊर्जा प्रविधिको हकमा भने व्यवस्थापन समिति गठन गरिएको हुनुपर्छ । यस्तो समिति वा उप समितिको गठनले स्थानीय स्तरमा स्थापना हुन सक्ने उद्यमहरुको बारेमा पहिचान गर्न सहज हुन्छ । नवीकरणीय ऊर्जा उपभोक्ता समितिको मुख्य काम आयोजना निर्माण गरी ऊर्जा उपभोग गर्नु हुने भएकोले मुल समितिले अन्य कामहरुलाई त्यति महत्व दिएको हुँदैछ । त्यसैले स्थानीय आर्थिक विकास समितिको गठन गर्दा उद्यमको पहिचान, उद्यमीको पहिचान तथा छनौट लगायतका कार्यहरु शुरुवात देखि नै हुने भएकोले आयोजना निर्माण लगत्तै ऊर्जाको उत्पादनमूलक उपयोग हुने खालका व्ययसायहरु स्थापना गदै लैजान सजिलो हुन्छ । स्थानीय आर्थिक विकास समिति वा व्यवस्थापन समिति जमानतमा बसी उद्यमीहरुलाई अनुदान वितरण गरिन्छ । स्थानीय आर्थिक विकास समितिको गठनको लागि एक विधान तयार पारी सो विधानको नीति नियम अनुसार चल्नुपर्छ । यस्तो समितिमा लघु जलविद्युत व्यवस्थापकलाई सदस्य सचिवको रुपमा जिम्मेवारी तोक्दा स्थानीय स्तरमा सहजीकरण सवल हुन जान्छ । व्यवस्थापक नभएको अवस्थामा आयोजनाका अपरेटर वा उपभोक्ता समितिले महशुल संकलनको लागि तोकेको व्यक्ति सदस्य सचिव हुन सक्नेछ । यो समितिमा स्थानिय र सम्भावित उद्यमीहरुको बाहुल्यता रहनेछ । यस्ता समिति वा उप समिति गठन गर्दा महिलाको प्रतिनिधित्व एक तिहाई र दलित जनजाति एवं विपन्न वर्गको ४० प्रतिशत समावेशिकरणमा जोड दिइने छ । यीा समितिहरु ७ देखि ९

सदस्यीय जनाको बनाउन उपयुक्त हुन्छ । स्थानीय आर्थिक विकास समितिको भूमिका अनुसूची ३० र अनुदान परिचालन विधान अनुसूची ३१ मा दिइएको छ ।

### ३.४.३ उद्यम व्यवसायको माग

नवीकरणीय ऊर्जा प्रविधिहरु निर्माणकै क्रममा उपभोक्ता समितिको बैठकमा आयोजना निर्माण पश्चात् कुन कुन व्यवसायहरु संचालन गर्ने हो सो को बारेमा छलफल गर्न आवश्यक हुन्छ । उपभोक्ता समितिको बैठकबाट नै आयोजनामा के व्यवसायहरु संचालन गर्न सकिन्छ भन्ने बारे उपलब्ध विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमाथि पनि छलफल गर्न आवश्यक हुन्छ । साथै सोही बैठकमा उद्यमीहरुबाट उद्यम संचालनको माग समेत संकलन गर्न सकिन्छ । यसले गर्दा आयोजना निर्माण पश्चात् विद्युतको उत्पादनमूलक प्रयोग के के मा हुने भन्ने स्पष्ट भई योजना निर्माण गर्न सजिलो हुनेछ । व्यवसायको माग संकलन गर्दा महिला, दलित, जनजाती, र विपन्न वर्गको मागलाई बिशेष प्राथमिकता दिनुपर्दछ ।

### ३.४.४ उद्यमशिलता विकास तालिम

नवीकरणीय ऊर्जा प्रविधिको निर्माण संगै सम्भावित उद्यमीहरुलाई विभिन्न तालिमहरु पनि संचालन गर्दै लैजानु पर्ने हुन्छ । समयमै बिभिन्न खालका तालिम, सिप र ज्ञान दिन तथा समुदायको सचेतना बृद्धि गर्न नसकेको खण्डमा व्यवसाय संचालन गर्ने व्यक्ति अन्यौलमा पर्नुको साथै आम्दानीको स्तरमा गुणात्मक बृद्धि हुन सक्दैन । स्थानीय स्तरबाट संकलन गरिएका मागहरुको आधारमा उद्यमीहरुलाई सम्भावित उद्यमशिलता तालिम, उद्यम शुरुवातीकरण तालिम तथा उद्यम स्थापना तालिमहरु संचालन गर्नुपर्ने हुन्छ । यसले गर्दा उद्यमीहरुको क्षमता अभिबृद्धि हुन गई सम्भावित उद्यमीलाई व्यवसाय छनौट गर्न तथा दिगो रुपमा उद्यम संचालनमा टेवा पुग्न जान्छ ।

### ३.४.५ उद्यमी तथा उद्यम छनौट

लघु जलविद्युत उपभोक्ता समिति वा स्थानीय आर्थिक विकास समितिको बैठकमा प्राप्त हुन आएका उद्यमीहरुको मागको बारेमा पारदर्शी ढङ्गले छलफल गर्नु पर्दछ । उद्यम र उद्यमीको छनौटले लघु जलविद्युत आयोजनाको भविष्यलाई समेत असर गर्ने भएकोले यसमा समिति चनाखो रहनु पर्दछ । उद्यम र उद्यमी छनौटको क्रममा बैठकमा विवाद उत्पन्न हुन सक्छ । सकेसम्म विवाद उत्पन्न नहोस् भन्नको लागि बैठकको क्रममा नै उद्यम तथा उद्यमीहरुको छनौटको आधारहरु तय गर्नुपर्छ । यसरी आधारहरु तय गरी उद्यम र उद्यमी छनौट गर्दा विवाद हुने सम्भावना कम हुन जान्छ । उद्यमी तथा उद्यम छनौटको लागि तपशिलका बुँदाहरुमा विचार पुऱ्याउन आवश्यक देखिन्छ ।

**उद्यमको छनौट**

- आयोजनाको ऊर्जा (विद्युत शक्ति) क्षमताले धान्न सक्ने ।
- स्थानीय स्रोत र साधनको प्रयोग हुने ।
- स्थानीयस्तरमा रोजगारी सृजना हुन सकने ।
- बजारको सम्भावना भएको ।
- धेरै प्रतिस्पर्धा गर्न नपर्ने ।
- सकेसम्म स्थानीय सिपमा आधरित ।

**उद्यमीको छनौट**

- खराव आचरण नभएको, असल, नैतिकवान
- उद्यम सम्बन्धि अनुभव भएको (जस्तैः डिजेल मिल संचालन गरिरहेका उद्यमी, परम्परागत सिप र ज्ञान भएका)
- आफ्नो पूँजी लगानी गर्न सक्ने र ऋणको परिचालन गर्न तयार
- उद्यम संचालन गर्न आवश्यक अन्य गुण भएको

### ३.४.६ सार्वजनिक सुनुवाइ

उद्यमी छनौट प्रक्रिया सम्पन्न भएपश्चात् स्थानीय आर्थिक विकास समितिले छनौटमा परेका उद्यम र उद्यमीहरुको निवेदन (अनुसुची ३०) मा उल्लेख भएको विवरण खुलाइ सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्दछ। उद्यमी छनौट प्रक्रियामा विवाद देखिएमा समितिले सार्वजनिक सुनुवाई कार्यक्रम राख्न आवश्यक हुन्छ। उक्त सार्वजनिक सुनुवाईको लागि कार्यक्रमको बारेमा प्रष्ट रुपमा लेखी सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्दछ। सार्वजनिक सुनुवाईमा उपस्थित उपभोक्ताहरुलाई उद्यम संचालनको लागि प्राप्त भएका मागहरुको बारेमा जानकारी गराउनु पर्दछ। यसले गर्दा सबै उपभोक्ताहरुलाई कसले कुन उद्यम संचालन गर्न खोजेको हो स्पष्ट हुन सजिलो गराउँछ। सार्वजनिक सुनुवाइ मार्फत **३.४.५** मा उल्लेख गरिएका आधारमा रही उद्यम तथा उद्यमीको छनौट गरिनेछ।

### ३.४.७ उद्यमी र स्थानीय आर्थिक विकास समिति/उपभोक्ता समितिबीच सम्झौता

व्यवसाय प्रवर्द्धनका लागि उपभोक्ता वा स्थानीय आर्थिक विकास समितिमा प्रस्तावको रुपमा निवेदन (अनुसुची ३०) पेश भएपश्चात् समितिले नै छनौट गर्नेछ। विद्युत खपतजन्य उद्योगको लागि विद्युतको उपलब्धता सुनिश्चितता गर्नुपर्नेछ। यदि व्यवसायीहरुले उद्यम तथा व्यवसाय राम्रोसँग संचालन गर्न सकेनन् भने सिधै त्यसको असर व्यक्तिलाई त हुन्छ नै तर आयोजनालाई पनि हुन जान्छ। साथै व्यवसायीले पनि आफ्नो व्यवसायलाई अगाडि बढाउन र नयाँ नयाँ कुराहरुको बारेमा जानकारी समेत राख्नको लागि र विद्युत महशुल समेत निर्धारणमा सहजता ल्याउनका लागि समितिसँग समन्वय हुनुपर्दछ। समिति तथा व्यवसायीहरु आ–आफ्नै ढंगबाट अगाडि बढ्दा आयोजना र उद्योग दुवैको दीर्घकालिन संचालनमा नकारात्मक असर पर्ने हुँदा व्यवसायी र समितिबीच समन्वय कायम राख्न सम्झौताको प्रावधान राखिएको छ। स्थानीय आर्थिक विकास समितिले उद्यमीलाई अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने भएकोले समिति र उद्यमी बीच सम्झौता गर्न आवश्यक हुन्छ साथै उपभोक्ता समितिले उद्यमीलाई विद्युत आपूर्ति गर्ने भएकोले त्यस सम्बन्धी अर्को सम्झौता गर्न आवश्यक हुन्छ। सो सम्झौताहरु केन्द्रले प्रदान गरेको ढाँचा अनुरुप हुनुपर्नेछ। सम्झौताहरुको नमुना क्रमशः अनुसूची ३३ र ३४ मा दिइएको छ।

### ३.४.८ व्यवसाय विकास सेवा प्रदायक छनौट तथा व्यवसायिक योजना तयारी

उद्यमीले व्यवसायिक योजना तयारीको लागि व्यवसाय विकास सेवा प्रदायकको छनौट गर्दछ। सेवा प्रदायकको छनौट गर्दा सम्भव भएसम्म स्थानीय स्तरमा रहेका सेवा प्रदायकलाई प्राथमिकता दिनु पर्दछ। यस्ता व्यवसाय विकास सेवा प्रदायक मार्फत व्यवसायिक योजना तयारी, उद्योग दर्ता सहजीकरण तथा अन्य विभिन्न सेवाहरु लिन सकिनेछ। व्यवसाय विकास सेवा प्रदायकले कस्तो उद्यम संचालन गर्ने हो सोही बमोजिमको व्यवसाय स्थापनाको लागि सहजीकरणको कार्य गर्दछ। व्यवसाय विकास सेवा प्रदायकको छनौट गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पहिचान गरेका सेवा प्रदायकहरुबाट गर्नुपर्दछ। यस्ता व्यवसायिक योजनाहरु केन्द्रले प्रदान गरेको ढाँचा अनुरुप हुनुपर्नेछ।

### ३.४.९ उद्योग दर्ता

उत्पादित विद्युतबाट संचालन हुने व्यवसायहरु सम्वन्धित` निकायमा अनिवार्य रुपमा दर्ता गराउनुपर्ने हुन्छ । यस्ता व्यवसायहरु सम्बन्धित जिल्लाको घरेलु उद्योग कार्यालय वा घरेलु उद्योग विकास समितिमा दर्ता गराउनु उपयुक्त हुनेछ । नेपाल सरकारको नियमानुसार घरेलु उद्योगमा स-साना उद्योगहरुलाई दर्ता गराउँदा भविष्यमा ती उद्योगहरुले सरकारद्वारा उपलब्ध हुने विभिन्न सेवा तथा सुविधाहरुबाट लाभान्वित हुने अवसर पाउँछन् । अफ्र कतिपय उद्योग - जस्तै सः मिल अनिवार्य रुपमा नै घरेलु उद्योग कार्यालयमा दर्ता गरी संचालन गर्नु पर्ने हुन सक्दछ । उद्योग दर्ताको लागि आवश्यकता अनुसार क्षेत्रीय केन्द्र, जिल्ला ऊर्जा तथा वातावरण इकाई र स्थानीय व्यवसाय विकास सेवा प्रदायकको समेत सहयोग लिनु पर्दछ ।

## कार्यान्वयन चरण (Implementation Phase)

दोस्रो चरणमा मुख्यतया व्यवसायिक योजना स्विकृत भएपछि व्यवसाय संचालनको लागि अनुदान निकासा हुन्छ । व्यवसाय विकास सेवा प्रदायकबाट उद्योग स्थापनाको लागि सहयोग लिने काम हुन्छ । साथै उद्यमीले आफ्नो लगानीबाट नपुगेको रकमको लागि ऋणको परिचालन गर्ने तथा उद्यम स्थापनाको लागि भएका गतिविधिहरुको सार्वजनिक लेखापरिक्षण गर्ने जस्ता कार्यहरु यस चरण अन्तर्गत पर्दछन् ।

### ३.४.१० क्षमता अभिबृद्धि तथा सिप विकास

उद्यमीले उद्यमको पहिचान गरी सम्बन्धित निकायमा समेत दर्ता गरिसकेपछि त्यस्ता उद्यमीको क्षमता अभिबृद्धि सम्बन्धी तालिमहरु संचालन गर्नु पर्दछ । विभिन्न प्रकारका उद्यम संचालन गर्ने प्रतिबद्धता जाहेर गरेका उद्यमीहरुलाई सम्बन्धित विषयमा दखल बनाएपछि मात्रै उद्यमीले राम्ररी व्यवसाय संचालन गर्न सक्दछन् । सम्बन्धित विषयमा दखल बनाउन पहिचान गरिएका व्यवसाय सेवा प्रदायक संस्थाहरुद्वारा आवश्यक सिप विकास सम्बन्धी तालिमहरु संचालन गर्नुपर्दछ । उद्यमीले स्थानीय स्रोतको परिचालन गरी उद्योग संचालन गर्न सक्ने भएकोले सम्भव भएसम्म स्थानीय स्तरमै र आवश्यकता अनुसार क्षेत्रीय वा राष्ट्रिय स्तरमा पनि सिप विकास सम्बन्धी तालिमहरु संचालन गरिनेछ ।

### ३.४.११ व्यवसायिक योजना स्विकृत तथा अनुदान निकासा

स्थानीय स्तरमा तयार भई आएका विभिन्न व्यवसायिक योजनाहरुको समिक्षा क्षेत्रीय सेवा केन्द्रमा गरिनेछ । व्यवसायिक योजनाको समिक्षा गर्दा मुख्यतया संचालन गरिने उद्यमबाट लघु जलविद्युत आयोजना र उद्यमीलाई त्यसले फाइदा पुऱ्याउँछ वा पुऱ्याउँदैन सो कुराको पहिचान गरिनेछ । साथै स्थापना हुने उद्यमबाट स्थानीयस्तरमा के लाभ प्राप्त हुन्छ सोको विश्लेषण गरिनेछ । स्थानीय आर्थिक विकास समितिले पेश गर्नुपर्ने सम्पूर्ण कागजपत्रहरु क्षेत्रीय सेवा केन्द्रमा प्राप्त भएपछि सम्पूर्ण कागजपत्रहरुको अध्ययन गरी सम्बन्धित जिल्ला ऊर्जा तथा वातावरण शाखा/इकाईमा अनुदान स्वीकृतिको लागि सिफारिश गरिनेछ । क्षेत्रीय सेवा केन्द्रले पेश गरेका कागजपत्रहरुको सम्बन्धित जिल्ला विकास समितिले उद्योगको प्रकार हेरी लघु उद्यमका लागि कागजात स्वीकृत गरी जिल्ला ऊर्जा कोष वा लघु उद्यम विकास कोषमा अनुदान उपलब्ध गराउनको लागि सिफारिश गर्दछ । साना तथा मझौला उद्योगको हकमा भने जिल्ला विकास समितिले सिफारिस सहित उद्यमीको व्यवसायिक योजना लगायतका सम्पूर्ण कागजपत्रहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पठाउनेछ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सम्पूर्ण प्रक्रियाहरु पूरा भएको अवस्थामा केन्द्रिय नवीकरणीय ऊर्जा कोषमा अनुदान स्वीकृतिका लागि सिफारिश गर्नेछ । अनुदान निकासाको लागि सम्पूर्ण प्रक्रियाहरु पूरा भएको सुनिश्चित भएमा केन्द्रिय नवीकरणीय ऊर्जा कोषले लघु उद्यमको हकमा जिल्ला ऊर्जा कोष वा लघु उद्यम विकास कोषमा अनुदान रकम निकासा गर्नेछ । जिल्ला विकास समितिले आवश्यक अध्ययन एवम् मूल्यांकन गरी नियमानुसारको अनुदान रकम स्थानीय आर्थिक विकास

समितिको खातामा निकासा गर्नेछ । स्थानीय आर्थिक विकास समितिको खातामा अनुदान रकम निकासा भएपछि मात्रै कोष संचालन निर्देशिका अनुरुप स्थानीय आर्थिक विकास समितिले सम्बन्धित उद्यमीहरुलाई अनुदान निकासा गर्नेछ । केन्द्रिय नवीकरणीय ऊर्जा कोषमा व्यवसायिक प्रयोजनको लागि पेश गर्नु पर्ने अनुदान माग फाराम अनुसूची ३५ मा दिइएको छ ।

### ३.४.१२ अनुदान तथा कर्जा परिचालन

विद्युतको उत्पादनमूलक प्रयोगको लागि विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति र परिचालन कार्यविधि अनुसार निश्चित अनुदान उपलब्ध हुनेछ । अधिकतम उपभोक्तालाई लाभान्वित गराउदै यसको दिर्घकालिन व्यवस्थापन गर्नका लागी स्थानीय आर्थिक विकास समिति मार्फत् यस्ता अनुदानको परिचालन, अनुगमन तथा मुल्याङ्कन गरि प्रतिवेदन केन्द्रमा पेश गरिनेछ । त्यसैगरी आयमूलक क्रियाकलाप संचालनको लागि प्राप्त हुन सक्ने अतिरिक्त आर्थिक सहयोगको पनि सोही अनुसार परिचालन गर्नुपर्दछ ।

उपभोक्ता समिति वा स्थानीय आर्थिक विकास समितिले उत्पादनमूलक ऊर्जा प्रयोग अनुदान र आयमूलक कार्यक्रम सहायताका लागी छनौट भई सम्झौता सम्पन्न भएका आय आर्जन सम्वन्धि गतिविधि एवं उद्यमलाई प्राथमिकताक्रम अनुसार परिचालन गर्नुपर्दछ । उद्यमीसँगको सम्झौतामा स्थानीय आर्थिक विकास समितिका शर्तहरुका बारेमा प्रष्ट छलफल गरी निर्णयमा पुग्नुपर्दछ । उद्यमीले व्यवसाय विस्तार वा स्थापनाको लागि आवश्यक परेमा बैंक तथा बित्तिय संस्थाबाट कर्जा पनि लिन सक्दछन् सो कार्यका लागी स्थानिय आर्थिक विकास समितिले सहजीकरण गर्नेछ ।

### ३.४.१३ उद्योग स्थापना

उद्योगको स्थापना गर्नका लागी व्यवसाय विकास सेवा प्रदायकको छनौट सम्वन्धित उद्यमीले गर्नेछ । उद्योग स्थापना गर्न सेवा प्रदायकले आपूर्ति गर्ने सामग्री गुणस्तरको छ छैन जाँच गर्नको लागि क्षेत्रीय सेवा केन्द्र वा जिल्ला ऊर्जा तथा वातावरण शाखा/इकाईका प्रतिनिधिहरुलाई सामग्री आपूर्ति गर्ने समयमा समावेश गराउँदा उद्यमीलाई अझ सहज हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाले उद्योग जडानको सामग्री आपुर्ति गरी सो को जडान कार्य समेत गरीदिनु पर्ने हुन्छ । उद्योग जडानको क्रममा उद्यमी स्वयम्लाई समेत समावेश गरी सामान्य मर्मत सम्भारको तालिम व्यवसाय विकास सेवा प्रदायकले दिनुपर्ने हुन्छ । साथै जडानकर्ता कम्पनीले बिक्री पछिको सेवाको सुनिश्चितता गर्नुपर्ने हुन्छ । उद्योगको स्थापना पश्चात् सो को जानकारी राख्न तथ्याङ्क तथा विवरण संकलन गर्न जरुरी हुन्छ । लघु तथा साना जलविद्युत आयोजनाहरुको विद्युतबाट सञ्चालित उद्योगहरुको अनुगमन फारम अनुसूची-३६ मा दिइएको छ ।


### ३.४.१४ सार्वजनिक लेखापरिक्षण

स्थानीय आर्थिक विकास समितिले अनिवार्य रुपमा सार्वजनिक लेखापरिक्षण गराउन आवश्यक हुन्छ । सार्वजनिक लेखापरिक्षणले उपभोक्ताहरुमा रहेका आशंकाहरु हट्नुका साथै समिति माथिको विश्वास पनि कायम राख्नेछ । स्थानीय आर्थिक विकास समितिले सार्वजनिक लेखापरिक्षण गराउँदा निम्न प्रक्रियाहरु अपनाउनु पर्ने हुन्छ ।

- हिसाव किताव पारदर्शी र दुरुस्त रुपमा राख्ने ।
- समितिको बैठकमा हिसाब किताबको बारेमा छलफल गर्ने ।
- वर्षको एक पटक लेखापरिक्षण गर्न लगाउने ।
- लेखापरिक्षण पश्चात् उक्त लेखापरिक्षणको प्रतिवेदन सार्वजनिक स्थलमा टाँस्ने ।
- आम भेलामा (ल.ज.वि.उपभोक्ता) लेखापरिक्षण माथि छलफल गर्न लगाई केही सुझाव प्राप्त भएमा सोही अनुसार लेखा प्रणालीमा सुधार गर्दै लैजाने ।

- आम भेलाबाट लेखापरिक्षण प्रतिवेदनलाई अनुमोदन गर्न लगाउने ।

**स्थानीय स्तरमा व्यवसाय तथा उद्यम पहिचानका आधारहरु:**




***चार्ट १२: ऊर्जाको उत्पादनमूलक प्रयोगको लागि उद्यम व्यवसाय विकास मोडेल***

## संस्थागत सुदृढिकरण चरण (Institutional Strengthening Phase)

ग्रामीण क्षेत्रमा स्थापना भएका लघु तथा साना व्यवसायहरु संचालनमा आएर मात्रै हुँदैन, तिनीहरुको समय सापेक्ष स्तरोन्नति पनि हुन आवश्यक छ । स्थानीय स्तरमा संचालनमा रहेका त्यस्ता उद्यमहरुको दिगो विकासको लागि विभिन्न उपायहरुको अवलम्बन गर्नुपर्ने हुन्छ । त्यसका लागि उद्यमको अनुगमन, मूल्याङ्कन तथा स्तरोन्नति गर्ने, उद्यमीको हकहितको लागि वकालत गर्ने, उत्पादित वस्तु तथा सेवाहरुको वजार व्यवस्थापनका लागि समन्वय तथा सुचनाको प्रवाह गर्न उद्यमी संघको स्थापना गरिएमा उद्योगहरु दिगो रुपमा संचालित हुन मद्दत पुग्न जान्छ ।

### ३.४.१५ उत्पादनमूलक ऊर्जा उद्यमी संघ गठन

स्थापना भएका उद्यमहरुको हकहितलाई ध्यानमा राखी उद्यमीहरुको समूह गठन गर्न आवश्यक हुन्छ । यस्ता समूहमा विशेषगरी ऊर्जाको प्रत्यक्ष प्रयोग गरी उद्यम संचालन गरिरहेका उद्यमीहरुलाई समावेश गर्न सकिनेछ । स्थानीय स्तरमा नवीकरणीय ऊर्जाको उपभोग गरी व्यवसाय संचालन गरिरहेका उद्यमीहरुलाई समेटेर जिल्लास्तरीय उद्यमी संघको निर्माण गर्न

सकिनेछ । अथवा जिल्लास्तरीय लघु उद्यमी संघमा स्थानीय रुपमा नवीकरणीय ऊर्जाको उपभोग गरी व्यवसाय संचालन गरेर बसेका उद्यमीहरु समावेश गराउन सकिनेछ । यसरी जिल्ला उद्यमी संघको स्थापना गर्न सकिएमा जिल्ला उद्यमी संघ नै एउटा व्यवसाय विकास सेवा प्रदायक संस्थाको रुपमा विकसित हुन सक्नेछ । जसले उद्यमीहरुलाई व्यवसायिक योजना निर्माण, योजना छनौट, तालिम संचालन, उद्योग दर्ता, ऋण परिचालन लगायतका कार्यहरुमा सहजीकरण गर्न सक्नेछ ।

### ३.४.१६ उद्यम/व्यवसायको बीमा

लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युतको प्रयोग गरी वा विद्युतको प्रयोग नगरी संचालन गरिएको लघु तथा साना व्यवसायमा दैवी प्रकोप वा अन्य कारणहरुले क्षति पुग्न सक्ने हुँदा जोखिम रहिरहन्छ । उद्यमीले संचालन गरेको उद्यममा दुर्घटना भएमा उद्यमी आर्थिक रुपमा टाट पल्टिने सम्भावना भएकोले उद्यमीहरुलाई दुर्घटना बीमा गराउनको लागि सदैव उत्प्रेरित गराउनु पर्दछ । बीमा गरिएको उद्यमलाई मात्रै उत्पादनमूलक ऊर्जा प्रयोगको अनुदान परिचालन गर्ने तथा वित्तिय संस्थाको ऋण परिचालन गर्ने प्रावधानको विकास गरिएको अवस्थामा उद्यमी तथा वित्तिय संस्थाको लगानी डुब्ने खतरा कम हुन्छ । यसले व्यवसायको कर्जा सुरक्षणलाई समेत मद्दत गर्दछ ।

### ३.४.१७ उद्यम व्यवस्थापन तथा स्तरोन्नति

स्थापित उद्योगहरुमा अनुदान, कर्जा र स्वःपूँजीको परिचालन भएको हुन्छ । विभिन्न स्रोतहरुको समुचित प्रयोगबाट संचालन हुने यस्ता व्यवसायहरुको व्यवस्थापनमा ध्यान दिन अति जरुरी हुन्छ । विद्युत महशुल दरको समय समयमा पुनरावलोकन हुने भएकोले व्यवसायी, स्थानीय आर्थिक विकास समिति र उपभोक्ता समितिको नियमित बैठकमा यस्ता कुराहरुको छलफल हुनु पर्दछ । उत्पादनमूलक ऊर्जाको प्रयोगबाट संचालन हुने व्यवसायको निरन्तरता ऊर्जा आपुर्तिमा भर पर्दछ । त्यसैले उत्पादनमूलक ऊर्जा प्रयोग गरी संचालन हुने व्यवसाय संचालन गर्दा प्रणाली/आयोजनाको क्षमता तथा त्यसको दिगोपनालाई ध्यान दिनु पर्दछ । व्यवसायीले आफ्नो व्यवसाय संचालन गर्दा आम्दानी खर्चको बारेमा स्पष्ट लेखा राख्न जरुरी हुन्छ । यसमा आयोजनाका व्यवस्थापक वा क्षेत्रीय सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायकको सहयोग लिन सकिन्छ । स्पष्ट लेखा राखेको र राम्रो व्यवस्थापन भएको व्यवसायहरुमा बैंक तथा वित्तिय संस्थाहरुले पनि उचित लगानी गर्ने भएकोले भविष्यमा विस्तार र स्तरोन्नति गर्न सहयोग पुग्दछ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले त्यस्ता उद्योगहरुको क्षमता अभिबृद्धि तथा स्तरोन्नतिका लागि समेत सहजीकरण गर्न मद्दत गर्नेछ ।

### ३.४.१८ स्थानीय आर्थिक विकास समितिको व्यवस्थापन

उत्पादनमूलक ऊर्जा प्रयोगबाट संचालन हुने व्यवसायहरु स्थानीय आर्थिक विकास समितिको व्यवस्थापन तथा समन्वयमा संचालन हुने गर्दछन् । स्थानीय आर्थिक विकास समितिको व्यवस्थापन आफैंमा एक महत्वपूर्ण काम हो । कार्यक्रमको तर्फबाट प्राप्त हुने अनुदान यही समिति मार्फत् परिचालन हुने भएकोले यसको लेखा प्रष्ट रुपमा राखिएको हुनु पर्दछ । स्थानीय आर्थिक विकास समितिले व्यवसाय स्थापना तथा स्तरोन्नतिमा सेवा प्रदान गरे बापत सम्बन्धित उद्यमीले स्थानीय आर्थिक विकास समितिलाई सेवा शुल्क बुझाउनु पर्दछ । यसरी जम्मा भएको रकम स्थानीय आर्थिक विकास समितिको प्रशासनिक तथा व्यवस्थापन कार्यमा खर्च गरिनेछ ।

### ३.४.१९ स्थानीय आर्थिक विकास समितिको रुपान्तरण

स्थानीय स्तरमा गठन भएको नवीकरणीय ऊर्जा उपभोक्ता समिति सहकारीमा रुपान्तरण भएको अवस्थामा स्थानीय आर्थिक विकास समितिलाई पनि त्यसै अन्तर्गत समाहित गर्नु पर्दछ । सहकारी भित्र रही स्थानीय आर्थिक विकास समितिले उद्यम व्यवसाय संचालन तथा व्यवस्थापनको कार्य हेर्नु पर्दछ । स्थानीय आवश्यकता अनुसार स्थानीय आर्थिक विकास

समितिलाई मात्रै पनि सहकारीमा रुपान्तरण गर्न पनि सकिन्छ । यस्तो अवस्थामा स्थानीय आर्थिक विकास समिति आर्थिक हिसाबले सबल हुनुका साथै समिति संचालन गर्नको लागि आवश्यक दक्ष जनशक्तिको विकास हुन्छ ।